# अध्याय एक (CHAPTER ONE)

## १. परिचय (Introduction )

### १.१ अध्ययनको पृष्ठभूमि (Background of the Study )

नेपाल कृषि प्रधान देश हो ६७ प्रतिशत जनसंख्या कृषि पेसामा संलग्न छन् । कृषि पेसामा पनि पुरुषको तुलनामा महिलाको बाहुल्यता बढी रहेको छ भने परम्परागत निर्वाहमुखी खेती प्रणालीको बाहुल्यता रहेको छ । देशका ५ वर्ष वा सो भन्दा माथिल्लो उमेरका कुल जनसंख्यामा ६५.९ प्रतिशत जनसंख्या साक्षर रहेको देखाइएको छ । पुरुषको साक्षरता दर ७५.१ प्रतिशत र महिलाको साक्षरता दर ५७.४ प्रतिशत रहेको छ । नेपालमा गरिवीको रेखामुनि रहेको जनसंख्या २३.८ प्रतिशत, देशको औसत आर्थिक वृद्धि दर ४ प्रतिशत, कुल गार्हस्थ वचत कुल गार्हस्थ उत्पादनको तुलनामा १०.१ प्रतिशत, वालमृत्युदर प्रतिहजार ५४ जना रहेको छ । तसर्थ देशको समग्र विकासको लागि सहकारी अभियानको अपरिहार्यता महसुस गरीएको छ (तेह्रौ योजना, २०७०) ।

सहकारी शब्द सह र कार्य गरी दुई शब्दहरूको समिश्रणबाट बनेको छ । जसको शाब्दिक अर्थ क्रमशः सँगै र काम हुन्छ । अर्थात सँगै मिलेर काम गर्नु हो । त्यसैले निश्चित सामाजिक र आर्थिक विकासको उद्देश्य प्राप्त गर्नका लागि समान आवश्यकता र क्षमता भएका व्यक्तिहरू एक आपसमा संगठित भई उत्पादन र सेवामुखी व्यवसाय संचालन गर्नु नै सहकारी हो । यो एक किसिमको सामाजिक र आर्थिक संगठन हो जुन केही निश्चित मूल्यहरूमा आधारीत हुन्छ । बास्तवमा सहकारीहरू स्वैच्छिक, जनकेन्द्रित र स्वयमसेवी संगठनहरू हुन । यसको मुल उद्देश्य सामुहिकता द्वारा विना शोषण मानविय आवश्यकताहरू पुरा गर्नु हो । तर धरै जना मिलेर काम गर्दैमा सबै कामलाई सहकारी भने भन्न मिल्दैन । यसका लागि व्यक्तिहरूको समान अवधारणा र उद्देश्य हुन आवश्यक छ । यसको सदस्यता स्वैच्छिक हुन्छ बाध्यात्मक हुदैन । स्वामित्व सामुहिक हुन्छ । व्यक्तिगत हुदैन । अन्तर्राष्ट्रिय सहकारी महासघंले सन् १९९५ मा सहकारीलाई परिभाषा दिदै के भनेको छ भने व्यक्तिको स्वैच्छिक सहभागिताबाट आफ्ना समान आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता एवं आकांक्षाहरू परिपुर्ति गर्नका लागि सामुहिक स्वामित्व र

प्रजातान्त्रिक ढंगबाट नियन्त्रण स्वायत्त संगठन नै सहकारी हो । यसरी सामुहिक हितको लागि परस्परमा मिलेर गरीने प्रयास नै सहकारी हो । यस प्रयासमा हामी आपसमा आवद्ध भएर जुन संगठन वनाउछौ त्यो नै सहकारी संस्था हो । संस्था गठन गर्न एकजुट हुने, संस्थाका क्रियाकलापमा सहभागी बन्ने, आ–आफ्नो तर्फबाट क्षेमता अनुसार योगदान गर्ने र संस्थाको तर्फबाट उपलब्ध सेवा उपयोग गरी सवै जना लाभान्वित हुने प्रक्रियानै व्यवहारीक अर्थमा सहकारी हो (नेपाल, २०६८) ।

सहकारी संघ भनेको समान आर्थिक क्षेमता, इच्छा, आकांक्षा, मुल्य र मान्यता भएको सामान्यतया : कमजोर आर्थिक हैसियत भएका व्यक्ति, समूहहरूले एक आपसमा मिलि सामुहिक अभिवृद्धिको लागि सामुहिक रुपमा नै व्यावसाय वा उद्यम सञ्चालन गर्ने संस्था हो (कोइराला, २०६६) ।

आर्थिक उपार्जनको उद्देश्य राखी संगठिग सवै साधारणहरूको समूहलाई सहकारी भनिन्छ । यसको मूलमर्म सहकार्य हो । सबैका लागि एक र एकका लागि सबै भन्ने नारा सहकारी आन्दोलनको मूल नारा हो । यसमा सर्वसधारण मानिसले स्वेच्छाले आवद्ध हुने, सहकार्य गर्ने र लाभको भागिदार हुने गर्दछन । आर्थिक उपार्जनको उद्देश्य राखी गठन गरीएको सर्वसाधरणको स्वेच्छिक समूह सहकारी हो । विश्वमा मानव सभ्यताको विकास सँगै सहकारीको पनि विकास भएको मानिन्छ । तापनी आधिकारीक रुपमा सहकारीको जन्म सन् १८४४ मा वेलायतको रोजडेल भन्ने सहरमा २८ जना कपडा कारखानामा काम गर्ने मजदुरहरूबाट गठित Rochdal equiltable pioneer society बाट भएको पाइन्छ (के. सी., २०७०) ।

विश्वव्यापी सहकारी सात सिद्धान्तहरू :– पहिलो सिद्धान्त : स्वेच्छिक तथा खुला सदस्यता, दोस्रो सिद्धान्त : सदस्यहरू द्वारा प्रजातान्त्रिक नियन्त्रण, तेस्रो सिद्धान्त : सदस्यहरूको आर्थिक सहभागिता, चौथो सिद्धान्त : स्वयत्तता र स्वतन्त्रता, पाँचौ सिद्धान्त : शिक्षा तालिम र सूचना, छैटौं सिद्धान्त : सहकारी संस्थाहरूको सहयोग, सातौं सिद्धान्त : समुदाय प्रति चासो ( शाक्य, २०६६) ।

### *नेपालमा सहकारीको विकासक्रम*

नेपालमा सञ्चालन भइ रहेका परम्परागत सहकारी पद्धतिहरू मंकागुठी, मृत्यु संस्कार, पर्मा, ढिकुटी, धर्म भकारी आदि नेपाली समाजमा प्रचलनमा रही अझै ओकप्रिय छन् । वि.स. २००७ सालमा प्रजातन्त्रको स्थापना भएपछि सहकारीको माध्यमबाट आर्थिक विकास गर्नका लागि विभिन्न प्रयासहरूको थालनी भयो । वि.स.२०१० सालमा सहकारी विभागलाई योजना विकास तथा कृषि मन्त्रालय अर्न्तगत राखी संस्थागत रुपमा सहकारीताको विकासको सुरुवात भएको हो । वि. स. २०११ सालमा बाढि पीडित जनतालाई बसोबास मिलाउन बहुमुखी विकास योजना सुरु गर्दा सहकारीको महसुस गरीयो । यसैको फलस्वरुप वि.स. २०१३ चैत्र २० गते चितवन जिल्लाको शारदा नगरमा सर्वप्रथम वखान ऋण सहकारी संस्थाको स्थापना भयो । यसै वर्ष चितवनमा अमेरिकाको सहयोगमा सञ्चालित राष्ट्रिय विकास आयोजना अन्तर्गत १३ वटा ऋण सहकारी संस्थाको स्थापना भएको थियो । वि.स. २०१५ सालमा सहकारी विभाग ग्रामिण विकास बैकंको प्रशासनिक नियन्त्रणमा राखी सहकारी सम्बन्धी कार्यहरू अगाडि बढाएको थियो । वि.स. २०१६ सालमा सहकारी संस्था ऐन जारी भयो । वि.स. २०१८ सालमा गठित साझ लिमिटेडको प्रयासबाट सहकारीलाई कृषि क्षेत्रमा साथै गैरकृषि क्षेत्रमा समेत क्रियाशील बनाउन विभिन्न क्षेत्रमा संस्था प्रवर्द्धन गर्ने कार्यको थालनी भयो । फलस्वरुप साझायातयात सहकारी खरीद विक्री तथा ऋण संघको स्थापना भयो । त्यसै गरी सहकारी संस्थाको संचालन, कर्मचारी सदस्यहरूलाई सहकारी सम्बन्धि तालिम र प्रशिक्षण दिनका लागि वि.स.२०१९ सालमा सहकारी प्रशिक्षण केन्द्रको रुपमा परीणत भएको थियो । वि.स. २०२० सालमा सहकारी संस्थाहरूलाई सरल तरिकाबाट ऋण उपलब्ध गराउन सहकारी बैंक को स्थापना भयो जुन वि.स. २०२४ मा कृषि विकास बैंकमा परिणत भयो । वि.स.२०२५ सालमा सहकारी विभाग अन्तर्गत संचालित संस्थाहरूको प्रशासन भूमीसुधार मन्त्रालय अन्तर्गत रहे पनि सहकारी संस्थाहरूको प्रशासन भूमि विभागलाई सुम्पिदिइयो (सहकारी विभाग, २०७१) ।

वि.स.२०२६ सालमा सर्वप्रथम भक्तपुर जिल्लामा अनिवार्य वचत सहकारीको शेयरमा हस्तान्तरण गरी सहकारी संस्थाका सदस्यहरूबाट सञ्चालन गरीएको थियो । जहाँ सहकारी संस्थाहरूको पुनरगठन र एकिकरण गरी निर्दिष्ट सहकारी कार्यक्रम लागु गरीयो । वि.स. २०२७ सालमा सहकारी सुदृढीकारण कार्यक्रम अन्तर्गत सहकारी संस्थाको व्यवस्थापन कृषि

विकास बैंक लाई दिइयो । वि. स. २०३३ सालमा ग्रामिण विकासका लागि संस्थागत विकास गर्ने साझा कार्यक्रम लागु गरियो । वि. स. २०३५ सालमा सहकारी संघ संस्थाहरूको व्यवस्थापन कृषि विकास बैंकबाट संघ संस्था कै सञ्चालनमा समितिलाई जिम्मा दिइयो । वि. स. २०३७ सालमा साना किसान साझा संस्था गठन भयो । वि. स. २०४१ सालमा साझ संस्था ऐन जारी भयो । पुनः वि. स. २०४३ साझ संस्था नियमावली जारी भयो । वि. स. २०४८ सालमा साझा केन्द्रीय कार्यालय विघटन गरी राष्ट्रिय सहकारी विकास वोर्डको गठन भई सहकारी ऐन र सहकारी नियमावली जारी भयो । वि. स. २०५४ सालमा राष्ट्रिय सहकारी संघ अन्तर्राष्ट्रिय सहकारी संघ को सदस्य बन्न सफल भयो । वि. स. २०५७ सालमा कृषि मन्त्रालय कृषि तथा सहकारी मन्त्रालयमा परीणत भयो । वि. स. २०६० सालमा राष्ट्रिय सहकारी बैंक र सहकारीताको विकासको क्रममा वि. स. २०६९ साल जेठ ५ गते सहकारी विभाग अन्तर्गत सहकारी तथा गरिबी निवारण मन्त्रालय, बहुउद्देश्य केन्द्रीय सहकारी संघको गठन भइ सकेको छ । वि. स. २०७१ साल असार मसान्त सम्म विभिन्न किसिमका ३१,१७७ सहकारी संस्था र ३१० सहकारी संघको स्थापना भएका छन् । यसरी नेपालमा सहकारीको विकास क्रममा परम्परागत गुठी, धर्म भकारी, पर्म, ढिकुटी आदिबाट हालको अवस्थामा आइपुगेको छ (सहकारी विभाग, २०७१) ।

## १.२ समस्याको कथन (Statement of the Problem )

नेपालमा सहकारी विकासको पाँच दशक भन्दा बढी अवधिमा भए गरेका प्रयासहरूको बाबजुद सहकारी क्षेत्रको अपेक्षित विकास हुन सकेको छैन । ग्रामिण समुदायमा पिछडिएको गरिवी भूमिहीन मजदुरहरू र स्थानीय समुदायका जनताहरूको लागि उचित व्याजदरमा संस्थागत ऋण सुविधा, उत्पादनका नयाँ सुविधाहरू हुनसकेका छैन । नेपालको कृषि क्षेत्र नै राष्ट्रिय उत्पादनको मेरुदण्ड भएपनि द्वेध स्वामित्व रहेको छ । ग्रामिण किसानहरू पुरानै प्राविधिबाट कृषि कार्य गर्न बाध्य छन् । परम्परागत कृषि प्रणालीबाट वर्षभरी जीवन निर्वाह गर्न नसक्ने कारण साहूमहाजनबाट चर्को व्याजमा ऋण लिई परिवार धान्नु पर्ने बाध्यता रहेको छ भने अर्कोतिर साहूमहाजनका चर्को व्याज तिर्नका लागि युवाहरू विदेशतिर पलायनहुने अवस्था दिन प्रतिदिन बढ्दै गएको छ । यसरी विदेशिदा देशको दक्ष जनशक्तिहरू बाहिर हुने र देशमा वृद्ध र केटाकेटी मात्र रहदा कृषिको उन्नति गर्न सकिएको छैन । ग्रामिण समुदायको शिक्षाको कमि, वचत गर्ने वानी नहुनु जस्ता समस्याहरू विद्धमान रहेको छन् ।

ग्रमिण समुदायमा पिछडिएका गरिब, भूमिहिन, कृषि मजदुरहरु र स्थानिय समुदायका जनताहरुको लागि उचित व्याजदरमा संस्थागत ऋण सुविधा, उत्पादनका नयाँ सुविधाहरु उपलब्ध हुन सकेका छैन । नेपाल एक कृषि प्रधान देश हुनका साथै अधिकतम कृषि तथा ग्रामिण क्षेत्र भएको कारण कृषि तथा ग्रामिण क्षेत्रमा अशिक्षा, अज्ञानता, असमानता र रुढीवाढीगत संस्कारहरुले भ्केलिएको यथार्थ छ । ग्रामिण क्षेत्रका किसानहरु परम्परागत कृषि प्रणालीबाट कृषि कार्य गर्न बाध्य छन् । जसबाट उनीहरुलाई आफ्नो उत्पादनले वर्षभरी जीवन निर्वाहका लागि धान्न तथा न्यूनतम आवश्यकता पुरा गर्न नसकि साहू महाजनबाट चर्को ब्याजदरको ऋण लिई परीवार धान्नुपर्ने बाध्यताले विदेश तिर पलायन हुने प्रवृत्तिमा दिन प्रतिदिन वृद्धि भइरहेको छ । कृषिजन्य वस्तुहरुको उत्पादन र उत्पादित वस्तुहरुको विक्री वितरण जस्ता कार्यक्रम सहकारीका माध्यमबाट संचालन हुने गरेको पाइन्छ । तर पनि यस्ता सहकारीमा गरिब, भूमीहीन, किसान तथा उत्पीडित वर्गको संलग्नता न्यून हुने हुनाले यसको प्रभावकारी तरिकाबाट कार्यान्वयन हुन सकेको छैन ।

नेपाल सरकारले  नेपालको अर्थतन्त्रको विकासमा सरकारी, सहकारी र निजी क्षेत्रको महत्वपूर्ण भूमिकालाई स्वीकार गर्दै सहकारीलाई अर्थतन्त्रको एउटा खम्बाको रुपमा स्वीकार गरीएको छ । सहकारीको संख्यात्मक वृद्धि तीब्र छ । देशका ७५ वटै जिल्लामा सहकारीको सेवा पुऱ्याइएको छ तर अति विपन्न समुदायलाई सहकारीमा आवद्ध गरी आर्थिक सुधारमा प्रवेश गराउने कुरामा अझै समस्या छ । यस्ता विपन्न समुदायका मानिसहरुमा चेतनाका अभावका कारण चर्को ब्याजदरमा ऋण लिनुपर्ने बाध्यता, ऋण लिएर उत्पादनशील क्षेत्रमा खर्च गर्न नजान्नाले दिनप्रतिदिन आर्थिक अवस्था खस्कदै गएको अवस्था, शिक्षाको कमी, वचत गर्ने बानी नहुनु, नेतृत्वगर्न सक्ने आत्मविश्वसमा कमीहुनु जस्ता समस्याहरु अझ पनि विद्यमान सहेको पाइन्छ । यस्ता प्रकारका समुदायका मानिसहरूलाई सहकारीमा आवद्ध गराइ शिक्षामूलक, चेतनामूलक, सिपमूलक तालिम प्रदान गरि आवश्यक पुँजी व्यवस्थापन गर्न सकेको खण्डमा कृषिमा व्यवसायिकरण उद्यमशिलताको विकास भई समाजको सदस्यहरूको स्तरमा सकारात्मक परिवर्तन ल्याउन सहयोग पुग्नुको साथै समग्र राष्ट्रको गरिबी निवारण गर्न र आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

सहकारीमा महिलाहरु संलग्न भएता पनि विभिन्न क्षेत्रमा पछाडि परेको पाइन्छ । त्यसकारण लैङ्गिक असमानता ठूलो समस्याको रुपमा रहेको छ । नेपालमा सहकारीको संख्यात्मक वृद्धि

तिव्र भए पनि पिछडिएको र विपन्न वर्गलाई सहकारीमा आवद्ध गरी राष्ट्रिय मूलधारमा समावेश गराउन अझै सकिरहेको छैन । यस्ता कमजोर विपन्न वर्गका मानिसहरुमा चेतनाको अभावका कारण चर्को व्याजदरमा ऋण लिनुपर्ने बाध्यता ऋण लिएर उत्पादनशील क्षेत्रमा खर्च गर्न नजान्नाले दिनप्रतिदिन ऋणमा डुविरहनु, शिक्षाको कमी, वचत गर्ने बानीको अभाव हुनु, नेतृत्व गर्न नसक्नु, आत्मविश्वास कम हुनु, सामाजिक सम्मान नहुनु, स्वतन्त्रताको महसुस गर्न नसक्नु जस्ता समस्याहरु समाजमा विद्यमान रहेका छन् । यस्ता प्रकारका मानिसहरुलाई सहकारीमा आवद्ध गर्न सकेमा शिक्षामूलक, सिपमूलक, चेतनामूलक तालिम दिन सकेको खण्डमा यस्ता जीवनस्तरमा सुधार आउनुका साथै आर्थिक विकासमा टेवा पुग्ने देखिन्छ ।

## १.३ अध्ययनको उद्देश्यहरू (Objective of the Study )

यस अध्ययनको साधारण उद्देश्य सहकारी संस्थाले आर्थिक तथा पारिवारीक शैक्षिक क्षेत्रमा पारेको प्रभावको अबस्था अध्ययन गर्नु हुनेछ भने विशिष्ट उद्देश्य निम्न हुनेछ :

१. सहकारी संस्थाको वर्तमान अवस्थाको विश्लेषण गर्नु

२. सहकारी संस्थाले प्रवाह गरेको ऋणको क्षेत्रको पहिचान गर्नु

३. सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक र उनीहरूका बालबलिकाको शैक्षिक अबस्थाको विश्लेषण गर्नु

## १.४ अनुसन्धानात्मक प्रश्नहरू (Reserch Question )

यस अध्ययनमा निम्न लिखित प्रश्नहरूको उत्तर खोज्ने प्रयास गरिने छ :

१. सहकारी संस्थाले स्थानिय सदस्यहरूलाई प्रवाह गरेको ऋणको क्षेत्र र अवस्था कस्तो छ ?

२. सहकारी संस्थामा संलग्न सदस्यहरूले शिक्षा र तालिम पाएका छन् ?

३. सहकारी संस्थाका सदस्यहरूको वालवालिकाहरूको शैक्षिक अवस्था कस्तो छ र यसमा सहकारीको योगदान के छ ?

४. सहकारी संस्थाका सदस्यहरूलाई कृषिमा व्यावसायिकरण प्रति अभिप्रेरित गर्न के गर्नुपर्ला ?

५. सहकारी संस्थामा संलग्न भएका सदस्यहरूको समस्या के के छन् ?

## १.५ अध्ययनको महत्व (Significant of the Study )

आर्थिक विकासमा पछाडि परेका मुलुकका लागि सहकारी भरपर्दो सहारा हो । सहकारी संस्थाले ग्रामिण क्षेत्रमा जागरण ल्याउन, वित्तिय सेवा पुयाउन, वचत गर्ने बानिको विकास गराउन, रोजगारीको सृजना गर्न, कृषि क्षेत्रको आधुनिकिकरण गर्न, महिला सशक्तिकरण गर्न विभिन्न समुदाय र जातजातिलाई एउटै सूत्रमा आवद्ध गरी सामाजिक सहभागितामा वृद्धि गर्ने जस्ता कार्यमा उल्लेखनिय भूमिका देखिन्छ । सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नति, प्रगतिमा अगाडि बढाउने लक्ष्य बोकेर आएको विशुद्ध सामाजिक संस्था हो । देशभित्र छरिएर रहेको पुँजीलाई एकत्रित गरी मानिसमा भएको क्षेमतालाई पारस्परिक सहयोगका आधारमा समन्वय गरेर देश विकास गर्ने भरपर्दो र प्रभावकारी माध्यम नै सहकारी हो । सहकारी समुदायमा आधारित सेवामुखी व्यवसायिक स्वायत्तता प्राप्त संगठन भएकाले सहकारी संस्थामा आवद्ध व्यक्तिहरूले इमान्दारिता, आज्ञाकारिता, सामाजिक दायित्व, खुलापन, विश्वास आदि जस्ता नैतिक मूल्यमान्यतामा विश्वास राख्दछ । प्रत्येक व्यक्तिमा म को साटो हामी र हाम्रो लागि जस्ता कुराको विकास हुन्छ । ग्रामिण क्षेत्रमा वचत तथा ऋणको माध्यमबाट आमजनता, किसानहरूको आर्थिक अवस्थामा सुधार ल्याइ वित्तिय कारोबार तथा बैंक सम्मको पहुँचमा वृद्धि गरेको छ (सहकारी विकास वोर्ड, २०६७) ।

नेपालको पहाडी भूगोलमा अवस्थित रामेछाप जिल्लाको पनि विकट गोठगाउँ गा.वि.स. मा आर्थिक हिसाबले पिछडिएको दलित, आदिवासी जनजातिको वाहुल्यता रहेको छ । यहाँ सहकारी मार्फत म को सट्टा हामीहरू र मेरो सट्टा हाम्रो लागि आर्थिक र सामाजिक उद्यम गरौ भन्ने भावनाको विकास गरेस जीवनस्तर उठाउन सकिन्छ । यस अध्ययनमा गोठगाउँ गा. वि.स.मा सहकारी संस्थाले आर्थिक तथा पारिवारीक शैक्षिक क्षेत्रमा पारेको प्रभावको अबस्था अध्ययन गरी सहकारी संस्थाको वर्तमान अवस्था, सहकारी संस्थाले प्रवाह गरेको ऋणको क्षेत्र, सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक र उनीहरूका बालबलिकाको शैक्षिक अबस्थाको अध्ययन गर्ने प्रयास गरीएको छ । रामेछाप जिल्ला गोठगाउँ गा.वि.स. मा रहेको गोठपानी वचत तथा ऋण सहकारी संस्थाले नियमित रुपमा वचत गरी सदस्यहरु आर्थिक र शैक्षिक अवस्थामा सुधार ल्याउनको लागि जनतालाई सरल व्याजदरमा ऋण प्रदान गरीरहेको छ । यस अध्ययनबाट उक्त संस्थाले स्थानिय जनतालाई

प्रवाह गरेको ऋणको अवस्था पत्ता लगाउन समेत उपयोगि हुनेछ । यसका साथै यस अध्यनको निष्कर्ष तथा सुझावले नेपालको अन्य गा.वि.स. तथा रामेछाप जिल्लाकै अन्य गा.वि.स.का सहकारी संस्थामा आबद्ध गराउनका लागि समेत महत्वपूर्ण योगदान पुऱ्याउने आशा गर्न सकिन्छ । गोठपानी वचत तथा ऋण सहकारी संस्थाले स्थानिय कृषकहरूको आर्थिक तथा शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न कार्यक्रम कसरी सञ्चालन गरीएको छ ? छरीएर रहेको रकमलाई कसरी वचतमा प्रोत्साहन गरी पुँजी निर्माण टेवा पुयाएको छ ? जसबाट के उपलब्धी हासिल भएको छ र समस्याहरु के के रहेका छन् ? भन्ने कुराको अध्ययन गर्नाले सहकारी संस्थाहरूमा आफूमा भएको कमि कमजोरी सुधार गर्न र परिमार्जन हुदै अगाडी बढ्न सहयोग हुनेछ । साथै समुदायहरुको सामाजिक, आर्थिक र शैक्षिक पक्षमा भएका सकारात्मक सुधारहरुले सहकारीको पँहुच नपुगेका ठाउँमा सहकारी कार्यक्रम सञ्चालन गर्न, सहकारी संस्थामा आवद्ध भए नभएका समुदायको लागि सहकारी ज्ञानको विस्तार गर्न, सहकारी सम्बन्धि थप अध्ययन अनुसन्धान गर्न सहयोग मिल्नेछ । यसका साथै यस अध्ययनले भविश्यमा यस विषयसँग सम्वन्धित रहेर अध्ययन गर्न चाहनेहरुका लागि मार्गदर्शन पनि प्रदान गर्ने छ ।

यस अध्ययनको महत्वलाई वुँदागत रुपमा निम्न अनुसार उल्लेख गरीन्छ :

१. सहकारी संस्थाको वचतमा प्रोत्साहन गर्न सहयोग पुग्नेछ ।
२. सहकारी संस्थाले उत्पादन मुलक क्षेत्रमा ऋण लगानी गरी कृषिमा व्यावसायिकरण र घरेलु उद्योगको विकासमा टेवा पुग्ने छ ।
३. वालवचत र शिक्षामा लगानी वृद्धि गरी वालवालीकाको शिक्षा र स्वास्थ्यमा सुधार गर्न सहयोग पुग्नेछ ।
४. सहकारी संस्थाको समस्या पत्ता लगाइ ती समस्याहरू समाधानका लागि सुझाव दिइनेछ

## १.६ अध्ययनका सिमाहरू (Limitation of the Study)

अनुसन्धान एक महत्वपूर्ण र जटिल कार्य हो । यस अध्ययनलाई प्रभावकारी, यथार्थपरक, औचित्यपूर्ण र उपयोगी बनाउन तथा समय र अर्थ लगायतका सीमितताको कारण निश्चित सीमा भित्र बाधिएको छ । यस अध्ययनका निम्न सिमाहरू छन् :

१. यस अध्ययनमा रामेछाप जिल्लाको गोठगाउँ गा.वि.स. लाई मात्र लिइनेछ ।

२. यस अध्ययनमा रामेछाप जिल्लाको गोठगाउँ गा.वि.स.मा रहेको गोठपानी वचत तथा ऋण सहकारी संस्था लि. लाई मात्र लिइनेछ ।

३. यस अध्ययनमा सहकारी संस्थामा रहेका सदस्यहरू र उनीहरूको घरपरीवारलाई मात्र समावेस गरीएको छ ।

४. यस अध्ययनमा प्रश्नावली र अन्तवार्ताको माध्यमबाट तथ्याङ्क संकलन गरीनेछ ।

५. यस अध्ययनका निष्कर्षलाई अन्य सहकारी संस्था तथा सम्पूर्ण देशको सन्दर्भमा सामान्यीकरण गर्न सकिने छैन ।

## १.७ अध्ययनको संगठन (Organization of the Study)

यस अध्ययनलाई ५ भागमा विभाजन गरीएको छ । पहिलो अध्ययनमा परिचय, पृष्ठभूमि समस्याको कथन, अध्ययनको उद्देश्य, अनुसन्धनात्मक प्रश्नहरू, अध्ययनको महत्व, अध्ययनको सीमा र अध्ययनको संगठन रहेको छ । अध्याय दुईमा सन्दर्भ साहित्यको पुनरावलोकन रहेको छ । अध्याय तीनमा अनुसन्धान विधि, तथ्याङ्क संकलनका स्रोतहरू, जनसंख्या र नमूना छनौट, तथ्याङ्क संकलनका तरिकाहरू र तथ्याङ्क विश्लेषण प्रकृया राखिएको छ । त्यसै गरी अध्याय चारमा रामेछाप जिल्लाको परीचय, अध्ययनको क्षेत्रको, सहकारीमा सम्लग्न स्थानीय बासिन्दाहरूको आर्थिक, शैक्षिक अवस्थालाई देखाइएको छ । अध्याय पाँच मा निष्कर्ष र सुझाव राखिएको छ ।

## १.८ मुख्य शब्दावलीको परिभाषा (Definitions of Key Terms)

सहकारी सदस्य – सहकारीको सदस्य भई नियमित रुपमा बचत गर्ने व्यक्ति

शेयर सदस्य – सहकारी संस्थाको कुल सम्पत्तिमा आफ्नो निश्चित प्रतिशत हिस्सा भएको व्यक्ति

आम्दानी - वस्तु तथा सेवा विक्री गरेवापत प्राप्त गरिएको रकम ।

खर्च - वस्तु तथा सेवा खरिद गर्दा भुक्तान गरिएको रकम ।

वचत - आम्दानी र खर्च बिचको अन्तर ।

साक्षर - आफ्नो नाम लेख्न र पढ्न सक्ने व्यक्ति ।

निरक्षर - आफ्नो नाम लेख्न र पढ्न नसक्ने व्यक्ति ।

जनसंख्या- अध्ययन क्षेत्रमा रहेको कूल जनसंख्या ।

अन्तर्वार्ता - दुई वा दुई भन्दा बढी व्यत्तिहरु बिच आमने सामने बसेर गरिने कुराकानी ।

# अध्याय दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन (Review of the Related Literature)

### २.१ सैद्धान्तिक अध्ययनको पुनरावलोकन (Review of Theoritical Literature)

यस अध्यायमा अनुसन्धानसँग सम्बन्धित विभिन्न किसिमका लेख, रचना, प्रतिवेदन, पुस्तक, जनरल, प्रकाशित, अप्रकाशित रचनाहरू आदी स्रोतको पुनरावलोकन गरिएको छ ।

राष्ट्रिय योजना आयोग, (२०६८) काअनुसार दीर्घकालिन योजनाको अभावमा सहकारी क्षेत्रको योजनावद्ध विकास हुन नसकेको अवस्था रहेको छ । सहकारी ऐन नियम तथा मापदण्डको समय सापेक्ष सुधार परिमार्जन हुन नसकेको कारणले नियमन तथा अनुगमन प्रभावकारी हुन सकेको छैन । अपर्याप्त दक्ष जनशक्ति, संगठनको संरचना, न्यून साधन स्रोतका कारण सहकारी भित्र समयानुकूल विकास विस्तार र प्रवर्द्धन हुन सकेको छैन । सहकारी संघसंस्थामा उद्यमशीलताको अभाव हुनका साथै व्यवसायिक नेतृत्व विकासका अभावले यसको विस्तारमा वृद्धि हुन नसको अवस्था छ । एकातर्फ सबै प्रारम्भिक संस्थाहरू सम्बन्धित संस्थामा आवद्ध भई नसकेका अर्कोतिर कमजोर आर्थिक अवस्था, सामाजिक अवस्था एवम् कमजोर व्यवसायिक क्षमताका कारण सहकारी संघहरूको प्रारम्भिक सहकार्यको प्रवर्द्धनमा प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन ।

राष्ट्रिय योजना आयोग, (२०६८) काअनुसार बाह्रौ त्रिवर्षिय योजना (२०६७/०६८-०६९/०७०) मा सहकारिताको माध्यमबाट जनताको श्रम, सीप, पूँजी तथा स्रोतलाई सामूहिक हितका लागि संगठित रूपमा परिचालित गरी आर्थिक सवृद्धि, सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारशिला तयार गर्ने उद्देश्य लिइएको थियो । साथै देशको समग्र आर्थिक विकासमा योगदान गर्न र पर्याप्त रोजगारी सिर्जना गर्नका लागि निजी क्षेत्र तथा समुदाय सहकारी क्षेत्रको साझेदारी, सहभागिता हुने अवसरको सिर्जना गर्ने र निजी तथा सामुदायिक सहकारी क्षेत्रको हित सुनिश्चित गर्दै साझेदारीहरूका बिचमा जोखिम प्रतिफलको उचित हिस्सा वितरण हुने व्यवस्था मिलाउने कार्यलाई जोड दिइएको छ ।

राष्ट्रिय योजना आयोग, (२०६८) काअनुसार समुदायमा छरिएर रहेका स्रोत र साधनलाई एकत्रित गरी राष्ट्रिय पूँजीमा वृद्धि गर्न तथा सदस्यहरूको आर्थिक, सामाजिक तथा

सांस्कृतिक रूपान्तरण गर्दै समानतामूलक समाजको निर्माणमा सहकारिताले सहयोग पुऱ्याउँछ । स्वरोजगार सिर्जना गर्दै मुलुकमा शान्ति कायम राख्नु एवम् विकास निर्माणमा सहकारी पद्धति अनिवार्य भएको कुरा सरकारका विगतका नीति तथा कार्यक्रमहरू मार्फत उदृत हुँदै आएको छ । हालसम्ममा २९ हजार सहकारी संस्थामा प्रत्यक्ष रूपले ४० लाख जति व्यक्तिहरू सहकारीमा आवद्ध भएको, ३५ हजार व्यक्तिले प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारी पाएको विश्वास गरिएको छ । मुलुकमा उत्पादन वित्तिय तथा सहकारीको माध्यमबाट ग्रामिण क्षेत्रमा समेत वित्तिय परिचालन भई वैंकसम्म पहुँच नभएका संस्थाहरू खासगरी महिला सहकारी संस्थाहरू सहायक सिद्ध भएका छन् ।

कृषि विकास वैक, (२०५४) काअनुसार सहकारी संस्थाको दर्ता तथा कार्य संचालनलाई व्यवस्थित बनाउन तत्कालिन श्री ५ को सरकारबाट वि.स. २०१३ सालमा कार्यकारी आदेश जारी भई अस्थायी कानुनको व्यवस्था गरियो । यसै बमोजिम पहिलो ऋण सहकारी संस्था चितवन जिल्लामा राप्ती दुन बहुमुखी विकास योजना अन्तर्गत वि.स. २०१३ सालमा गठन भई सहकारी आन्दोलनको सूत्रपात्र गरियो । यस ऋण सहकारी संस्थाको सफलताले पुऱ्याएको योगदानबाट प्रोत्साहित भई सहकारीको कार्यप्रकृति ऋण लगानी कारोबारमा मात्र सीमित नराखी बहुमुखी प्रकृतिमा भएको पाइन्छ । पहिलो योजनाको अन्त्यमा सहकारी संघ संस्थाको संख्या ३७८ पुगेको थियो ।

सहकारी विकास बोर्ड, (२०६६) काअनुसार दशौं योजना (२०५९/०६०-०६३/६४) सहकारी तथा निजी क्षेत्रको समेत सहभागितामा कृषिजन्य वस्तुहरूमा आधारित उद्योग एवम् व्यवसायको प्रवर्द्धन गर्दै आन्तरिक बजार विकासको साथसाथै निर्यात प्रवर्द्धन गर्ने उद्देश्य लिएको थियो । त्यसै गरी ११ औं त्रिवर्षिय योजना (२०६४/६५-०६६/६७) मा सहकारी मार्फत गरिबी निवारण नै मुख्य योजनाको रूपमा लिइएका छन् । गाउँ गाउँमा सहकारी घरघरमा रोजगारी भन्ने मूल नारा दिइएको थियो । यसरी पहिलो प्राथमिकता र दोस्रो प्राथमिकता समूहलाई सहकारीकरण गर्ने, सरलीकरण गर्ने, पिछडिएको महिला, दलित तथा आदिवासीको उत्थान गर्ने गरी गरिबी निवारणलाई कार्यक्रमलाई नै प्राथमिकतामा जोड दिइएको छ ।

ADB, (1998) काअनुसार ऋण प्राप्त गर्नुपर्ने साना किसान विकास कार्यक्रमको प्रथम विन्दु जसबाट सहकारी कार्यक्रमले साना किसान विकास परियोजनामा विभिन्न सामाजिक तथा

सामुदायिक सेवाहरू जुटाउने मञ्चको रूपमा कार्य गरेको छ । यसका साथै कार्यक्रमहरूमा साक्षरता, परिवारनियोजन, शिशु स्याहार, महिला विकास कार्यक्रमलाई समेटेको छ । यस परियोजनाले वृक्षारोपण, सिचाई सामुदायिक भवन आदि मार्फत सामुदायिक सम्पत्तिको सिर्जना पनि भइरहेको छ ।

कृषि विकास वैक, (२०५६) काअनुसार सानै उमेरदेखि विभिन्न कलकारखानमा श्रमिकको रूपमा काम गरेका रोवर्ट लाई श्रमिकहरूले भोग्नुपर्ने निकट परिस्थिति बारे राम्रो ज्ञान थियो जसको कारणले उपभोक्ता सहकारीको विकास भयो । छिमेकी राष्ट्र भारतमा सहकारीको आधुनिक आन्दोलन सन् १९०४ को सहकारी ऐन लागू भएपछि सुरू भएको मान्न सकिन्छ भने चीनमा आधुनिक सहकारी सन् १९१२ मा सुरू भएको मानिन्छ ।

बास्कोटा, (२०५६) काअनुसार छिमेकी राष्ट्र भारतमा सहकारीको आधुनिक आन्दोलन सन् १९०४ को सहकारी ऐन लागू भएपछि सुरू भएको मान्न सकिन्छ भने चीनमा आधुनिक कृषि सहकारी सन् १९१२ मा सुरू भएको मानिन्छ । यसबेला चीन कृषि प्रधान देश थियो । पर्याप्त स्रोत साधनको सम्भावना भए पनि त्यसलाई कृषि वा उद्योगमा प्रयोग गर्न सकिएको थिएन् । देश गरिबीको कुचक्रमा फ्रेलिएको थियो । चीनको संविधानको प्रयोग गर्न सकिएको थिएन । चीनको संविधानको धारा ३४ मा अन्य कुराको साथसाथै सहकारीताको सन्दर्भमा र पारस्पारिक मुनाफाको सहयोगको सिद्धान्त अनुसार सरकारले श्रमको विभिन्न स्वरूपहरू पारस्पारिक सहयोग संगठित गर्न कृषकहरूको कदमलाई मार्गदर्शन गर्ने छ र ग्रामिण सुधारको प्रत्येक कदमहरू कृषि उत्पादन विकास पुर्नजीवित गर्दै जोडिनु पर्छ र यही आधारमा चीनको सहकारी अगाडि बढेको छ ।

कृषि विकास वैक, (२०५४) काअनुसार दोस्रो त्रिवर्षिय योजना २०१९/०२०-२०२१/२२ मा सहकारी प्रशिक्षण केन्द्रको स्थापना गरी सहकारीका समस्याहरू संचालक कार्यकारीहरू तथा सहकारी विभाग अन्तर्गत कार्यरत सहकारीको कर्मचारीका समस्याहरू, कर्मचारीहरूलाई तालिम प्रदान गर्ने काममा यो केन्द्रले सहयोग पुऱ्याएको छ । तेस्रो पञ्चवर्षिय योजना २०२२/२३-२०२६/२७ सहकारी संघको प्रवर्द्धन संगठन रेखदेख गर्ने व्यवस्था आर्थिक वर्ष २०५४/०५५ मा गरियो जसमा सहकारी विभागको काम लेखाजोखा, परीक्षण, कानुनी कारवाही तथा तालिममा सिमित गरियो । सहकारी वैंकलाई कृषिविकास वैंकमा परिणत गरियो । यो योजनमा खुलेका संस्थामध्ये करिव ७२ वटा निर्दिष्ट संस्था कायम रहे ।

कृषि विकास वैक, (२०५४) काअनुसार चौथो पञ्चवर्षिय योजना २०२७/२८-२०३१/०३२ सहकारी संस्थालाई सुदृढिकरण गरी निर्दिष्ट रूपमा संचालन गर्ने कार्यक्रम अन्तर्गत केही संस्थाको व्यवस्थापनमा ऋण दिने, सहकारी संस्था र कृषि विकास वैंकले गर्ने व्यवस्था हो । पाँचौ पञ्चवर्षिय योजनामा (०३२/०३२-०३६/३७) ग्रामिण विकासको लागि संस्थागत व्यवस्थापनबाट ग्रामिण ससाना किसान तथा व्यवसायीहरूलाई ग्रामिण स्तरमा नै ऋण सुविधा र कृषि सामग्रीका वेचविखन गर्न, उन्नत खेती प्रणालीको माध्यमबाट कृषकहरूको आयवृद्धि गर्न, गाउँमा वैकिङ्ग सुविधा उपलब्ध गराउन, साभ्का संस्थाहरूलाई प्राथमिकता दिई तत्कालिन गाउँ पञ्चायतमा एउटा वहुमुखी साभ्का संस्था खोलियो । छैटौं योजना (०३६/०३७-०४१/०४२) मा साना किसान भूमिहीनहरूको लागि छुट्टाछुट्टै संस्था सञ्चालन गर्ने नीतिअनुसार तराईका २ जिल्लामा ३२ संस्थाहरू खोलियो । सहकारी संस्था ऐन २०१६ खारेजी र वि.स. २०४१ सालमा साभ्का संस्था ऐन २०४१ को व्यवस्था भयो । जसले राष्ट्रिय स्तरमा संघ हुने व्यवस्था गरेको र सहकारी विभागको महानिर्देशकलाई अभ्क बढी अधिकार दिइएको पाइन्छ । सातौं योजना (०४२/०४३-०४६/०४७) मा नयाँ साभ्का संस्थाकहरू नियमहरू प्रकाशनमा आए । यस अवधिमा प्रत्येक जिल्लाको प्रत्येक इलाकामा एउटा कृषि बहुमुखी साभ्का संस्था खोल्ने नीति बन्यो । सो अुनसार पहाडी र हिमाली जिल्लाहरूमा थप संस्थाहरू खोलियो । आठौ योजना (०४९/०५०–०५३/०५४) मा सहकारी शिक्षा तालिम तथा भूमिगत पूर्वाधार सुदृढीकरण र भौतिक पूर्वाधार विकासका लागि सहकारी क्षेत्रमा सहकारी स्तरबाट संचालन हुने कार्यक्रहरू अगाडि ल्याइयो ।

राष्ट्रिय योजना आयोग, (२०६९) काअनुसार बाह्रौ योजना (२०६७/०६८) मा सहकारीको माध्यमबाट आम जनताको श्रमसिप पुँजी तथा स्रोतलाई सामुहिकहितका लागि संगठित रूपमा परिचालित गरी आर्थिक सम्वृद्धि सामाजिक रूपान्तरण र समन्यायिक विकासको आधारसिला तयार गर्ने उद्देश्यले लिएको थियो । साथै देशको समग्र विकासमा योगदान गर्ने र प्रयाप्त मात्रामा रोजगारी सिर्जना गर्नको लागि नीजि क्षेत्र तथा समुदायका सहकारी क्षेत्रको साभ्केदारी हुने अवसरको सिर्जना र निजी तथा सामुदायिक क्षेत्रको हित सुनिश्चित गर्दै साभ्केदारीको विचमा जोखिन्म प्रतिफलको उचित हिस्सा वितरण हुने व्यवस्था कार्यलाई जोड दिएको छ ।

कृषि योजना, (२०५५) काअनुसार कास्की जिल्लामा भएको एक अध्ययन अनुसार कहुमलाम ठाउँमा संचालित साना किसान कार्यक्रम सम्बन्धी गरिएको अध्ययनलाई हेर्दा महिला घरधन्दा र रूढीवादी र सीमित अन्तरक्रियामा बाँधिएका थिए तर पछि आएर समूहमा मिलेर एक साथ काम गर्ने र सक्रिय सहभागीता साथ कार्यक्रममा भाग लिइरहेका छन् । पुरूषहरूको भन्दा महिलाको ऋण तिर्ने कार्य राम्रो रहेको, ऋणको सही सदुपयोग गर्ने, समयमा ऋण तिर्न तत्पर हुने साथै आफ्नो पहिलो लिएको ऋण प्रति सचेत भई तिर्न लगाउँछन् । यसरी समग्रमा भन्नुपर्दा सहकारी संस्थाहरूले नेपालको हिमाल पहाड र तराईमा महिलाहरूको अशिक्षा र गरिबीको खाडललाई पुर्नुपर्ने काममा ठूलो मद्दत गरेका छ । साथै सहकारी संस्थाको माध्यमबाट महिलाहरूको आर्थिक स्तरमा वृद्धि रोजगारीमा वृद्धि र चेतनमा वृद्धि भएको छ ।

अठारौं शताब्दीमा वेलायतमा भएको औद्योगिक क्रान्ती पछि अर्थतन्त्र र सामाजिक जीवनमा ठूलो परीवर्तन आयो । ठूला ठूला उद्योगको स्थापना सँगै घरेलु उद्योगहरू प्रतिस्पर्धा गर्न नसकी धमाधम बन्द भए । अर्थशास्त्रीहरू एडम स्मिथ र रिकार्डोको आर्थिक सिद्धान्तलाई पछ्याउदै उद्योगपति र पुँजिपतिहरू चरम मुनाफामा श्रमीकहरू शोषित हुन थाले । यसरी पुँजीपतिहरूको चरम शोषणबाट पिडित वेलायतका मजदुरहरू आफ्नो हकहितको लागि, गरिबी उन्मुलन गर्न र रोजगारीका लागि एकआपससमा संगठीत हुन थाले (नेपाल,२०६८) ।

## २.२ पूर्व साहित्यको समिक्षा (Review of Empirical Literature)

नेपालमा साना किसान विकास कार्यक्रमको मूल्याङ्कन तथा अध्ययन आन्तरिक र बाह्य निकायहरूमा नै भइरहेको छ । यो कार्यक्रम सम्बन्धी मूल्याङ्कन अध्ययनबाट देहाय बमोजिम निष्कर्ष प्राप्त गर्न सकिन्छ ।

पौडेल, (२०६६) काअनुसार सहकारी भनेको दुई शब्द सह+कार्यबाट बनेको छ । यो त्यस्ता व्यक्तिहरूको संगठन हो जुन स्वेच्छिक रूपमा एकताबद्ध भई आफ्नो आर्थिक, सामाजिक, शैक्षिक, पारिवारिक अवस्था, इच्छा आकाङ्क्षाको परिपूर्ति स्वस्फूर्त ढङ्गबाट प्रजातान्त्रिक नियन्त्रण पद्धतिमा आधारित भई गर्न चाहन्छन् । सहकारी शब्दले म को साटो हामी, मेरोको साटो हाम्रो लागि जस्ता कुरालाई उदृत गर्दै आर्थिक, सामाजिक उद्यम गरी आम ग्रामिण समुदायको आर्थिक, सामाजिक स्थितिमा सुधार गर्ने तर्फ उन्मुख रहन्छ । सामुहिक प्रयासद्वारा

मानवीय जीवन पद्धतिको हरेक क्षेत्र, उद्योग र व्यवसाय संचालन तथा विकास प्रवर्द्धन गर्न सामूहिक सेवाहरूको विकास विस्तार गर्न सहकारीको माध्मबाट यथासक्य सम्भव छ ।

सुवेदी, (२०६६) काअनुसार नवौ पञ्चवर्षिय योजना (२०५५/०५९) मा राष्ट्रिय योजना अनुसार कृषि तथा सहकारी कार्यक्रमका लागि रू २१ अर्ब ५२ करोड विकास खर्च प्रशिक्षण गरिएको मा रू ८ अर्ब ४ करोड खर्च भएको थियो । नवौ योजनाको लक्ष्य कृषि उत्पादकत्व बढाई कृषकहरूको जीवनस्तरमा सुधार गर्नु, गरिबी निवारण गर्नु जस्ता कार्यहरूका लागि १२ सयभन्दा बढी व्यवसायीहरूलाई सिपमूलक तालिम प्रदान गरिएको थियो ।

भट्टराई, (२०६८) काअनुसार सामुहिक हितलाई प्रवर्द्धन गर्न समान हैसियत भएको व्यक्तिहरू निजी व्यक्तिगत सम्पत्ति, साधन र श्रमको हिस्सेदारीमा स्थापना गरेको संस्थालाई सहकारी भनिन्छ । यसबाट स्थानीय सिप, साधन र श्रमको उपयोग हुनुका साथै राष्ट्रिय आयको वितरणमा सघाउने, साहुमहाजनबाट हुने शोषणबाट बचाउने, जनसाधारणले आर्थिक लाभ प्राप्त गर्ने अवसर पाउने, हिस्सेदारलाई अनेक सेवा सुविधा प्राप्त भई देशको आर्थिक विकासमा सघाउ पुऱ्याउने छ ।

अधिकारी, (२०६७) काअनुसार सहकारी संस्थाले समुदायमा पारेको आर्थिक र शैक्षिक प्रभावहको एक अध्ययन अनुसार काठमाडौं महानगरपालिकामा संचालित विभिन्न सहकारी संस्थाहरूले त्यहाँको आर्थिक विकासमा प्रत्यक्ष सकारात्मक प्रभाव पारेको पाइयो । काठमाडौं महानगरपालिकामा वैंक तथा वित्तिय संस्थाहरू प्रशस्त भईकन पनि विकासको निम्ति यसले ठूलो सहयोग पुऱ्याएको छ । यस्ता सहकारी संस्थाहले मूख्य गरी नाङ्ला व्यापारी, किसान व्यावसायी, तरकारी खेती, किसान, व्यापारी र नोकरी सेवा वर्गको घरमा काम गर्ने तथा महत्वपूर्ण समयको बाबजुद वैंकमा उपस्थित नहुने बुद्धिजीवि वर्ग, वृद्ध, केटाकेटी आदि समेतलाई सहयोग र सहकार्यको पाठ सिकाइ सचेत बनाउन सफल भएको छ । यसरी समाजमा पछाडि परेका महिला उत्पीडित वर्गको जीवन स्थितिमा पनि उल्लेख्य सुधार ल्याएको छ । महिलामा बचत गर्ने बानीको विकासले गर्दा शिक्षा, स्वास्थ्य क्षेत्रमा पहुँच पुऱ्याउने सहकारीले मद्दत पुऱ्याएको छ । सामुदायिक स्वास्थ्य, संचार र यातायातको क्षेत्रमा पनि सहकारीले महत्वपूर्ण योगदान दिई सामाजिक महिलाहरूमा मनोवैज्ञानिक मनोवल विकास गर्नुका साथै चेतना र रोजगारीको प्रशस्त अवसर सिर्जना गरेको छ ।

Gurung, (2002) काअनुसार " Economic Impact of Micro Credit Project for women in Nepal" शीर्षकमा गरिएको एक अध्ययनमा वि.सं. २०५२ सालमा परियोजनाको रूपमा प्रारम्भ भएको सूक्ष्म ऋण परियोजना ग्रामिण गरिबी निवारण गर्नुका साथै महिला सशक्तिकरणको महत्वपूर्ण कार्यको रूपमा रहेको थियो । यसले महिलाहरूलाई कर्जा प्रवाह र समूह वचतमा उत्प्रेरित गराएर ग्रामिण महिलाहरूको आम्दानी र जीवनस्तरमा वृद्धि गराउनुका साथै महिलाहरूलाई उत्पादनशील बनाउने, उत्पादित वस्तुको बजार व्यवस्थापन गर्ने, साना तथा घरेलु उद्योग सम्बन्धी तालिम दिने, सामाजिक तथा सामुदायिक विकास कार्यक्रम जस्ता कार्यक्रमहरू एकैपटक अगाडि ल्याएको थियो । यस महिलाहरूको जीवनस्तरमा सुधार उनीहरूको आत्मसम्मानमा वृद्धि, वचतमा वृद्धि, आत्मनिर्णय गर्ने क्षमतामा वृद्धि, सिप र क्षमतामा वृद्धि, नेतृत्व गर्न सक्ने क्षमतामा वृद्धि, वैंक तथा वित्तिय सम्बन्धिको ज्ञानको विस्तार तिव्र गतिले भएको थियो ।

तिमिल्सीना, (सन् २००३) काअनुसार तनहु जिल्लाका विभिन्न गा.वि.स.मा संचालित साना किसान विकास कार्यक्रमले त्यहाँका समान आर्थिक सामाजिक, शैक्षिक स्थिति भएका स्थानीय किसानहरूको आम्दानी तहमा वृद्धि गर्नमा समूह वा संघको गठन निर्माण र निर्णय गर्नमा आत्मवल बढाउनमा सकारात्मक योगदान पुऱ्याएको छ । त्यसैगरी शुद्ध खानेपानी, टोल सरसफाइ, गोबरग्यास, स्वास्थ्य शिक्षा सम्बन्धी आधारभूत तालिमहरूको माध्यमबाट जनचेतना फैलाउने कार्यक्रम गरेको थियो । त्यस कार्यक्रमको माध्यमबाट समुदाय विकासका लागि सामाजिक कार्यक्रम गर्न सक्षम भएका थिए । नेपाल जस्तो विकासोन्मुख देशको तल्लो तहका मानिसहरूलाई आर्थिक, सामाजिक, शैक्षिक रूपमा सक्षम बनाउनका लागि यस्ता कार्यक्रमहरू ज्यादै नै उपयोगी सिद्ध भएको छ ।

गुरूङ, (२००२) काअनुसार 'नेपालमा महिलाका लागि लघु ऋण परियोजनाले परेको आर्थिक प्रभाव' शीर्षकमा गरिएको अध्ययन अनुसार वि.स. २०५२ सालमा परियोजनाको रूपमा प्रारम्भ भएको सूक्ष्म ऋण परियोजनाले ग्रामिण गरिबी निवारण गर्नुका साथै महिला सशक्तिकरण सर्वादिक महत्वपूर्ण कार्यक्रमको रूपमा रहेको थियो । यसले महिलाहरूलाई कर्जा प्रवाह र समूह वचतमा उत्प्रेरित गराएर ग्रामिण महिलाहरूको आम्दानी र जीवनस्तरमा वृद्धि गराउनुका साथै महिलाहरूलाई उत्पादशील बनाउने, उत्पादित वस्तुको बजार व्यवस्थापन गर्ने साना तथा घरेलु उद्योग सम्बन्धि तालिम दिने, सामाजिक र

सामुदायिक विकास कार्यक्रम जस्ता कार्यक्रमहरू एकैपटक अगाडि बढाएको थियो । यसले महिलाहरूको जीवनस्तरमा सुधार, उनीहरूको आत्मसम्मानमा वृद्धि, चेतनामा वृद्धि, आत्मनिर्णय गर्न सक्ने क्षमतामा वृद्धि, सिप र क्षमतामा वृद्धि र नेतृत्व गर्ने सक्ने क्षमतामा वृदि हुनाका साथै वैंक तथा वित्तिय सम्बन्धीको ज्ञानमा समेत वृद्धि भएको थियो ।

तिमिल्सिना, (२०७०) काअनुसार सहरी ऐन २०४८ र नियमावली २०४९ ल्याए पछि नेपालमा सहकारीको विकासले राज्यले केही पाएको अनुभूति गरेता पनि त्यसको कार्यान्वयन भने पुरानै परम्परामा रहेको छ । मुलरूपमा नेपाली प्रकासन कार्यशैली संयन्त्र तथा अस्थिर राजनीतिको सिकारका कारण सहकारीमा दुरगामी सिर्जनात्मक काम भने हुन सकेन । ऐनले परिकल्पना गरेका सहकारी विकास बोर्ड, राष्ट्रिय सहकारी संस्था तथा अन्य विषयगत सहकारीता संघ लगायत सहकारी आन्दोलनका निकायहरू मूलतः राजनीतिक अस्थिरताको प्रभावमा नै परिरहे ।

श्रेष्ठ, (२००६) काअनुसार महिलाहरूको भाषिक अवस्थालाई उठाउनका लागि नेपाल सरकारले माइक्रो केडिट कार्यक्रम संचालन गरेको थियो । यस कार्यक्रमले महिला सशक्तिकरणमा टेवा पुऱ्याएको छ । यसले पिछडिएको र निम्न स्तरीय महिलाको आर्थिक अवस्थालाई मात्र नभएर सामाजिक र मनोवैज्ञानिक अवस्थालाई पनि केही हदसम्म सुधार ल्याएको भए तापनि लैङ्गक असमानतालाई प्रर्याप्त मात्रामा हटाउन सकेको थिएन किनकी यस्ता कार्यक्रम दलित, जनजाति, गरिब र विभिन्न अवसरबाट बञ्चित महिलासम्म पुग्न सकेको छैन ।

भट्टराई, (२०७०) काअनुसार सहकारिता समूहका व्यक्तिहरू मिलेर सामुहिक हितका लागि स्थापित व्यावसायिक संस्था हो । यो यस्तो संस्था हो, जसमा समान आर्थिक, सामाजिक, सांस्कृतिक आवश्यकता आकाङ्क्षा भएका व्यक्तिहरू सदस्य रहेका छन् । सहकारितामा सदस्यहरूको समान स्वामित्व स्थापित हुन्छ भने यसबाट योगदानका आधारमा समानुपातिक रूपमा फाइदा लिएका हुन्छन् । सहकारितामा दुई वा सोभन्दा बढी मानिसहरू स्वेच्छाले समान स्तरमा आर्थिक प्रवर्द्धन गर्ने उद्देश्य रहेको हुन्छ । देश विकासको क्रममा सानो तिनो आर्थिक क्षमतालाई एकीकृत गरी सामुहिक प्रयासद्वारा कृषि विकास, घरेलु इलम र उद्योगधन्दाहरूको प्रवर्द्धन एवम् सामुदायिक सेवाहरूको विस्तार र परिचालन गरी सहकारी क्षेत्रले राष्ट्रको आर्थिक विकासमा महत्वपूर्ण योगदान दिन सक्छ ।

Chaudhary, (२००८) काअुसार Role of Co-operative in Rural Women Empowerment शीर्षकमा गरिएको अध्ययनमा सिराहा जिल्लाको पोखविन्दा गा.वि.स. मा सञ्चालित हिमालयन बचत तथा ऋण सहकारी सं.लि. बि.स.२०५३ मा स्थापित भएको थियो । यसको उद्देश्य वचत गर्न प्रोत्साहित गर्ने, उत्पादमुखी क्षेत्रमा ऋण लगानी गर्ने, जीवन विमा गर्ने रहेको थियो । यस संस्थाले महिलाहरूलाई ऋण प्रदान गरेर वचतमा प्रोत्साहित गर्नुका साथै सामाजिक क्रियाकलापमा सहभागि हुनु, उद्यम सम्बन्धी तालिम दिन, महिला अधिकार र बालअधिकार सम्बन्धी चेतना फैलाउन सहयोग गरेको पाइयो । जसले गर्दा महिला साक्षरता बढेको, स्वास्थ्य सम्बन्धी ज्ञान हुनुका साथै HIV Aids सम्बन्धी चेतना फैलिएको, टोल सरसफाई कार्यक्रममा वृद्धि भएको र जीवन निर्वाहका लागि प्रयोगात्मक सिपको विकास भएको पाइयो ।

कोइराला, (२०६६) काअनुसार सहकारी संघ राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासका अपरिहार्यता शीर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग समुदाय र क्षेत्रमा व्यक्तिलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नती, प्रगतिमा अगाडि बढाइने लक्ष्य बोकेको विशुद्ध सामाजिक संस्था हो । समाजमा विद्यमान विभिन्न प्रकारका असमानताहरूलाई हटाइ सबै सदस्यहरूलाई एकताको सूत्रमा आवद्ध गराई राष्ट्र निर्माण सबैको उपस्थिति र सक्रियता बढाउने स्वच्छ अभियान हो । यसको माध्यमबाट जनतामा समय अनुरूप परिवर्तन र सशक्तिकरण गराउँछ । सहकारी क्षेत्र विकासबाट अर्थतन्त्रलाई पुग्ने मुख्य योगदानलाई मूर्त रूप दिन यसमा विद्यमान समस्या र चुनौतिलाई कम गरी अझ विकासमा वृद्धि गर्न निजी, सार्वजनिक र सहकारी क्षेत्र सकारात्मक सोचका साथ प्रयासरत हुन्छ । समृद्ध आधुनिक र न्यायपूर्ण नेपाल निर्माणका लागि आर्थिक विकासले प्रमुख भूमिका निर्वाह गर्दछ । आर्थिक विकासका विभिन्न पाटाहरूमध्ये सहकारी प्रमुख अंगका रूपमा दुई खुट्टा मध्ये एक भनि स्वीकार गरिएको समय सान्दर्भिक हो ।

ओझा, (२०६४) काअनुसार विरेन्द्र नगरपालिकामा रहेका साना सहकारी संस्थाका सदस्यको सामाजिक र आर्थिक अवस्थाको सिंहालोकन शीर्षकमा अध्ययन गरिए अनुसार साना किसान तथा व्यवसायिक एक आपसमा बसेर अन्तरक्रिया गर्ने समस्या र भावना साटासाट गर्ने वातावरण बनेको छ । मुख्य उपलब्धी यो छ कि गरिब र भूमिहीन मानिसहरूले आफूलाई एक्लो र कमजोर महसुस गरेका छैनन । समाजमा देखा परेका विभेदका विषयवस्तुलाई

यस्ता संस्थाहरूले धेरै हदसम्म न्यून गर्दै लगेका छन् । जस्तै : लैङ्गिक असमानता, जातिगत भेदभाव, सामन्ति प्रवृत्तिमा परिवर्तन  देखा परेको छ । यस्ता सहकारी संस्थाका माध्यमबाट महिलाहरूको सामाजिक आर्थिक क्रियाकलापमा सहभागिता बढाउने अवसर पाएका छन् । विभिन्न किसिमका सिपमूलक तालिमले दक्षजनशक्ति उत्पादन गरी आत्मनिर्भर गराएको छ । साधारण जनताहरूका नियमित वचत गर्ने वानीको विकास भएको छ । स्थानीय स्रोत संकलनबाट नै आवश्यकताहरूको परिचालन भएको छ । पारिवारिक वचत र लगानी दरमा वृद्ध हुदै गएको छ । पुँजीको अभावमा खेर गएको जनशक्तिले रोजगारीको लागि उत्प्रेरणा प्रदान भएको छ ।

अर्याल, (२०६२) काअनुसार साना किसान विकास सहकारी संस्था लि.ले स्थानीय कृषकहरूको आर्थिक अवस्थामा परेको प्रभाव शीर्षकमा गरिएको अध्ययन अनुसार धादिङ जिल्लाको भूमिस्थल गा.वि.स. मा सञ्चालित सानाकिसान सहकारी संस्था लि. ले छोटो समयमा नै सदस्यता विस्तार, वचत संकलन र ऋण प्रवाहमा वृद्धि गराउनका साथै धेरै मात्रामा महिलाहरूलाई समेट्न सफल भएको थियो । सहभागी किसानहरूमा सरसफाईमा वृद्धि, सानो सुखी परिवार बनाउने प्रवृत्तिमा वृद्धि, आधुनिक तरिकाले उपचार गराउने प्रवृत्तिमा तुलनात्मक रूपले विकासा हुनुका साथै साक्षरतामा पनि वृद्धि भएको थियो । सहभागी किसानहरूलाई यस्तो व्याजदरमा संस्थागत साख सुविधा उपलब्ध गराएकाले उत्पादनमूलक कार्यमा सक्रिय भई बढी आम्दानी गर्न सक्षम भएका सिपमूलक तालिमले रोजगाी वृद्धि भएको र किसानहरू दुरूपयोग हुनेबाट रोक्ने कार्यमा सक्रिय हुदै आएका थिए । यस कार्यक्रममा समूह निर्माण, समय समयमा वैठक बस्नुपर्ने, वचत गर्नुपर्ने बाध्यता, सामुहिक र व्यक्तिगत जमानत जस्ता कारणले पद्धतिगत जटिलता रहेको पाइए तापनि समग्रमा यस कार्यक्रमले स्थानीय साना किसानहरूमा सकारात्मक प्रभाव पारेको थियो । अधिकारी, (२०६७) सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभाव एक अध्ययन शिर्षकमा गरीएको अध्ययन अनुसार सहकारी संस्थामा संलग्न भएका महिला र पुरुषको औसत आम्दनीको कुल खर्चको २० प्रतिशत खर्च सहकारी आम्दानीले पुरा गरेको, चर्को ब्याजदरमा साहूमहाजनबाट ऋण भन्दा सहकारीबाट लिइने ऋणको मात्रामा वृद्धि हुँदै गएको, सहकारीमा सहभागि हुनुभन्दा अगाडि ५६.८२ प्रतिशत व्यक्तिले आफ्ना वालवालिकालाई सरकारी स्कुलमा पढाउने गरेका थिए भने संलग्न भएपछि २०.४५

प्रतिशतले मात्र सरकारी स्कुलमा पढाउने गरेका थिए भने ७९.५५ प्रतिशत व्यक्तिले आफ्ना वालवालिकालाई निजि विद्यालयमा पढाउने गरेका थिए ।

कोइराला, (२०६६) का अनुसार सहकारी संस्था राष्ट्रको आर्थिक, सामाजिक, शैक्षिक विकासका अपरीहार्यता शीर्षकको अध्ययनमा सहकारी प्रत्येक वर्ग, समुदाय र क्षेत्रका व्यक्तिहरूलाई सामुहिक भावनाका साथ व्यक्तिगत उन्नती, प्रगती अगाडि बढाउने लक्ष्य बोकेको सामाजिक संस्था हो । यसको माध्यमबाट जनतामा परिवर्तन समय अनुरुपले सशक्तिकरण आउछ ।

अधिकारी, (२०६७) काअनुसार सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभावको एक अध्ययनमा सहकारीमा सहभागि हुनुभन्दा अगाडि मासिक पाँच हजार भन्दा कम आय प्राप्त गर्ने ३८.६ प्रतिशत घर परिवार रहेको थियो भने सहकारीमा संलग्न भएपछि १८.२ प्रतिशतमा झरेको छ । सहकारीमा सहभागी भएपछिको औसत प्रगति १३.१४ रहेको निष्कर्ष निकालिएको छ ।

तिमिल्सिना, (२०७०) काअनुसार सहकारी ऐन २०४८ र नियमावली २०४९ आएपछि नेपालमा सहकारीको विकासले राज्यबाट केही पाएको अनुभूति गर्न पाए पनि त्यसको कार्यान्वयन भने पुरानै ढङ्गबाट  गरिएको छ ।

शाक्य, (२०७०) अनुसार साना किसान विकास कार्यक्रममा महिला सहभागिता एक अध्ययन शीर्षकमा गरिएको अध्ययन अुनसार कृषि विकासका निम्ति अन्तर्राष्ट्रिय कोषको आयोजना संस्था (IFDA) द्वारा संचालित साना किसान विकास आयोजना दक्षिण एसियाको ग्रामिण विकास कार्यक्रमको एक नमूना हो  भन्ने उल्लेख गरिएको थियो । यस्तै साना किसान कार्यक्रमलाई राजनीतिक तथा राष्ट्रिय कार्यक्रमको रुपमा मान्यता प्रदान गरिएको छ । यस कार्यक्रमले आर्थिक उन्नतीका साथै आय वृद्धि गर्न समक्षम भएको तथ्यलाई प्रस्ट्याइएको थियो ।

## २.३ पूर्व साहित्यिक पुनरावलोकनको प्रस्तुत अध्ययनमा प्रयोग (Implication of the Review for the Study)

सहकारी विकास कार्यक्रमहरुमा सहभागि स्थानीय समुदाय र कृषकहरु सामाजिक, शैक्षिक र आर्थिक रुपले नै बढी सक्षम, उन्नतिशील र विकसित भएका छन् । कार्यक्रमले मानिसहरुमा चेतना अभिवृद्धि गरेको पाइन्छ । किसानहरु आफ्नो खर्च पुरा गरी वचतमा वृद्धि गर्न सक्षम भएका छन् । सहकारी विकास कार्यक्रमद्वारा विभिन्न क्षेत्रमा सञ्चालित सहकारीबाट जीवनका सबै पक्षहरुमा निकै प्रभावित हुदै आएको पाइन्छ । यसैगरी सहकारी संस्थाले गर्दा विभिन्न तहको जनशक्तिलाई प्रत्यक्ष रोजगारी उपलब्ध गराउने काम गरेको छ भने अप्रत्यक्ष रुपमा विभिन्न पेशा, उद्योग, सेवा, र व्यसायद्वारा व्यक्तिलाई रोजगार दिने कार्य गर्दै आएको छ ।

सहकारी संस्थाको स्थापनाले गर्दा ऋण कारोबारमा स्थानिय साहूमहाजनबाट लिने कर्जाको तुलनामा सरल व्याजदरमा ऋण उपलब्धहुने, कारोवारमा किसानहरुलाई सहजता हुदै आएको पाइन्छ । सहकारीमा आवद्ध स्थानिय समुदायले बढी बचत संकलन गरेर आफ्नो आयआर्जलाई अझप्रभावकारी रुपमा अगाडि बढाउँदौ लगेको कुरा समेत यस किसिमका अध्ययनबाट प्रमाणित हुदै आएका छन् । सहकारी किन विश्वमा सुरुभयो भन्दा  सहकारीको मूख्य उद्देश्य सदस्यहरुलाई समाजमा ठूलाठालु, साहू, व्यापारी, उद्योगपती, पुँजीपतीको शोषणबाट मुक्त गरी उनीहरुको आर्थिक एवम् सामाजिक उत्थान गर्नु हो ।

रा.यो.आ. (२०६८), काअनुसार समुदायमा छरिएर रहेका स्रोत र साधानलाई एकत्रित गरी राष्ट्रिय पुँजीमा वृद्धि गर्न तथा सदस्यहरुको आर्थिक, सामाजिक तथा सांस्कृतिक रुपान्तरण गर्दै समानतामूलक समाजको निर्माणमा सहकारीले सहयोग पुऱ्याउँछ भन्ने कुरा उल्लेख गरेको छ ।

शाक्य (२०७०), काअनुसार साना किसान विकास कार्यक्रममा महिला सहभागिता एक अध्ययन शीर्षकमा गरिएको अध्ययन अनुसार कृषि विकासका निम्ति अन्तराष्ट्रिय कोषको आयोजना  संस्था (IFDA) द्वारा संचालित साना किसान विकास आयोजना दक्षिण एसियाको ग्रामिण विकास कार्यक्रमको एक नमूना हो  भन्ने उल्लेख गरिएको थियो । यस्तै साना किसान कार्यक्रमलाई राजनीतिक तथा राष्ट्रिय कार्यक्रमको रुपमा मान्यता प्रदान गरिएको

छ । यस कार्यक्रमले आर्थिक उन्नतीका साथै आय वृद्धि गर्न सक्षम भएको तथ्यलाई प्रस्ट्याइएको थियो ।

सहकारीले स्थानीय सम्पूर्ण समुदायको आर्थिक, सामाजिक र शैक्षिक आवश्यकता पुरा गर्न विभिन्न व्यवसाय क्रियाकलापको अतिरिक्त सामाजिक, सांस्कृतिक कार्यहरु सञ्चालन गर्दछ । यस क्षेत्रमा संलग्न समुदायको आयमूलक तथा रोजगारमूलक कार्यमा संलग्न भई मुलुकको गरिवी निवारणमा महत्वपूर्ण योगदान पु¥याएको छ । समग्रमा भन्नुपर्दा सहकारी विकास कार्यक्रमले धेरै उपलब्धिहरु हासिल गरेपनि सहकारी संस्थाहरु पूर्णरुपमा सफलतामा पुग्न सकेका छैनन् जुनकुरा सहकारी संस्थाले प्राप्त गरेको बचत, निक्षेप र लगानीको तथ्यांकबाट जानकारी प्राप्त हुने गरेको विभिन्न अनुसन्धानहरुबाट पुष्टी हुँदै आएको छ ।

## २.४ अनुसन्धान अन्तर (Research Gap)


सम्बन्धित पूर्व साहित्यको पुनरावलोकन र यस अध्ययनको विचमा अनुसन्धान अन्तर यसप्रकार रहेको छ ।

राई (२०७०), काअनुसार उदयपुर जिल्ला बेलटार गा.वि.स मा रहेको “सहकारी संस्थाले आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको विश्लेषण” शीर्षकमा गरेको अध्ययनमा यस सहकारीले ऋण लगानीमा १४ प्रतिशत व्याज, भवन निर्माण तर्फ १६ प्रतिशत, व्यापार १७.५ प्रतिशत, वैदेशिक रोजगारतर्फ १८ प्रतिशत, वचतमा १२ प्रतिशत निर्धारण गरेको पाइयो । सहकारीमा संलग्न भएका व्यापारी सदस्यहरुमा ४० प्रतिशत बालबालिकाहरु सरकारीमा, ४७.५ प्रतिशत निजी विद्यालयमा पढाएको पाइयो ।

यस अघिका अध्ययनलाई यस अघिका अध्ययन अनुसन्धानको विधि र निष्कर्षलाई मार्गनिर्देशनको रुपमा लिदै रामेछाप जिल्ला गोठगाउँ गा.वि.स मा अवस्थित “गोठपानी वचत तथा ऋण सहकारी संस्थाले स्थानीय सदस्यहरूको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभावको” अध्ययन गर्दा निम्न निष्कर्ष निकालिएको छ । यस सहकारीद्वारा प्रदान गरिने ऋण कम्तिमा ६ महिना र बढीमा २ वर्ष रहेको पाइयो । यस सहकारीले ऋण लगानीमा १२ प्रतिशत व्याजदर र वचतमा ६ देखि ७ प्रतिशत व्याजदर निर्धारण गरेको पाइयो । यस अध्ययनमा नमूना छनोटमा परेका सहकारीमा संलग्न सदस्यहरू १० प्रतिशत निरक्षर ९० प्रतिशत साक्षर रहेको पाइयो । शैक्षिक अवस्थालाई हेर्दा सरकारी विद्यालयमा ६५ प्रतिशत र

निजी विद्यालयमा ३३ प्रतिशत बालबालिकालाई पढाएको पाइयो । यस संस्थामा संलग्न भईसकेपछि निजी विद्यालयमा पढाउनेको संख्यामा उल्लेखनीय वृद्धि भएको पाइयो । यस अध्ययन क्षेत्रको अहिलेसम्म अध्ययन अनुसन्धान नभएकाले यस क्षेत्रलाई अध्ययन अनुसन्धानको लागि मुख्य क्षेत्र मानिएको छ ।


## २.४ सैद्धान्तिक वा अवधारणात्मक ढाँचा (Theoretical or Conceptual fremework)




स्रोत : राई, (२०७०)

## २.६ कार्यात्मक ढाँचा (Functional Framework)

सहकारी संस्थाले स्थानीय सदस्यहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययन का लागि माथि उल्लेखित गरिएको अवधारणात्मक ढाँचाका आधारमा निम्नानुसारको कार्यात्मक ढाँचा तयार पारिएको छ ।



# अध्याय तीन (CHAPTER THREE)

## ३. अध्ययन विधि र प्रक्रिया (Reserch Methods and Disign)

यस खण्डमा अध्ययनले समावेस गर्ने अनुसन्धान ढाँचा, जनसंख्या, नमूना छनौट, सूचना संकलनका साधनहरू र सूचना संकलन एवं विश्लेषण प्रक्रिया उल्लेख गरीएको छ ।

### ३.१ अध्ययन ढाँचा (Research Design )

यस अध्ययनमा संख्यात्मक र गुणत्मक दुवै पद्धति अनुरुप तथ्याङ्क संकलन गरी त्यसलाई आवश्यकता अनुसार वर्णनात्मक र विश्लेषणकत्मक ढाँचा मा आधारित छ । रामेछाप जिल्ला गोठगाउँ गा.वि.स.मा रहेको गोठपानी वचत तथा ऋण सहकारी संस्था लि. को आर्थिक अवस्था, पेशा र उनीहरूको बालबालीकाहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभावको लागि आबश्यक पर्ने प्राथमिक तथ्याङ्कको संकलन सहकारीको सञ्चालक समितिका अध्यक्ष र सहकारीका शेयर सदस्यहरू भएको प्रत्येक घरको घरमुलीलाई अर्न्तवार्ता, प्रश्नावलीको माध्यमबाट सूचना संकलन गरिएको छ । द्वितीय तथ्याङ्कको संकलन सहकारी तथा गरिवी निवारण मन्त्रालय, सहकारी बिभाग, केन्द्रीय तथ्याङ्क बिभाग, सहकारी संघ, गोठगाउँ गा.बि.स.को कार्यालय, गोठपानी बचत तथा ऋण सहकारी संस्थाका प्रकाशित तथा अप्रकाशित स्रोत आदिबाट तथ्याङ्क संकलन गरी तिनीहरूको प्रस्तुति तालिकाबाट गरि व्याख्या गरिएको छ । त्यसैले यस अध्ययनमा प्रयोग गरिएको तथ्याङ्कको स्वभाव गुणात्मक तथा परिणात्मक खालको छ ।

### ३.२ तथ्याङ्कका स्रोतहरु (Sources of Data)

यस अध्ययनमा तथ्याङ्क संकलनका लागि प्राथमिक तथा द्वितीय तथ्याङ्कका स्रोतहरुलाई प्रयोग गरिएको छ । उक्त तथ्याङ्कको स्रोतलाई यस प्रकार उल्लेख गरिनेछ :

#### ३.२.१ प्राथमिक श्रोत (Pramary Source)

प्राथमिक तथ्याङ्कको रुपमा रामेछाप जिल्ला गोठगाउँ गा.बि.स.को गोठपानी बचत तथा ऋण सहकारी संस्थाको सञ्चालक समितिका अध्यक्ष र सहकारीका शेयर सदस्यहरू नै प्राथमिक स्रोतका रुपमा रहेका छन् ।

### ३.२.२ द्वितीय स्रोत (Secondary Source)

यस अध्ययन अनुसन्धान कार्यलाई प्रभावकारी उद्देश्यमूलक अपेक्षित उपलब्धीमूलक बनाउन द्वितीय स्रोतहरूको रूपमा सम्बन्धित क्षेत्र वा विषयसँग सम्बन्धित संस्था, कृषि तथा सहकारी मन्त्रालय, सहकारी विकास बोर्ड, सहकारी विभाग, पूर्वअध्ययन प्रतिवेदनहरू, विभिन्न क्षेत्रबाट प्रकाशित कृतिहरू, पत्रपत्रिका, सरकारी तथा गैर सरकारी व्यक्तित्वका लेखरचना, केन्द्रीय तथ्याङ्क विभाग, सहकारी संघ, जिल्ला विकास समितिको कार्यालय रामेछाप, गोठगाउँ गा.बि.स.को कार्यालय, गोठपानी बचत तथा ऋण सहकारी संस्थाका प्रकाशित तथा अप्रकाशित स्रोत आदिबाट तथ्याङ्क सहयोग लिइएको छ ।

## ३.३ जनसंख्या, नमूना आकार र नमूना रणनीति (Population, Sample, Size and Sampling Strstegy)

### ३.३.१ जनसंख्या (Population)

प्रस्तुत अध्ययनमा रामेछाप जिल्ला गोठगाउँ गा.बि.स.को गोठपानी बचत तथा ऋण सहकारी संस्था लि. मा संलग्न सदस्य महिला २५४ र पुरुष २५६ गरी जम्मा ५१० जना यस अध्ययनको जनसंख्या हो ।

### ३.३.२ नमूना आकार (Sampling Size)

प्रस्तुत अध्ययनमा रामेछाप जिल्ला गोठगाउँ गा.बि.स.को गोठपानी बचत तथा ऋण सहकारी संस्था लि. मा संलग्न ५१० सदस्याहरू छन् । एउटा परिवारमा एक वा सो भन्दा बढि सदस्यहरु भएका र यी सदस्यहरू २५० घरधुरीमा समेटिएकोले एक घरधुरीबाट एक सदस्य नछुट्ने गरी २५० जना र एकजना अध्यक्ष गरी २५१ जना अर्थात ४९.२१ प्रतिशत यस अध्ययनमा नमूनाको आकार हो ।

### ३.३.३ नमूना छनौट रणनीति (Sampling Strategy)

१. यस अध्ययनलाई सम्पन्न गर्नका लागि रामेछाप जिल्लको गोठगाउँ गा.वि.स.लाई

उद्देश्यमुलक नमूना छनौट विधिका आधारमा छनौट गरीएको छ । किनकी यस क्षेत्रमा सहकारी सम्बन्धमा कुनै पनि अध्ययन नभएकोले यस क्षेत्रलाई नमूनाको रुपमा अध्ययनका लागि छनौट गरीएको छ ।

२. यस अध्ययनमा रामेछाप जिल्ला गोठगाउँ गा.वि.स.मा रहेको गोठपानी वचत तथा ऋण सहकारीलाई छनोट गरीएको छ किनभने यो अरु सहकारी भन्दा पुरानो र सवैभन्दा धेरै सदस्य भएको सहकारी हो ।

३. यस अध्ययनमा रामेछाप जिल्ला गोठगाउँ गा.वि.स.मा रहेको गोठपानी वचत तथा ऋण सहकारीका अध्यक्षलाई उद्देश्यमुलक नमूना विधिको आधारमा छनौट गरीएको छ ।

४. एउटा परिवारमा एक वा सो भन्दा बढि सदस्यहरु भएका र यी सदस्यहरू २५० घरधुरीमा समेटिएकोले एक घरधुरीबाट एक सदस्य नछुट्ने गरी कुल शेयर सदस्य ५१० जनाको ४९.०१ प्रतिशत २५० जना सदस्यलाई यस अध्ययनमा नमूनाको आकारको रुपमा लिइएको छ ।

## ३.४ अध्ययनको क्षेत्र (Study Area/Field)

मध्यमाञ्चल विकास क्षेत्र, जनकपुर अञ्चल, रामेछाप जिल्ला, गोठगाउँ गा.बि.स.को गोठपानी बचत तथा ऋण सहकारी संस्थालाई यस अध्ययनको क्षेत्र बनाइएको छ ।

## ३.५ तथ्याङ्क संकलनका औजारहरू (Tools of Data Collection)

यस अध्ययन अनुसन्धानका लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि प्रश्नावली र अवलोकनलाई प्रयोग गरिएको छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### ३.५.१ प्रश्नावली (Questionnaire)

यस अध्ययनमा प्रश्नावली तथ्याङ्क संकलनको मुख्य साधनको रूपमा रहेको छ । यस अध्ययन अनुसन्धानको लागि आवश्यक पर्ने तथ्याङ्क संकलन गर्नका लागि प्रश्नावली तयार गरिएको थियो । अध्ययनलाई उद्देश्यमूलक बनाउनका लागि आर्थिक तथा शैक्षिक विवरणहरू प्राप्त हुने गरी नमूना छनौटमा परेका शेयर सदस्यहरु र अध्यक्षलाई २ प्रकारका प्रश्नहरू निर्माण गरी (बहुवैकल्पिक र खुल्ला) प्रश्नावली तयार गरिएको थियो । उक्त प्रश्नावली

नमूना छनैटमा परेका शेयर सदस्यहरूका लागि अनुसूची १ र अध्यक्षका लागि अनुसूची २ राखिएको छ ।

### ३.५.२ अवलोकन सूची (Observation Sheet)

अध्ययन अनुसन्धानकर्ता अध्ययनको उद्देश्य पूर्तिका लागि नमूना छनोटमा परेका सदस्यको स्वयम संस्थाको कार्यालय र नमूना छनोटमा परेका सदस्यको घरदैलोमा पुगी उनीहरूको घर व्यवस्था, आम्दानीको अवस्था, ऋणको उपलब्धतामा भएको सजिलोपन र ती ऋण प्रयोग गरेको क्षेत्र, बालबालिको सरसफाईको अवस्था आदिको स्थलगत अवलोकन गरिएको थियो । उक्त अवलोकन सूचीलाई ३ मा राखिएको छ ।

### ३.५.३ छलफल निर्देशिका (Discussion Gride)

सहकारी संस्थाले स्थानीय सदस्यहरुको आर्थिक शैक्षिक क्षेत्रमा पारेको प्रभाव अध्ययनमा संस्थाको वर्तमान अवस्था, वचत नीति, ऋण लगानी, ऋण क्षेत्र, व्याज दर, लेखा प्रणाली, वचत नीति लगायतका विषयवस्तुमा जानकारी प्राप्त गर्न संस्थाका सदस्य साथै पदाधिकारीहरुसगँ छलफलका लागि छलफल निर्देशिकाको प्रयोग गरीएको छ जसको नमूना अनुसूची ४ मा देखाइएको छ ।

## ३.६ तथ्याङ्क संकलन तरिका (Techinques of Data Collection)

यस अध्ययनमा तथ्याङ्क संकलनका निम्ती  अन्तरवार्ता र छलफल विधिको साथै अवलोकन विधिको प्रयोग गरिएको छ ।

### ३.६.१ अन्तर्वार्ता (Interview)

यस अध्ययनलाई उपलब्धिमुखी र उद्देश्यमूलक बनाउन तथा उद्देश्यको परिपूर्तिका लागि आवश्यक पर्ने प्राथमिक तथ्याङ्क संकलन गर्न प्रश्नावली तयार गरी अध्ययनकर्ता स्वयम् अध्ययन क्षेत्रमा पुगी प्रत्यक्ष रूपमा उत्तरदातासँग बसी अन्तर्वार्ता लिई संकलन गरिएको छ ।

### ३.६.२ प्रत्यक्ष अवलोकन विधि (Direct Observation Method)

यस अध्ययनलाई उद्देश्यपूर्तिका लागि आवश्यक तथ्याङ्क संकलन गर्नका लागि अवलोकनलाई मुख्य विधिको रूपमा प्रयोग गरिएको छ । उत्तरदाताहरू बस्दै आएको घरको अवस्था, आम्दानीको अवस्था, ऋणको उपलब्धतामा भएको सजिलोपन र ती ऋण प्रयोग गरेको क्षेत्र, बालबालिको सरसफाई, खानेपानीको अवस्था, बोलिचालीको प्रभाव आदि बारेमा अध्ययनकर्ता प्रत्यक्ष अध्ययन क्षेत्रमा गई सहभागितामूलक अवलोकन गरिएको थियो ।

### ३.६.३ लक्षित समूह छलफल (Focused Group Discussion)

यो अध्ययनको उद्देश्य पुरा गर्न अध्ययनकर्ता स्वयम् सहकारी संस्थामा आवद्ध सदस्यहरूको साथै पदाधिकारीहरु सगँ लक्षित समूह छलफल गरीएको थियो । सहकारी संस्थाको बर्तमान अवस्था, बचत नीति, ऋण नीति, व्याजदर, लेखा प्रणली, लगायतका विषयवस्तु सम्वन्धमा जानकारी प्राप्त गर्न छलफल निर्देशिकाको प्रयोग गरी लक्षित समूहमा छलफल गरीएको थियो । पूर्व जानकारी दिएर मिति २०७२ चैत्र १ गते विहान १० बजे सहकारी संस्थाको कार्यालयमा सञ्चालन गरीएको कार्यक्रममा २० जना सदस्यहरुको उपस्थिति थियो । संस्थाका अध्यक्ष नेत्र प्रसाद दाहाल ज्यूको अध्यक्षता, अध्ययनकर्ता स्वयमको कार्यक्रम सञ्चालन गरिएको थियो भने संस्थाका सचिव ठेटकुमार श्रेष्ठले छलफलमा सहभागिहरुले दिएको उत्तरको टिपोट गर्नुभएको थियो ।

## ३.७ तथ्याङ्क संकलन प्रकिया (Data Collection Procedure)

यस अध्ययनमा तथ्याङ्क संकलनको लागि प्राथमिक तथा द्वितीय स्रोतबाट तथ्याङ्क संकलन गरीनेछ । यस अध्ययनमा तथ्याङ्क संकलन गर्दा अध्ययनलाई विश्वसनिय बनाउनका लागि सम्बन्धित सहकारीका सदस्यहरू, विशेषज्ञयहरू आदिसगँ  छलफल तथा परामर्श गरीएको छ । यस अध्ययनमा प्रयोग गरीएको लेख, रचना, पुस्तक, पत्रपत्रिका, विभिन्न सूचनाहरू आदिलाई सहायक तथ्याङ्क संकलन पकियाको रुपमा लिइएको छ ।

## ३.८ तथ्याङ्कको व्याख्या विश्लेषण प्रकिया (Data analysis Interpretation procedure)

यस अध्ययनबाट प्राप्त तथ्याङ्क तथा विवरणहरूलाई उपलब्ध तथ्याङ्क र विवरणहरूको अवस्था तथा प्रकृति हेरी आवश्यकता अनुसार तालिकिकरण द्वारा प्रस्तुत गरी निष्कर्ष तथा सुझावहरू सहित व्याख्या विश्लेषण

# अध्याय चार(CHAPTER FOUR)

## ४. नतिजाको व्याख्या र विश्लेषण (Analysis and Interpretation of Result)

यस अध्ययनमा अनुसन्धानबाट प्राप्त कोरा तथ्याङ्कलाई अर्थपूर्ण बनाएको छ । प्रारम्भमा संकलन गरिएको कोरा तथ्याङ्कबाट कुनै ठोस सूचना प्राप्त नहुने हुदाँ उक्त तथ्याङ्कलाई विष्लेषण गरी प्रष्ट पारीएको छ ।

### ४.१ अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

यस अध्ययनमा अध्ययन क्षेत्र अर्न्तगत रामेछाप जिल्ला र गोठगाउँ गा. वि.स. को परिचय प्रस्तुत गरीएको छ ।

### ४.१.१ रामेछाप जिल्ला (Ramechhap District)

रामेछाप जिल्ला मध्यमाञ्चल विकास क्षेत्र अन्तर्गत जनकपुर अञ्चलका ६ ओटा जिल्लाहरूमध्ये मध्य पहाडी क्षेत्रमा भएको जिल्ला हो । समुन्द्र सतहबाट ३७९ मिटर (लिखु नदी र सुनकोशीको संगम स्थल कोलोन्जोर घाट ) देखि ६९८५ मिटर (नुम्बुर चुली अथात पाथीभरा चुली ) मिटर सम्मको उचाईमा रहेको यो जिल्ला २७°२८’ उत्तर देखि २७°५०’ उत्तरी अक्षांस ८५°५०’ पुर्व देखि ८६°३५’ पुर्वी देशान्तरमा अवस्थित छ । यस जिल्लाको पूर्वी सिमाना ओखलढुगां र सोलुखुम्बु जिल्लाहरू जोडिएको छ भने उत्तरी सिमाना दोलखा र सिन्धुपाल्चोक जिल्ला सँग जोडिएको छ । त्यसैगरी यस जिल्लाको पश्चिमी सिमाना काभ्रेपलान्चोक जिल्लामा पर्दछ भने दक्षिणमा सिन्धुली जिल्लामा पर्दछ । यस जिल्लाको क्षेत्रफल १५६४.३२ वर्ग कि.मि रहेको छ (जि.वि.स. प्रोफाइल २०७१) ।

#### १ नामाकरण (Naming)

राणाकालमा मालअड्डादेखि गौडा, गोश्वारा कार्यालय समेत रहेको रामेछाप जिल्लामा स्थानिय विकास तथा सुशासनको लागि छुट्टै स्वशासित संस्थाको रुपमा राजनीति तथा प्रशासनिक रेखाङ्कन गर्ने सन्दर्भमा वि.स. २०१८ साल भन्दा पहिले ३५ ओटा तहशिल ( जिल्ला) मध्य पहाडका २३ जिल्ला “भित्र पूर्व २ नम्बर क्षेत्र रामेछाप अन्तर्गत हालको रामेछाप, दोलखा र सिन्धुली समेतको संयुक्त प्रशासकिय अड्डाको रुपमा बडाहाकिमको

कार्यालय रामेछाप डाँडामा राखेको थियो । वि.स. २०१८ सालमा ७५ जिल्लामा विभाजन भएपछि हालको रामेछापको परिवर्तित भू–आकारमा आएको राजनीति र प्रशासनिक इकाईको नाम रामेछाप नै रहर गएको थियो । मानचित्रमा झट्ट हेर्दा यो जिल्ला हलो आकार देखिन्छ । रामेछाप भन्ने स्थानमा त्याहाँका तामाङ समुदाय आदिवासीको रुपमा बसेको पाइन्छ । तमाङ भाषा “रा” भनेको बाखा, “मे” भनेको गाई बस्तु र “छाप” भनेको बाखा तथा चराउने ठाउँ भन्ने बुझिन्छ । स्थानिय स्तरमा अत्याधिक भेडाबाखा तथा गाईबस्तु पाल्ने र ती बाखा गाईबस्तु चराउने ठाउँको रुपमा चर्चित ठाउँलाई पछि गएर “रामेछाप” भनिन थालियो । पछि त्यही नामबाट रामेछाप जिल्लाको नाम रहन गयो । वि.स. २०४५ साल भदौ ५ गते गएको विनासकारी शक्तिशाली भूकम्पबाट रामेछामको पुरानो सदरमुकाममा भएका भौतिक संरचना क्षतिग्रस्त भएपछि तत्कालीन सरकारले जिल्ला सदरमुकाम वि.स. २०४५ साल फागुन महिनामा मन्थलीमा सारेको हो (जि.वि.स. प्रोफाइल २०७१) ।

## २. सीमाना ( Boundary)

यस जिल्लाको पूर्वी सिमाना अखलढुंगा र सोलुखुम्बु जिल्ला सगँ जोडिएको छ भने उत्तरी सीमाना दोलखा र सिन्धुपाल्चोक जिल्ला पर्दछ भने दक्षिणमा सिन्धुली जिल्ला पर्दछ ।

## ३. भू–उपयोग (Land Utilization)

यस रामेछाप जिल्लको कुल क्षेत्रफल १५६४.३२ वर्ग कि.मि. रहेको छ । जिल्लको कुल क्षेत्रफलको भू–उपयोगको स्थिती निम्न अनुसार रहेको छ ।

## तालिका : ४.१

## भू–उपयोगको अवस्था

| क.स. | भू–उपयोगको अवस्था | क्षेत्रफल(वर्ग कि.मि.) | प्रतिशत |
|---|---|---|---|
| १. | खेतियोग्य जमिन | ५०९.०८ | ३२.५४ |
| २. | बनजंगल | ५४१.०२ | ३४.५८ |
| ३. | झाडी | २४७.३४ | १५.८२ |
| ४. | घाँसे मैदान | ९२.७२ | ५.९२ |
| ५. | हिउँ तथा हिमनदी | ६.७ | ०.४२ |
| ६. | एयरपोट (विमानस्थल) | ०.०४ | ०.०१ |
| ७. | बलौटे जमीन | १८.२४ | १.१६ |
| ८. | बाँझो तथा खेर गएको जमिन | १४३.९५ | ९.२१ |
| ९. | जलाशय | ५.२३ | ०.३४ |
| जम्मा क्षेत्रफल | | १५६४.३२ | १०० |

( स्रोत : जि. वि. स.प्रोफाइल २०७१ )

### ४. जिल्लको राजनीतिक विभाजन (Political Division of the District)

रामेछाप जिल्लालाई दुई वटा निर्वाचन क्षेत्र, ११ ओटा इलाका क्षेत्र र ५५ गा.वि.स. मा विभाजन गरिएको छ । रामेछाप जिल्लाको राजनीतिक विभाजन क्षेत्रलाई निम्न अनुसार देखाइएको छ ।

**तालिका : ४.२**

**जिल्लाको राजनीतिक विभाजन**

| निर्वाचन क्षेत्र | अन्तर्गतका गा.वि.स.हरू |
|---|---|
| निर्वाचन क्षेत्र नं. १ | गुम्देल, बाम्ती, कुभुकास्थली, चुचुरे, ठोसे, प्रिती, रस्नालु, गुप्तेश्वर, भुजी, दुरागाउँ, सैपु, बेताली, नामाडी, फर्पु, विजुलीकोट, गोठगाउँ, साघुँटार, हिमगंगा, सालु, देउराली, ओखेनी, सुकाजोर, रामपुर, रामेछाप, खिम्ती, तिल्पुङ, नागदह, सुनारपानी, कठजोर |
| निर्वाचन क्षेत्र नं. २ | टोकरपुर, गौश्वारा, दिमिपोखरी, गुन्सी, लखनपुर, दोरम्बा, खाँडादेवी, डडुवा, फुलासी, गेलु, खनियापानी, हिलेदेवी, बेथान, भीरपानी, राकाथुम, मझुवा, पिंखुरी, चिसापानी, चनखु, पुरानागाउँ, भटौली, गागल भदौरे, माकादुम, पकरवास, भलुवाजोर, मन्थली |

( स्रोत : जि. वि. स.प्रोफाइल २०७१ )

## ५. प्राकृतिक सम्पदा (Natural Resources)

रामेछाप जिल्लमा रहेका प्राकृतिक सम्पदाहरूमा बनजंगल, खानी, नदीनाला, तालपोखरी, झरना, गुफा हिमाल आदि रहेका छन् । यस जिल्लमा भएका नदी तथा तालहरूमा तामाकोसी, लिखु नदी, उम्दी गुफा, गुप्तेश्वर गुफा, बेनी गुफा, कुभिण्डे, ओडार, महभिर, छहरेखोला, गुफाडाँडा, कुँडर छाँगो आदि रहेका छन् । त्यसैगरी हिमचुलीहरूमा नुम्बुर चुली (६९५८ मि.), लिखुचुली (६७३०मि.) शैलुङ (३१४८ मि.) तामे (३१०६मि.) र खनिज पदार्थहरू निम्न अनुसार रहेका छन् ।

**तालिका : ४.३**

**प्राकृतिक सम्पदा**

| क्र.स. | प्रकार | पाइने स्थान |
|---|---|---|
| १ | फलाम | ठोसे, गुप्तेश्वर, चुचुरे, बाम्ती, प्रिती, सुकाजोर, मुडाजोर, रामेछाप |
| २ | स्लेटढुंगा | गुम्देल, बाम्ती, सैपु, कुभुकास्थली, प्रिती, दुरागाउँ, बेताली, रस्नालु, भुजी, ठोसे, खाँडादेवी, ओखेनी, गुप्तेश्वर |
| ३ | तामा | रोल्फु, काङवाडाँडा, सिरुवारी, केउरिनी, ज्यामिरेखानी, शिवालय, तिल्पुङ, अम्वास, बोक्सेपहरा(भलुवाजोर) |
| ४ | म्याग्नेसाइट | दुरागाउँ, बेताली, रस्नालु, गुप्तेश्वर र भुजी |
| ५ | मार्वल | गुप्तेश्वर,भुजी, हिमगंगा, गेलु |
| ६ | शिलाजीत | सेतो पहरा, भीरपानी, पकरवास, गागल, लखनपुर र गौथलीभीर (बाम्ती) |

(स्रोत : अभियान नेपाल,२०७० रामेछाप)

## ६.जिल्लाको प्रसिद्ध स्थलहरू (Popular Places of District)

रामेछाप जिल्लामा अवस्थित विभिन्न प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू यस प्रकार रहेका छन् ।

### तालिका : ४.४

### जिल्लाको प्रसिद्ध स्थलहरू

| क्र.सं. | प्रसिद्ध धार्मिक तथा पर्यटकीय स्थलहरू |
|---|---|
| 1 | खाडँदेवी मन्दिर |
| 2 | भृङ्गेश्वर |
| 3 | थानापती महादेव मन्दिर |
| 4 | त्रिवेणी (सुनकोशी र तामाकोशीको संगम स्थल) |
| 5 | सललिङ्गेश्वर, |
| 6 | केवलेश्वर |
| 7 | गोखुरेश्वर |
| 8 | सैलुङ्गेश्वर महादेव |
| 9 | अमलपुरी भगवती |
| 10 | गुप्तेश्वर |
| 11 | सेर्दिडाडाँ, |
| 12 | सैलुङ्ग |
| 13 | सुनपति डाडाँ |
| 14 | अग्लेश्वर |

(स्रोत : जि.वि.स. प्रोफाइल २०७१ )

## ७. प्रमुख पोखरी तथा तालहरू (**Major Ponds and Lakes** )

जटापोखरी, पाचँपोखरी, बहुला पोखरी, कालापोखरी, भालेपोखरी, यालाम्छे पोखरी

(स्रोत : जि.वि.स. प्रोफाइल २०७१ )।

## ८. जनसंख्याको स्थिति (**Demographic Status**)

### तालिका : ४.५

### रामेछाप जिल्लाको जनसंख्याको स्थिति

| सि.न . | विवरण | २०५८ | २०६८ |
|---|---|---|---|
| १ | कुल जनसंख्या | 2,12,408 | 2,05,312 |
| | महिला | 1,11,555 | 1,10,387 |
| | पुरुष | 1,00,853 | 94,925 |
| | ५ वर्ष मुनिको | 26,409 | |
| | ७५ वर्ष र सो भन्दा माथिका | 4,036 | |
| २ | घर परिवार संख्या | 40,386 | 45,036 |
| ३ | जनघनत्व (प्रति वर्ग कि.मि.) | 137 | 133 |
| ४ | औसत परिवार सदस्य संख्या | 5=26 | 4=56 |
| ५ | वार्षिक जनसंख्या वृद्धिदर(प्रतिशत) | 1=22 | -0=34 |
| ६ | पुरुष महिला अनुपात (पुरुष प्रति १०० महिला) | 90=41 | 86 |
| ७ | नेपालको कूल जनसंख्यामा जिल्लको अंश | 0=92 | 0=771 |

( स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६९)

### ४.१.२ गोठगाउँ गाउँ विकास समितिको सामान्य परिचय

### (Introduction to the Gothgaun VDC )

नेपालको मध्यमाञ्चल विकास क्षेत्रमा पर्ने जनकपुर अञ्चल अन्तर्गत रामेछापको ५५ गा.वि.स.मध्ये निर्वाचन क्षेत्र नं. १ र इलाका नं. ४ मा पर्ने गोठगाउँ गा.वि.स. जिल्ला सदरमुकाम मन्थलीबाट पूर्व तर्फ ९ कोसको दुरीमा रहेको छ । यो गाउँ विकास समितिमा जिल्ला सदरमुकाम मन्थलीबाट यातयातको साघन द्वारा मन्थली सुनारपानी सालु हुदै २७ कि.मि. मा गोठगाउँ विकास समितिमा पुग्न सकिन्छ । यो गा.वि.स. ओखलढुङ्गा जिल्लाको

सिमाना लिखु नदी सम्म फैलिएको छ । वि.स.२०३९ मा गाउँ पञ्चायतको संख्या विस्तार भई ४३ बाट ५५ पुयाउँने कमामा यो गाउँ विकासप समितिको सृजना भएको हो । गोठगाउँ गाउँ विकास समितिको नामकरण हुनुभन्दा अगाडि यो गाउँ विकास समिति सिरवारी र बाँकीमैरी गाउँ पञ्चायत अन्तर्गत रहेको थियो ।

नेपाली मध्यवर्ती पहाडी ईलाकामा पर्ने गोठगाउँ गा.वि.स. विश्व मानचित्रमा २७ डिग्री २१ मिनेट ४० सेकेण्ड उत्तरी अक्षांस देखि  २७ डिग्री २४ मिनेट ०९ सेकेण्ड उत्तरी अक्षांस र ८६ डिग्री ०९ मिनेट ३३ सेकेण्ड पूर्व देखि ८६ डिग्री १३ मिनेट ३७ सेकेण्ड पूर्वी देशान्तर पर्दछ । यस गा.वि.स. को पुर्वमा लिखु खोला, दक्षिणमा साघुँटार गा.वि.स., पश्चिममा देउराली गा.वि.स.तथा उत्तरमा विजुलीकोट गा.वि.स. पर्दछ। यो गा.वि.स. समुन्द्रि सतहबाट ५७५ मिटर उचाईमा अवस्थित छ । गा.वि.स.को क्षेत्रफल १४५६.०६ हेक्टर रहेको छ । जसमा खेतियोग्य जमिन ४७३.८ हेक्टर, सिंचित जमिन ८७.५६ हेक्टर, जम्मा वन क्षेत्र ४०१.२० हेक्टर, सामुदायिक वन क्षेत्र २८२.९१ हेक्टर रहेको छ । यस गाउँ विकास समितिको अधिकांश भूभाग भिरालो र लिखुनदी तर्फ फर्केको छ (गोठगाउँ गा. वि.स. प्रोफाइल २०७०) ।

## १. सामाजिक विशेषताहरू (Social Characteristics )

गोठगाउँ गा.वि.स.मा विभिन्न जातजाति, धर्म, संस्कृति परम्परा मूल्य मान्यता भएका मानिसहरूको बसोवास भएपनि उनिहरूमा अनेकतामा एकता भएझै एक आपसमा मिलेर बसेका छन् । यहाँ विभिन्न प्रकारका चााडपर्व मेला, उत्सवको समयमा समाजमा कुनै पनि समस्या, अप्ठ्यारो परेको बेलामा सम्पूर्ण गोठगाउँवासी मिलेर उक्त समस्याको समाधान गर्ने गरिएको छ ।

## २. जनसंख्या (Population)

यस गोठगाउँ गा.वि.स.को कुल जनसंख्या ३,४६४ र घरधुरी ५९३ रहेको छ । उक्त जनसंख्या मध्ये महिला १,७४३ र पुरुष १,७२१ छ ।

**तालिका : ४.७**

**गा.वि.स.को जनसंख्या**

| | कुल जनसंख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | १७२१ | ४९.६८ |
| महिला | १७४३ | ५०.३१ |
| जम्मा | ३४६४ | १०० |

( स्रोत : गोठगाउँ गा. वि.स. प्रोफाइल २०७०)

माथिको तालिका अनुसार यस गोठगाउँ गा.वि.स.मा पुरुष ४९.६८ प्रतिशत र महिला ५०.३१ प्रतिशत भएको पाइयो ।

**३. वडागत घरधुरी र जनसङ्ख्या**

रामेछाप जिल्ला गोठगाउँ गा.वि.स.को वाड नं. १ देखि ९ सम्म वडागत घरधुरी संख्या र जनसंख्या निम्न अनुसार रहेको छ ।

**तालिका : ४.८**

**वडागत घरधुरी र जनसङ्ख्या**

| वडा नं. | घरधुरी | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ७२ | २०९ | २२१ | ४३० |
| २ | ५२ | १६१ | १४४ | ३०५ |
| ३ | ६९ | १५५ | १६५ | ३२० |
| ४ | ८६ | २१३ | १९९ | ४१२ |
| ५ | ८९ | २३३ | २२६ | ४५९ |
| ६ | ८० | २३८ | २२१ | ४५९ |
| ७ | ५९ | २१५ | २२८ | ४४३ |
| ८ | ५३ | २०५ | २०० | ४०५ |
| ९ | ३३ | ११४ | ११७ | २३१ |
| जम्मा | ५९३ | १७४३ | १७२१ | ३४६४ |

( स्रोत : गोठगाउँ गा. वि.स. प्रोफाइल २०७०)

माथिको तालिका अनुसार गोठगाउँ गा. वि. स. को जम्मा घरधुरी ५९३ पाइयो । यस गोठगाउँ गा. वि. स. मा महिला १७४३ जना र पुरुष १७२१ जना गरी कुल जम्मा ३४६४ जनसंख्या भएको पाइयो ।

## ४. पेशा (Occupation)

पर्याप्त सम्भावनाहरू हुँदाहुँदै पनि गोठगाउँ गा.वि.स.को आर्थिक सुधार दरिलो हुन सकेको छैन । यहाँको करिब ७८.९७ प्रतिशत मानिसहरू कृषि पेशामा संलग्न छन् । अन्यले शिक्षण, नोकरी, वैदेशिक रोजगार तथा व्यापारमा संलग्न रही जीविकोपार्जन गर्दै आएका छन् । आधुनिक कृषि प्रणालीको अभावमा राज्यका अन्य क्षेत्रका जनताहरू पनि यहाँका कृषकहरूको गरिबीको सामाना गरिरहन बाध्य छन् । कुनै किसिमको रोजगारीको अवसरहरू नभएकाले बेरोजगारी समस्या पनि यस गा.वि.स.को ठूलो चुनौतिको विषय छ ।

**तालिका :४.९**

**गोठगाउँ गा.वि.स. को पेशागत संरचना**

| क्र.सं. | पेशागत संरचना | जनसंख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | १८५८ | ५३ |
| २ | सेवा | २०३ | ६ |
| ३ | व्यापार | ६६ | २ |
| ४ | उद्योग | ३५ | १ |
| ५ | श्रमिक | ९२१ | २६ |
| ६ | वैदेशिक रोजगार | ३८१ | ११ |
| | जम्मा | ३४६४ | १०० |

(गोठगाउँ गा. वि.स. प्रोफाइल २०७०)

## ४.शैक्षिक अवस्था (Education condition)

यस गा.वि.स.मा २००७ सालको प्रजातन्त्र पश्चात औपचारिक रुपमा शिक्षा लिने दिने कार्यको सुरुवात भएको पाइन्छ । ५ वर्ष माथिको कुल जनसंख्या ३,०६४ जना जसमा पुरुष

१,४०४ मध्य ६८ प्रतिशत साक्षर र पहिला १६६० मा ४८ प्रतिशत साक्षर रहेका छन् । यहाँ उ.मा.वि. १, नि.मा.वि. १, प्रा.वि. ३ वटा रहेका छन् (गोठगाउँ गा. वि.स. प्रोफाइल, २०७०)

## ४.२ गोठपानी वचत तथा ऋण सहकारी संस्था लि.को परिचय

## (Introduction to Gothpani Saving and Credit Co-operative Limited)

सहकारी शब्द एक आफैमा अद्भूत शब्द हो जसले सहयोग पारस्पारिकता, सहभागिता आदि कुरालाई आत्मसात गरी एकका लागि  सबै र सबैका लागि एक भन्ने मूलनाराका साथ स्थानीय ग्रामिण स्तरमा छरिएर हरेको स-साना  पुँजीगत मूलहरूलाई एकत्रित गरी संस्थामा सदस्यलाई आवद्धता प्रदान गर्ने हौसला बढाइ उनीहरूलाई उत्पादनसिल एवम् व्यवसायिक क्षेत्रमा सस्तो व्याज दरमा लगानी गरी सदस्यको आर्थिक समृद्धिमा अग्रसर गोठपानी वचत तथा ऋण सहकारी संस्था लि.आफ्नै गाउँको नामबाट नाम राखि सञ्चालन गरीएको छ । यस  संस्थाको स्थापना वि.स.२०५९ असोज ५ गते भएको हो । यस सहकारीको दैनिक क्रियाकलाप सञ्चालन गर्न कार्यालय भवन गोठगाउँ गा.वि.स. वाड नं. ९ गोठपानीमा रहेको छ । सुरुमा २७ जना सदस्यहरूबाट सुरु भएको यस सहकारी संस्थाको वि.स.२०७२ असार मसान्त सम्म ५१० जना सदस्य संख्या पुगेको छ । यस संस्थामा ३ जना कर्मचारीहरु रहेका छ ( स्थलगत सर्वेक्षण, २०७२) ।

### ४.२.१ सहकारी संस्थाका उद्देश्यहरू (Objectives of the Co-coperative)

ग्रामिण स्थानीय जनताको जीवनस्तर उकास्ने, स्वावलम्वी समाज निर्माणमा योयदान गर्न र दिगो एवम् भरपर्दो वित्तिय संस्थाको विकास गर्न आत्मनिर्भर व्यक्तित्वको निर्माण गर्ने उद्देश्यले यस गोठपानी वचत तथा ऋण सहाकारी संस्थाका उद्देश्यहरू निम्न छन् ।

१. संस्थाका सदस्यहरू तथा स्थानीय जनतको अवस्थामा सुधार गर्दै लैजाने ।
२. संस्थामा संलग्न सदस्यको आर्थिक तथा सामाजिक स्तरमा बढाउने ।
३. समाज निर्माण र व्यक्ति विकासमा एकताको भावना विकास गर्ने ।
४. पारस्पारिक सहअस्तित्व, सदभाव, सहकार्यको भावनाको विकास गर्ने ।
५. आयमूलक तथा सिपमूलक तालिमहरू संचालन गर्दै लैजाने ।
६. आकर्षक व्याजदरमा वचत सेवा प्रदान गर्ने ।
७. सदस्यहलाई सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने ।
८. सदस्यहरूद्वारा उत्पादित वस्तुको बजार व्यवस्थापनमा सहयोग गर्ने ।

९. प्रत्येक वर्ष सहकारीको सदस्य बढाउँदै लैजाने ।

१०. समुदायमा सम्पूर्ण व्यक्तिलाई वचत गर्ने बानीको विकास गराउने ।

११. महिला तथा बालबालिकाको स्तरोउन्नती गर्न बढावा दिने ।

१२. समान उद्देश्य भएका संघसंस्थासित अन्तरसम्बन्ध राखी सदस्यता प्रदान गर्ने ।

१३. सिप विकास तथा चेतना सम्बन्धी तालिम विस्तार गरी सदस्यलाई प्राविधिक सिपको विकास गराउने ।

## ४.२.२ कार्यहरू (Funcation)

यस गोठपानी वचत तथा ऋण सहकारी संस्थाका निम्नलिखित कार्यहरू रहेका छ ।

१. स्थानीय समुदायको नेतृत्व विकास गरी निर्णय लिन सक्ने क्षमताको विकास गराउने ।

२. कृषि क्षेत्रको उत्पादकत्व बढाउन आधुनिक खेती प्रणाली विउ, रसायनिक मल, किटनाशक औषधि खरिद विक्री गर्ने ।

३. कृषकका कृषि सम्बन्धी समस्या समाधानका लागि प्राविधिकको व्यवस्था गर्ने।

४. कृषि क्षेत्रको विकासलागि विभिन्न कार्य गर्ने ।

५. ग्रामिण समुदायका जनताहरूका लागि खानेपानीको व्यवस्था सरसफाइ सम्बन्धी जनचेतना, स्वास्थ्य  सम्बन्धी चेतना फैलाउने नवीनतम कार्यक्रम गर्ने ।

६. सहकारीका सदस्यका लागि आयआर्जनमा वृद्धि गर्न सहज र सहुलियत व्याजदरमा ऋण उपलब्ध गराउने ।

७. शैक्षिक प्रभावलाई सकारात्मक बनाउन केही चेतनामूलक कार्यक्रम संचालन गर्ने ।

८. समूहगत रूपमा सदस्यका समस्या समाधान तर्फ उन्मुख भई उनीहरूको जीवनस्त उकास्ने कार्य गर्ने ।

९. विभिन्न आयमूलक, सिपमूलक, रोजगारमूलक तालिम प्रदान गरी आवद्ध सदस्य तथा समुदायलाई सामाजिक क्रियाकलापमा सहभागी गराउने ।

१०. व्यापार व्यवसाय गर्न ऋण उपलब्ध गराउने ।

११. सदस्यको सिप विकासका लागि तालिम, गोष्ठी, सेमिनार संचालन गर्ने ।

१२. नेतृत्व विकास सम्बन्धी तालिम गोष्ठी संचालन गरी महिलालाई पनि नेतृत्व लिन सक्ने क्षमताको विकास गराउने ।


१३. सम्पूर्ण सदस्य समुदायलाई सहकारीका बारेमा चेतना जगाउने कार्य गर्ने ।

१४. उपभोक्ता सहकारी मार्फत सस्तो र गुणस्तरीय सामाग्री उपलब्ध गराउने

## ४.३ सहकारी संस्थाको वर्तमान अवस्था (Present Condition of Co-operative

### ४.३.१ संस्थाको संगठनात्मक ढाँचा (Framework of the Co-operative)

गोठपानी वचत तथा ऋण सकारी संस्थाको सांगठनिक चार्ट निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।




( स्रोत : सहकारी अभिलेख, २०७२)

### ४.३.२ हाल सम्मका सदस्यहरु (Current Member)

गोठपानी सहकारी संस्थाले गोठगाउँ गा.वि.स.लाई कार्यक्षेत्र बनाएको छ । यस सहकारीमा वि.स.२०७२ असार मसान्त सम्मका शेयर सदस्यहरु निम्नानुसार छन् ।

**१. गा.वि.स.को वडागत आधारमा सदस्य संख्या**

**तालिका :४.१०**

**वडागत सदस्यको संख्या र प्रतिशत – २०७१**

| वडा नं. | महिला | पुरुष | शेयर सदस्य | प्रतिशत |
|---|---|---|---|---|
| 1 | 0 | 5 | 5 | 1 |
| 2 | 2 | 7 | 9 | 2 |
| 3 | 1 | 5 | 6 | 1 |
| 4 | 3 | 8 | 11 | 2 |
| 5 | 7 | 9 | 16 | 3 |
| 6 | 15 | 26 | 41 | 8 |
| 7 | 37 | 20 | 57 | 11 |
| 8 | 98 | 65 | 163 | 32 |
| 9 | 91 | 111 | 202 | 40 |
| | 254 | 256 | 510 | 100 |

( सहकारी अभिलेख, २०७२)

माथिको तालिकाअनुसार गोठपानी वचत तथा ऋण सहकारी संस्थाको जम्मा सदस्य ५१० मा महिला २५४ जना (४९.८% ) र पुरुष २५६ जना (५०.२% ) रहेको पाइयो । वडागत संख्या हेर्दा कार्यालय रहेको वडा नं. ९ मा सबैभन्दा बढी २०२ जना (४०%) पाइयो ।

**२. उमेरगत आधारमा सदस्य संख्या**

गोठपानी वचत तथा ऋण सहकारी संस्थाका उमेको आधारमा जनसंख्या निम्न अनुसार छन् ।

### तालिका :४.११

### उमेरगत आधारमा सदस्य संख्या – २०७१

| विवरण | महिला | पुरुष | शेयर सदस्य | प्रतिशत |
|---|---|---|---|---|
| afn ;b:o -16 jif{ eGbf sd pd]/ ;d"xsf_ | 65 | 56 | 121 | 24 |
| ;lqmo ;b:o -16 b]lv 60jif{ ;Dd pd]/ ;d"xsf_ | 127 | 151 | 278 | 55 |
| j[$ ;b:o -60 jif{ eGbf dfly pd]/ ;d'xsf_ | 62 | 49 | 111 | 21 |
| hDdf | 254 | 256 | 510 | 100 |

(स्रोत : सहकारी अभिलेख, २०७२)

माथिको तालिका afn;b:o -16 jif{ eGbf sd pd]/sf_ २४ प्रतिशत, ;lqmo ;b:o -16 b]lv 60 jif{ ;Dd pd]/ ;d"xsf_ ५५ प्रतिशत /j[$ ;b:o -60 jif{ eGbf dfly pd]/ ;d'xsf_ २१ प्रतिशत सदस्य पाइयो ।

### ४.३.३ संस्थाद्वारा संचालित कार्यक्रमहरू (Programme Conducted by Orgnization)

गोठपानी वचत तथा ऋण सहकारी संस्थाले संचालन गरेका कार्यक्रमहरू निम्न छन् ।

### १. सिपमूलक तथा आयमूलक तालिम (Skillful and Income Training)

यस संस्थाबाट सिपमूलक तथा आयमूलक तालिमहरू संचालन गरेको पाइएको छ । जसबाट प्रत्यक्षतः स्थानीय सदस्य लाभान्वित भएका छन् जुन निम्न छन् ।

**तालिका ४.१२**

**संस्था संचालन गरेका सिपमूलक तथा आयमूलक**

**तालिमको विवरण – २०७१**

| क्र.सं | तालिमको विवरण | प्राप्त संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | तरकारी खेती | २७ | २२.५ |
| २ | फलफूल खेती | १३ | १०.८८ |
| ३ | अचार निर्माण | १० | ८.३३ |
| ४ | बाखा पालन | २० | १६.६६ |
| ५ | सिलाइकटाई | ५० | ४१.६६ |
| जम्मा | | १२० | १०० |

*( स्रोत :स्थलगत सर्वेक्षण, २०७२)*

यस सहकारी संस्थाले सिप तथा आयमूलक तालिम प्रदान गरेको पाइयो । जसमा कूल ५१० सदस्यमध्ये १२० जनाले जसमध्ये तरकारी खेतीमा २७ जना, फलफूल खेतीमा १३ जना अचार बनाउनेमा १० जना, बाखा पालनमा २० जना सिलाइकटाईमा ५० जनाले तालिम लिएका छन् ।

## २. चेतनामूलक तालिम (Awarneses Traning)

यस संस्थाबाट २०७२ को असार मसान्त सम्म चेतनामूलक तालिम लिएको र सोको विवरण निम्न छ ।

**तालिका ४.१३**

**संस्थाद्वारा संचालित गरेका चेतनामूलक तालिमको विवरण – २०७१**

| क्र.सं | तालिमको विवरण | प्राप्त संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सहकारी जनचेतना आधारभुत तालिम | ३० | १४.७७ |
| २ | महिला सशक्तिकरण तालिम | ४२ | २०.६८ |
| ३ | नेतृत्व विकास तालिम | १३ | ६.४० |
| ४ | मानव अधिकार सचेतना कार्यक्रम | ३२ | १५.७६ |
| ५ | बाल अधिकार तथा महिला अधिकार | ५१ | २५.१२ |
| ६ | प्रजनन स्वास्थ्य सम्बन्धी | ३५ | १७.२४ |
| जम्मा | | २०३ | १०० |

*स्रोत :स्थलगत सर्वेक्षण, २०७२*

माथिको तालिका ४.१३ अनुसार यस संस्थाद्वारा सहकारी आधारभूत तालिम ३० जनालाई, महिला सशक्तिकरण तालिम ४२ जनालाई, नेतृत्व विकास तालिम १३ जनालाई, मानव अधिकार सम्बन्धी चेतना ३२ जनालाई, बाल तथा महिला अधिकार सम्बन्धी ५१ जनालाई, प्रजननस्वास्थ्य सम्बन्धी ३५ जनालाई तालिम दिइएको पाइयो ।

### ४.३.४ वचत विवरण (Details of Saving)

यस संस्थामा संलग्न भएका सदस्यहरूले यस संस्थाको नियमअनुसार वचत गर्ने गरेका छन् । यसरी प्रत्येक सदस्यबाट मासिक रुपमा प्रत्येक महिनाको १, २, र ३ गते गरिएको वचत यस संस्थाको कर्मचारी मार्फत उक्त सहकारी संस्थामा बुझाउनुपर्ने रहेको पाइयो । यसरी गरिएको मासिक, बालवचतलाई वार्षिक ६ प्रतिशत र ऐच्छिक वचतलाई ७ प्रतिशत व्याज दिने गरेको पाइयो । यस संस्थामा रहेको मासिक वचत, ऐच्छिक वचत र बालवचतलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका : ४.१४**

**गोठपानी वचत तथा ऋण सहकारी संस्थाको वचत तथा निक्षेप विवरण**

**(आ.व. २०७१/०७२)**

| क्र.सं | वचत/निक्षेप | संस्थामा रहेको वचत |
|---|---|---|
| १ | मासिक वचत | ३०,१६,०६४ |
| २ | ऐच्छिक वचत | १५,००,००० |
| ३ | बाल वचत | ५,००,१०० |
| जम्मा | | ५०,१६,१७४ |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार यस संस्थामा मासिक खातामा वचत रु ३०,१६,०६४ ऐच्छिक खातामा रु १५,००,००० र बालवचत खातामा रु ५,००,१०० रहेको पाइयो । हाल यस संस्थामा जम्मा रकम रु ५०,१६,१७४ निक्षेप वचत रहेको पाइयो ।

## ४.३.५ व्याजदर सम्वन्धी व्यवस्था (Provision of Intrest Rate)

यस सहकारी संस्थाले फरक फरक बचतमा फरक व्याजदर राखेको पाइयो । वचत र व्याजदरलाई तलको तालिकामा देखाइएको छ ।

**तलिका :४.१५**

**व्याजदर सम्वन्धी व्यवस्था – २०७१**

| क्र.स. | वचतको किसिम | व्याजदर |
|---|---|---|
| १ | मासिक नियमित वचत | ६ प्रतिशत वार्षिक |
| २ | मासिक नियमित बालवचत | ६ प्रतिशत वार्षिक |
| ३ | ऐच्छिक वचत (मूद्दती ) | ७ प्रतिशत वार्षिक |

*(स्रोत : स्थलगत सर्वेक्षण, २०७२)*

तालिकाअनुसार मासिक वचतमा ६ प्रतिशत र ऐच्छिक वचत (मूद्दती ) मा ७ प्रतिशत व्याजदर पाइयो ।

### ४.३.६ संस्थाको आ.व. ०७१/०७२ को दायित्व तथा पुँजीको विवरण (Discription of Liabilities and Capital of Institution in F.Y. 2071/072)

सहकारीको वासलतलाई आर्थिक अवस्थाको ऐना पनि भनिन्छ । वासलतमा पुँजी तथा दायित्व र सम्मत्ति देखाइएको हुन्छ वासलतमा यस संस्थाको २०७२ साल असार मसान्तसम्मको अवस्थालाई हेर्दा कूल सेयर पूँजी, वचत हिसाव, तिर्न बाँकी ऋण, कोष हिसाव र अन्य दायित्व गरी जम्मा रू 59,01,862 वरावरको दायित्व तथा पुँजी रहेको पाइयो । जुन निम्न तालिकाद्वारा प्रस्ट पार्न सकिन्छ ।

**तालिका : ४.१६**

**सहकारी संस्था लि. को दायित्व तथा पुँजीको विवरण**

( ०७१/०७२)

| *क.स.* | *बिवरण* | यस बर्ष | गत वर्ष |
|---|---|---|---|
| 1 | शेयर लगानी | 218100 | 193300 |
| 2 | बचत | 5016174 | 3719119 |
| 3 | जगेडा कोष | 268203 | 20700 |
| 4 | शेयर वोनस कोस २० % | 51727 | 8644 |
| 5 | संरक्षण पुँजी कोष २५ % | 75532 | — |
| 6 | कर्मचारी वोनस कोष १५ % | 18803 | 139022 |
| 7 | सहकारी विकास कोष १० % | 30194 | 341454 |
| 8 | सहकारी शिक्षा कोष १० % | 25995 | — |
| 9 | घाटा पुर्ती कोष १० % | 30194 | — |
| 10 | डुबन्त ऋण कोष १० % | 30194 | — |
| 11 | पसल संरक्षण कोष | 73579 | — |
| 12 | अन्य कोष | 32575 | — |
| 13 | भुक्तानी दिनुपर्ने हिसाब | 30592 | — |
| | | 59,01,862 | 44,22,239 |

*( स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

माथिको तालिका अनुसार कूल सेयर पूँजी, वचत हिसाव, तिर्न बाँकी ऋण, कोष हिसाव र अन्य दायित्व अघिल्लो वर्षको तुलनामा बढेको देखिन्छ । अघिल्लो वर्षको कूल दायित्व रु44,22,239 रहेको छ भने ०७२ को असार मासन्त सम्म रु 59,01,862 रहेको देखियो । त्यसैगरी सेयर पुँजी अघिल्लो वर्षको तुलनामा १०.२८ प्रतिशतले बढेको पाइयो ।

### ४.३.७ नाफा बाँडफाँडको अवस्था (Condition of Profit Division)

यस संस्थामा संलग्न सदस्यहरूबाट गरेका वचत र शेयरलाई सहकारी संस्थाले विभिन्न क्षेत्रमा लगानी गर्दा उक्त लगानी गरिएको रकमबाट प्राप्त नाफाबाट प्रशासनिक तथा अन्य खर्च कटाएर बाँकी रहेको रकमलाई यस संस्थाले विभिन्न कोषमा बाँड्ने गरेको पाइयो । यस संस्थाको आ.व. २०७१/०७२ कूल आम्दानीबाट खर्च कटाइ भएको नाफा रकम रू 119120 मध्ये कूल नाफाको २५ प्रतिशत जगेडा कोषमा राखी बाँकी रकमलाई विभिन्न कोष शीर्षकमा बाँड्ने गरेको देखिन्छ । जुन निम्नानुसार तालिकाबद्ध गर्न सकिन्छ ।

**तालिका : ४.१७**

**संस्थाको नाफा बाँडफाँडको स्थिति आ.व.– २०७१/०७२**

| | | | |
|---|---|---|---|
| यस वषको शुद्ध नाफा | 119120 | २५ प्रतिशत जगेडा कोषमा छुट्याइएको रकम | 29780 |

**अन्य कोषमा वितरण योग्य नाफाको बाँडफाडँ**

| | | | | | |
|---|---|---|---|---|---|
| जगेडा कोषमा छुट्याइए पछि अन्य कोषमा वितरण योग्य नाफा | | | | | 89340 |
| क्र.स. | विवरण | रकम | क्र.स. | विवरण | रकम |
| १ | नाफा बाड्न योग्य | 89340 | १ | शेयर वोनस कोस २० % | 17868 |
| | | | २ | संरक्षण पुजी कोष २५ | 22335 |
| | | | ३ | कर्मचारी वोनस कोष १५ | 13401 |
| | | | ४ | सहकारी विकास कोष १० | 8934 |
| | | | ५ | सहकारी शिक्षा कोष १० | 8934 |
| | | | ६ | घाटा पुर्ती कोष १० | 8934 |
| | | | ७ | डुबन्त ऋण कोष १० | 8934 |
| | | 89340 | | | 89340 |

*( स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

माथिको तालिका ४.१७ अनुसार यस संस्थाले प्राप्त नाफालाई विभिन्न कोष शीर्षकमा विभाजन गरेको छ । जसमा शेयर लाभांश कोषमा २० प्रतिशत, संरक्षित पुँजीकोषमा २५ प्रतिशत, प्रतिशत, घाटापूर्ति कोषमा १० प्रतिशत, संस्थाविकास कोषमा १० प्रतिशत, सहकारी विकास कोषमा १० प्रतिशत, कर्मचारी बोनस कोषमा १५ प्रतिशत, डुवन्त ऋण कोषमा १० प्रतिशत रहेको छ ।

### ४.३.८ सम्पत्ति विवरण (Property Details)

सहकारीको वासलतलाई आर्थिक अवस्थाको ऐना पनि भनिन्छ । वासलतमा पुँजी तथा दायित्व र सम्मत्ति देखाइएको हुन्छ। सम्पत्ति विवरणमा नगद मौजात, बैंक मौजात, लगानी हिसाव, सदस्यहरुलाई दिइएको ऋण, फर्निचर तथा अन्य सम्पत्ति देखाइएको हुन्छ । वासलतमा देखाइए अनुसारको यस संस्थाको २०७२ असार समान्त सम्मको सम्पत्ति विवरण निम्न अनुसार पाइयो ।

**तालिका : ४.१८**

**संस्थाको सम्पत्ति विवरण स्थिति आ.व.– २०७१/०७२**

| सम्पत्ति विवरण | आ.व. ०७०/०७१(रू) | ०७१/०७२ (रु) |
|---|---|---|
| नगद मौजात | 152197 | 231967 |
| बैक मौजात | | |
| रा. बा.बैक मन्थली | 10000 | 10000 |
| आ.डि. बैक मन्थली | 379449 | 333389 |
| लगानी हिसाब | | |
| पसल लगानी | 150000 | 150000 |
| सहकारी संघ | 1700 | 1700 |
| सदस्यहरूलाई ऋण दिएको | 5130500 | 3647500 |
| फर्निचर | 13948 | 15497 |
| अन्य सामान | 64068 | 32186 |
| जम्मा | 5901862 | 4422239 |

*स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

तालिका ४.१८ अनुसार आ.व. ०७१/०७२ मा जम्मा सम्पत्ती रू 4422239 रहेको थियो भने ०७१/०७२ मा लगानी बढाएर रू 5901862 पुगेको देखिन्छ । सहकारीको कुल सम्पत्तीमा ३३.४५ प्रतिशतले वृद्धि भएको पाइयो । सदस्यहरुलाई दिएको ऋण रु 36,47,500 af^ बढेर रु 5130500 पुग्दा ४०.६७ प्रतिशतले वृद्धि भएको पाइयो ।

### ४.३.९.सहकारी संस्थाको क्षेत्रगत आम्दानी (Sectoral Income of Cooperative)

सहकारी सेवाको अतिरिक्त नाफा कमाउने व्यवसाय पनि हो । वचत तथा ऋण कारोबार गर्दा सहकारी संस्थाले प्रवेश शुल्क, व्याज आम्दानी सेवा शुल्क लगाएत विभिन्न क्षेत्रबाट आम्दानी प्राप्त गर्ने गरेको पाइयो । आ.व.२०७१/२०७२ को ले.प.अनुसार वार्षिक आम्दानीलाई क्षेत्रगत रुपमा तलको तालिकामा देखाइएको छ ।

**तालिका : ४.१९**

**सहकारी संस्थाको क्षेत्रगत आम्दानी – २०७१/०७२**

| *क.स.* | *आम्दानी विवरण* | *आम्दानी रकम रु* | |
|---|---|---|---|
| | | आ.व.२०७१/२०७२ | आ.व.२०७०/२०७१ |
| 1 | विलम्ब शूल्क | 2089 | 1337 |
| 2 | प्रबेश शूल्क | 5600 | 10100 |
| 3 | सहकारी पसल नाफा | 20289 | 16825 |
| 4 | विविध | 3518 | 2530 |
| 5 | सेवा शूल्क | 8800 | 5000 |
| 6 | फोटोकपी आम्दानी | 3712 | — |
| 7 | ऋणबाट पाप्त ब्याज | 510033 | 426694 |
| 8 | बैंक ब्याज | 8060 | — |
| | | 562101 | 462486 |

*स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

माथिको तालिकाअनुसार सहकारी संस्थाले प्राप्त गरेको आ.व.२०७०/२०७१ र आ.व.२०७१/२०७२ दुई वर्षको आम्दानी देखाइएको छ । दुवै वर्ष सहकारीको मूख्य आम्दानीको स्रोत व्याज आम्दानी रहेछ । आ.व.२०७०/२०७१ मा व्याज आम्दानी रु४,२६,४९६ भएको जुन कुल आम्दानीको ९२ प्रतिशत र आ.व.२०७१/२०७२ मा व्याज आम्दानी रु५१,००,३३ भएको जुन कुल आम्दानीको ९० प्रतिशत हो । आ.व.२०७०/२०७१ बाट २०७१/२०७२ मा सहकारीको कुल आम्दानीमा भने २१.५३ प्रतिशतले वृद्धि भएको पाइयो ।

## ४.३.१०. सहकारीको क्षेत्रगत खर्च (Sectoril Expenditure of Cooperative)

सहकारी संस्थाले बचतकर्ता वचतमा व्याज दिनुपर्ने हुनछ, दैनिक आफ्नो कार्यका लागि कर्मचारीको व्यवस्थापन गर्नु पर्ने हुन्छ त्यसका लागि तलब, घरभाडा, मसलन्द, लेखापरीक्षण, साधारण सभा त्यस्तै अन्य विभिन्न खर्च हुन्छ । सहकारीले गरेको खर्चलाई क्षेत्रगत रुपमा तलको तालिकालमा देखाइएको छ ।

**तालिका : ४.२०**

**सहकारीको क्षेत्रगत खर्च – २०७१/०७२**

| *क्र स.* | *खर्च बिवरण* | *खर्च रकम रु* | |
|---|---|---|---|
| | | आ.व.२०७१/२०७२ | आ.व.२०७०/२०७१ |
| 1 | तलब | 68050 | 46950 |
| 2 | ब्याज खर्च | 305744 | 215355 |
| 3 | ले.प. | 5000 | 3000 |
| 4 | साधारण सभा | 6187 | 5147 |
| 5 | मसलन्द सामाग्री | 4503 | 7360 |
| 6 | घरभाडा | 4800 | |
| 7 | भुक्तानी दिन बाँकीले.प. | 5000 | 3000 |
| 8 | ह्रास कट्टी | 8667 | |
| 9 | अन्य खर्च | 14430 | 5200 |
| 10 | बालबलिकालााई छात्रवृत्ति | 20600 | 20600 |
| | जम्मा खर्च | 442981 | 306612 |

*स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

माथिको तालिकाअनुसार यस सहकारी को आ.व.२०७०/२०७१ को कुल खर्च रु 306612 / आ.व.२०७१/२०७२ को कुल खर्च रु442981 kfOof] . ;xsf/Lsf] Jf]qut vr{nfO{ s]nfpbf ;b:ox?nfO{ lbPsf] Jofh vr{ ;j}eGbf w]/} 69 k|ltzt kfOof] . आ.व.२०७०/२०७१ को भन्दा आ.व.२०७१/२०७२ मा सहकारीको कुल खर्चमा वृद्धि ४४.४७ प्रतिशतले भएको पाइयो । सहकारीले बालबालिकालाई वार्षिक रुपमा रु२०६०० दिइएको पाइयो ।

## ४.४ सहकारी संस्थाको उपलब्धी (Achievement of Co-oprative )

अर्थतन्त्रको विकासका लागि सरकारी, सहकारी र निजी गरी तिन क्षेत्रको महत्वपूर्ण योगदान रहेको छ । जसलाई अर्थतन्त्र विकासका निम्ति तिन खम्बे निति पनि भनिन्छ । यही कुरालाई मध्यनजर गर्दै सहकारीलाई अर्थतन्त्रको विकासको लागि एक सशक्त र प्रमुख खम्बाको रूपमा लिइएको छ । सहकारीको समाज, राज्यको नीति परिवर्तन अनुरूप संख्यात्मक वृद्धिमा तिव्रता आएको छ । ग्रामिण क्षेत्रका जनताको जीवनस्तर तथा आमजनतामा जागरण ल्याउन वित्तिय सेवाको विस्तार गर्न, वचत गर्ने वानीको विकास गर्न, रोजगारीको सिर्जना गर्न, कृषि क्षेत्रको उत्पादकत्वमा वृद्धि गर्न, कृषिमा आधुनिकीकरण गर्न, महिला सशक्तिकरण गर्न विभिन्न समुदाय र जातजातिलाई एउटै सूत्रमा आवद्ध गरी सामाजिक सहभागिता वृद्धि गर्ने जस्ता महत्वपूर्ण कार्यक्रमको उल्लेखनीय भूमिका देखिन्छ । तसर्थ यस अध्ययनबाट प्राप्त उपलब्धी निम्न  बमोजिम छन् ।

### (क) संगठनात्मक र सामुहिक  भावनाको  विकास (Development of Group and Organizational Feeling)

यस कार्यक्रममा संलग्न स्थानीय जनता कृषकहरूमा संगठनात्मक रूपले निर्णय गरी यसै अनुसार अगाडि बढ्न समूहमा छलफल गर्न, सल्लाह र सुझाव तथा  विचारको आदान प्रदान गर्न, सामुहिक भावनाको विकास गर्न, प्रत्येक व्यक्तिमा  निर्णय गर्ने तौरतरिका सम्बन्धी राम्रो ज्ञान भएको पाइयो ( स्थलगत सर्वेक्षण, २०७२) ।

### (ख) नेतृत्व विकास (Ledership Development)

सहकारीमा संलग्न हुनुभन्दा अगाडि समाज तथा समूहमा बस्न, कुराकानी गर्न आफनो परिचय सम्म दिन हिचकिचाउने, चेतनाको अभाव भएका व्यक्ति सहकारीमा  संलग्नता पछि समूह बनाउन, छलफल गर्न, संगठन खोल्न, बैठकमा सहभागी भई निर्णय लिन सक्षम भएका, आफ्नो हक अधिकार प्रति सचेत भएको पाइयो । नेतृत्व गर्न  सक्ने  क्षमताको विकास भएको पाइयो ( स्थलगत सर्वेक्षण, २०७२) ।

### (ग) व्यावसायिक निर्णय गर्न सक्ने क्षमतामा विकास (Increase of Professional Decision Making Capacity)

सहकारीमा संलग्न सानाठूला हिसावसम्बन्धी सक्षम, व्यावसायमा आत्मविश्वासका साथ निर्णय लिने, जीवनस्तर सुधार गर्न कस्तो व्यवसाय छनौट गर्ने भन्ने सन्दर्भमा आत्मनिर्णय गर्न, योजना बनाउन सक्षम भएको पाइयो । सहकारीमा संलग्न भए अघि र पछिको जीवनस्तर आर्थिक तथा सामाजिक स्थिति फरक रहेको, धारणा स्पष्ट पार्ने क्षमताको विकास भएको पाइयो ( स्थलगत सर्वेक्षण, २०७२) ।

### (घ) बालबालिकामा शिक्षा सम्बन्धी चेतनाको विकास (Awraneses Education Develop for Children)

सहकारी क्षेत्रमा संलग्न भएपछि र अघिको बालबालिकाको शैक्षिक स्थिति तुलना गर्ने क्षमताको विकास भई बालबालिकालाई शिक्षाको मूलधारमा पुऱ्याउनुपर्दछ । शैक्षिक क्षेत्रमा अगाडि बढाउनु पर्छ भन्ने निर्णय लिन सक्ने चेतनाको विकास भएको पाइयो । रूढीवादीग्रस्त समाजमा छोरीलाई शिक्षाको अवसरबाट वञ्चित गरिएको अवस्थामा सहकारीगत चेतनाबाट छोरीलाई शिक्षा दिनुपर्छ भन्ने चेतनाको विकास भएको पाइयो (स्थलगत सर्वेक्षण, २०७२) ।

### (ङ) आत्मविश्वासमा वृद्धि (Increses in Self Depend)

सहकारीमा संलग्न हुनुपूर्व ऋण लिनुलाई बोझ नकारात्मक भएको सोचाइ भएका आम कृषक, गरिब, उत्पीडितहरूले सहकारी भावनाअनुसार ऋण लिएर उत्पादीत क्षेत्रमा खर्च गरी आय आर्जन बढाउने, बचत गर्न सकिने, हामीले केही गर्न सक्छौ भन्ने आत्मविश्वासका साथ काम गर्ने जस्ता प्रवृत्ति बढेको पाइयो ( स्थलगत सर्वेक्षण, २०७२) ।

### (च) पारिवारिक खर्च वृद्धि (Increses of Family Expenses)

सहकारीमा संलग्न भएपछि सहकारीबाट प्राप्त विभिन्न तालिम चेतना विकासका तालिम आदिद्वारा सरल व्याजदरमा ऋण उपलब्ध गरी त्यसलाई उत्पादकीय क्षेत्रमा लगानी गरी आम्दानी बढेको पाइयो र जसबाट परिवारका सदस्यको जीवनस्तरमा सुधार गर्न वा बालबालिकाको शिक्षामा सुधार गर्न खर्च वृद्धि भएको पाइयो ( स्थलगत सर्वेक्षण, २०७२) ।

## ४.५ संस्थाको ऋण लगानी र ऋण व्याजदर सम्बन्धि अवस्था (Situation of Investment and loan Return )

ग्रामिण समाजमा अचेतित र अशिक्षित व्यक्तिरूको विकासको मूलप्रवाह र विस्तारबाट टाढा रहेका व्यक्तिहरूमा वचत गर्ने बानी र सुविधाको अभाव रहेको हुन्छ । उनीहरू आफ्नो उत्पादनशील कार्यको लागि ऋण लिनु परेमा संस्थागत साख, वित्तीय सुविधाको अभाव झेल्नु परेको हुन्छ । यस्तो अवस्थाको झन्झटको साटो ग्रामिण स्थानीय जनताले साहुमहाजनबाट चर्को व्याजदरमा ऋण लिनु पर्ने बाध्यता छ । यस किसिमको समस्याबाट उम्कनका लागि आम स्थानीय जनताको आर्थिक तथा सामाजिक जीवन स्तरमा वढावा गर्ने, ग्रामिण स्तरमा छरिएर रहेको पुँजीलाई एकत्रित गरी उक्त क्षेत्रको गरिवी न्यूनीकरण गर्न समग्र राष्ट्रको अर्थतत्रको विकासमा टेवा पुऱ्याउनका लागि यो सहकारी जस्ता ग्रामिण विकासोन्मुख संस्थाको विकास भएको हो । यसले व्यक्तिगत धितो, सामुहिक धितो जमानतमा ऋण प्रदान गर्दै आएको छ । यसका साथै विभिन्न आयमूलक, सिपमूलक तालिम शिक्षामूलक एवम चेतामूलक तालिमहरू प्रदान गरिदै आएको छ । यस सहकारी संस्थाको ऋण लगानी, असुली व्याजदर सम्बन्धी व्यवस्था निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ४.५.१. ऋण व्यजदर सम्वन्धी प्रावधान (Provision of Ioan Rate)

यस सहकारीले विभिन्न क्षेत्रलाई प्रथमिकिकरण गरि लगानी गर्दा फरक फरक व्याजदर राखियको पाइयो । संस्थाद्धारा विभिन्न क्षेत्रका लागि विभिन्न प्रतिशतका दरले ऋण लगानी गर्ने गरेको तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : ४.२१**

**व्याजदर सम्वन्धी प्रावधान – २०७१/०७२**

| क्र.स. | ऋण शीर्षक | अवधी | व्याजदर (प्रतिशत) |
|---|---|---|---|
| १ | कृषि क्षेत्रमा ऋण लगानी | १वर्ष | १२ |
| २ | व्यापार क्षेत्रमा ऋण लगानी | १वर्ष | १३ |
| ३ | उद्यम क्षेत्रमा ऋण लगानी | २वर्ष | १२ |
| ४ | शैक्षिक क्षेत्रमा ऋण लगानी | २वर्ष | १२ |
| ५ | स्वास्थ्य क्षेत्रमा ऋण लगानी | १वर्ष | ८ |
| ६ | वैदेशिक रोजगार क्षेत्रमा ऋण लगानी | २वर्ष | १३ |

*( स्थलगत सर्वेक्षण, २०७२)*

सहकारीको ऋणनीति अनुसार कृषि, उद्यम र शैक्षिक क्षेत्रमा १२ प्रतिशत, व्यापार र वैदेशिक रोजगारमा १३ प्रतिशत र स्वास्थ्य औषधी उपचारमा ८ प्रतिशत व्याज दरमा ऋण लगानी

गरेकको पाइयो । सहकारीले स्वास्थ्य उपचारमा सवैभन्दा कम व्याजदर राखेको पाइन्छ

### ४.५.२ नमूना छनौटमा परेका सदस्यहरुको व्याजदर सम्वन्धी प्रतिक्रिया (Responce of Sampled Mambers about Intrest Rate)

सहकारी संस्थाको स्थापनाको उद्देश्य साहूमहाजनबाट ऋण लिनुपर्ने बाध्यताबाट छुट्कारा पाउनु नै हो । प्रश्नावलीमा समावेश भएका सदस्यहरुबाट सहकारी संस्थाको व्याजदरका बारेमा लिइएको प्रतिक्रियालाई प्रस्तुत गरीएको छ ।

**तालिका : ४.२२**

**सदस्यहरुको व्याजदर सम्वन्धी प्रतिक्रिया – २०७१**

| क.स. | प्रतिक्रिया | pQ/bftf;+Vof | k\|ltzt |
|---|---|---|---|
| १ | सस्तो छ | 150 | 60 |
| २ | सामान्य छ | 60 | 24 |
| ३ | महङ्गो छ | 20 | 8 |
| ४ | अन्यसँग बराबर छ | 20 | 8 |
| | जम्मा | 250 | 100 |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकाअनुसार व्याजदर सस्तो छ भन्ने ६० प्रतिशत, सामान्य छ भन्ने २४ प्रतिशत, महङ्गो छ भन्ने ८ प्रतिशत, र अन्य सँग बराबर छ भन्ने ८ प्रतिशत पाइयो । यसबाट के प्रश्टहुन्छ भने अन्य ऋणका स्रोतहरु भन्दा कम ब्याजदरमा ऋण लिने गरेको पाइयो ।

### ४.५.३ लगानी अवस्था (Condition of Loan Investment)

सहकारी संस्थाले आफ्नो पूँजीलाई सुरक्षित तरीकाले व्यक्तिगत धितो, सामुहिक धितो जमानतमा ऋण प्रदान गर्दै आएको पाइयो । यस सहकारीको कुल पुँजी को तुलनामा ऋण लगानीको तालिकामा देखाइएको छ ।

**तालिका : ४.२२**

**लगानी अवस्था –२०७१/२०७२**

| आ.व. | कुल पुँजी रु | ऋण लगानी | | ऋण लिने सदस्य संख्या |
|---|---|---|---|---|
| | | रकम रु | प्रतिशत | |
| २०७०/२०७१ | ४४२२२३९ | ३६४७५०० | ८२ | १३५ |
| २०७१/२०७२ | ५९०१८६२ | ५१३०५०० | ८७ | १८९ |

*स्थलगत सर्वेक्षण, २०७२(ले.प.प्रतिवेदन)*

माथिको तालिकाअनुसार आ.व.२०७०/२०७१ मा १३५ जना सदस्यलाई कुल पुँजीको ८२ प्रतिशत रु ३६,४७,५०० ऋण लगानी गरेको देखिन्छ भने आ.व.२०७१/२०७२ मा १८९ जना सदस्यलाई कुल पुँजीको ८७ प्रतिशत रु ५१,३०,५०० ऋण लगानी गरेको देखिन्छ।

### ४.५.४ ऋण दिने व्यवस्था (Provision of Loan Advancement)

यस सहकारी संस्थाबाट शेयर सदस्य बनेको छ महिना पुगेपछि सदस्यहरुलाई ऋणनीतिमा व्यवस्था भए अनुसार ऋण दिने गरेको पाइयो। धितो जमानतको किसिम, स्वीकृत हुने ऋण रकम र अधिकतम ऋणको सिमा जुन निम्न अनुसार छ।

**तालिका : २३**

**ऋण दिने व्यवस्था –२०७१**

| क्र.स. | धितो जमानतको किसिम | स्वीकृत हुने ऋण रकम | अधिकतम ऋणको सिमा |
|---|---|---|---|
| १ | निक्षेप /वचत | ९० प्रतिशत | ३,००,००० सम्म |
| २ | शेयर | ९० प्रतिशत | ३,००,००० सम्म |
| ३ | मुद्धति रसिद | ९० प्रतिशत | ३,००,००० सम्म |
| ४ | घर, जग्गा | ६० प्रतिशत | ४,००,००० सम्म |
| ५ | पसल, व्यवसाय | ५० प्रतिशत | ३,००,००० सम्म |

(*स्थलगत सर्वेक्षण, २०७२*)

तालिकाअनुसार सहकारीले निक्षेप, शेयर, मुद्धती रसिद धितो जमानतमा त्यसमा भएको रकमको ९० प्रतिशत बढीमा रु३,००,००० ऋण लगानी गर्ने र घर जग्गा जमानतमा सो

मुल्याङ्नको हुनआउने रकमको ६० प्रतिशत वढीमा रु ४,००,००० ऋण लगानी गर्ने व्यवस्था भएको पाइयो ।

### ४.५.५ ऋण लगानी गरिएको क्षेत्रको विवरण (Details of Investment Area)

यस गोठपानी वचत तथा ऋण तथा सहकारी संस्था लि. आफ्ना सदस्यहरूलाई कृषि शिक्षा, स्वास्थ्य, व्यापार, उद्योग, वैदेशिक रोजगार आदिमा लगानी गरेको पाइयो । कृषि अन्तर्गत विभिन्न शीर्षक राखी जस्तै : मौसमी तथा बेमौसमी तरकारी खेती, पशुपालन, फलफूल खेती, खाद्यान्न बाली खेती तथा व्यापार अन्तर्गत किराना पसल, तरकारी पसल, होटल, फ्याक्ट्रि सिलाई कटाई जस्ता कुरामा लगानी गरेको छ । यस सहकारी संस्थाले आ.व. २०७२ मा गरेको लगानी निम्न रहेको छ ।

**तालिका : ४.२४**

**सहकारी संस्थाले सदस्यहरूलाई ऋणलगानी गरेको क्षेत्र र क्षेत्रगत विवरण – २०७१/०७२**

| क्र.सं | विवरण | लगानी रकम (रू) | प्रतिशत |
|---|---|---|---|
| १ | कृषि | 1505000 | २९.३३ |
| २ | व्यापार | 2000500 | ३८.९९ |
| ३ | उद्यम | 500000 | ९.७४ |
| ४ | शिक्षा | 200000 | ३.९ |
| ५ | स्वास्थ्य | 425000 | ८.२८ |
| ६ | वैदेशिक रोजगार | 500000 | ९.७४ |
| जम्मा | | 5130500 | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

तालिका अनुसार यस सहकारी संस्थाले आफ्ना सदस्यहरूलाई दिदै आएको ऋण लगानीलाई क्षेत्रगत रुपमा देखाएको छ। उक्त तालिकामा आ.व ०७१/०७२ मा जम्मा रु 51,30,500 लगानी गरेको छ । कृषि क्षेत्रमा जम्मा लगानीको २९.३३ प्रतिशत, व्यापारमा ३८.९९ प्रतिशत, उद्योगमा ९.७४ प्रतिशत शिक्षा क्षेत्रमा ३.९ प्रतिशत, स्वास्थ्यमा ८.२८ प्रतिशत, वैदेशिक रोजगारमा ९.७४ प्रतिशत रहेको पाइयो। सबैभन्दा बढी व्यापारमा २८.६० प्रतिशत लगानी रहेको पाइयो भने सबैभन्दा कम शिक्षा क्षेत्रमा ३.९ प्रतिशत लगानी गरेको पाइयो ।

### ४.५.६ सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य (Objective of Taking from Loan)

यस सहकारी संस्थाले कृषि, व्यापार, शिक्षा, वैदेशिक रोजगार, भवन निर्माण जस्ता कार्यमा ऋण दिने गरेको पाइन्छ । नमूना छनौटमा परेका सहकारी संस्थामा संलग्न भएका सदस्यहरुले कुन कुन उद्देश्ययका लागि कतिले ऋण लिँदा रहेछन भन्ने कुराको अध्ययन गरिएको थियो, जसलाई निम्नानुसार तालिकामा देखाइएको छ ।

**तालिका : ४.२५**

**सहकारी संस्थाबाट ऋण लिनुको उद्देश्य –२०७१**

| qm=;= | C)f lng"sf] p@]zo | ;+Vof | k\|ltzt |
|---|---|---|---|
| 1 | lzIff | 55 | 22 |
| 2 | Jofkf/ | 25 | 10 |
| 3 | s[lif | 90 | 36 |
| 4 | ejg lgdf{)f | 30 | 12 |
| 5 | j}b]lzs /f]huf/ | 30 | 12 |
| 6 | #/fo;L vr{ | 20 | 8 |
|  | hDdf | 250 | 100 |

( स्थलगत सर्वेक्षण, २०७२ )

माथिको तालिकाअनुसार सहकारीमा संलग्न सदस्यहरुले विभिन्न प्रयोजनका लागि ऋण लिने गरेको पाइयो । जसमध्ये शिक्षाको लागि ५५ जनाले, व्यापारको लागि २५ जनाले, कृषिको लागि ९० जनाले, भवन निर्माणकोलागि ३० जनाले, वैदेशिक रोजगारको लागि ३० जनाले र घरायसी खर्चका लागि २० ऋण लिने भनेको पाइयो ।

### ४.५.७ नमूना छनोटमा परेका सदस्यहरूको ऋणको स्रोतहरू (Sources of Loan in Sampling Population)

नमूना छनोटमा परेका सदस्यहरूको सहकारी संस्थामा संलग्न हुनपुर्व र संलग्न भएपछि आर्थिक वृद्धि गर्न विभिन्न उद्योग, व्यवसाय र व्यापार आदिका लागि ऋण पाउने स्रोतहरू सहकारी, वैक तथा वित्तीय संस्था, साहु महाजन, छिमेकी र अन्य आफन्तहरू रहेको पाइयो । यसलाई निम्नानुसार तालिकावद्ध गर्न सकिन्छ ।

**तालिका : ४.२६**

**सहकारी संस्थामा संलग्न हुनुपूर्व र संलग्न भएपछिको सदस्यहरूका लागि ऋणको स्रोत २०७२**

| क्र.सं | ऋणका स्रोतहरू | प्रवेश हुनुपूर्व २०५९ | प्रवेश भएपछि २०७२ |
|---|---|---|---|
| | | प्रतिशत | प्रतिशत |
| १ | सहकारी संख्या | | ८० |
| २ | साहुमहाजन | ५५ | ११ |
| ३ | वैक तथा ऋण वित्तीय संस्था | ३० | ८ |
| ४ | अन्य स्रोत | १५ | १ |
| जम्मा | | १०० | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२ )*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रका आम स्थानीय जनताले आफ्नो परिवारको आर्थिक स्थिति सुधार, जीवन स्तर सुधारका लागि विभिन्न परियोजनको लागि विभिन्न स्रोतबाट ऋण लिने गरेका थिए । जसमा सहकारी स्थापना पूर्व सबैभन्दा बढी साहुमहाजनबाट ५५ प्रतिशतले ऋण लिने गरेको वा साहुमहाजन नै ऋणका प्रमुख स्रोत थिए भने सहकारी स्थापना पश्चात सहकारी संस्थाबाट सहुलियत व्याजदरमा ऋण लिने सदस्यको संख्या निकै बढेको वा ८० प्रतिशत रहेको छ । संस्थामा संलग्न हुनभन्दा पहिले वैक तथा वित्तीय कारोवार गर्ने वा ऋण लिने संख्या ३० प्रतिशत रहेको पाइयो । सहकारी स्थापना पछि वैक तथा वित्तीय संस्था ऋण लिने संख्यामा कमि भई ८ प्रतिशत मात्र रहेको छ । अन्य स्रोतबाट ऋण लिनेको संख्या सहकारी स्थापनापूर्व १५ प्रतिशत रहेकोमा संस्थापना स्थापना पश्चात घटेर १ प्रतिशतमा सिमित रहेको पाइयो । यसरी सहकारीको स्थापना पश्चात चर्को व्याज

तिर्न बाध्य भएका स्थानीय ग्रामिण भेगका न्यून आम्दानी भएका जनताहरूकये सहकारीले आर्थिक स्तर वृद्धि गर्न महत्वपूर्ण योगदान गरेको पाइयो ।

## ४.६ शेयर सदस्यहरूको आर्थिक अवस्था (Economic Conditions of Shareholeders)

यस अध्ययन शीर्षकमा रामेछाप जिल्लाको गोठगाउँ गा.वि.स.को गोठगाउँ गा.वि.स.का सदस्यहरूको संस्था स्थापना हुनुभन्दा अघि र स्थापना भैसकेपछिका आर्थिक क्रियाकलापहरू सूचकका रूपमा विश्लेषण गरिएको छ । आर्थिक सूचाङ्क अन्तर्गत व्यवसाय, औद्योगिक विकास र रोजगारीलाई लिइएको छ ।

### ४.६.१ स्रोतका आधारमा घर परिवारको वार्षिक आम्दानी (Source-wise Annual Income of Household)

नमूना छनौटमा परेका सहकारीमा संलग्न भएका सदस्यहरुको घरपरिवारले कृषि, जागिर, व्यापार, ज्याला मजदुरी, उद्यमी पेशामा संलग्न भई आम्दानी गरेको पाइयो । उल्लेखित पेसाबाट अध्ययन सर्वेक्षण गर्दाको समयमा सदस्यहरुको घरपरिवारले प्राप्त गरेको आम्दानीलाई तलको तालिकामा देखाइएको छ ।

**तालिका : ४.२७**

**स्रोतका आधारमा घर परिवारको वार्षिक आम्दानी –२०७२**

| क. स. | आम्दानी का स्रोत | cfDbfgL | |
|---|---|---|---|
| | | /sd ? | k\|ltzt |
| १ | कृषि | 9523480 | 35 |
| २ | नोकरी | 4190280 | 15 |
| ३ | व्यापार | 1778530 | 6 |
| ४ | ज्याला मजदुरी | 3171416 | 11 |
| ५ | उद्यमी | 463371 | 2 |
| ६ | वैदेशिक रोजगार | 8455600 | 31 |
| जम्मा वार्षिक पारिवारीक आय जम्मा | | 27582677 | 100 |
| वार्षिक औसत प्रतिघरपरिवारको आय जम्मा ११०३३० | | | |

*( स्थलगत सर्वेक्षण, २०७१ )*

नमूना छनौटमा परेका संलग्न सदस्यहरुको घरपरिवारको वार्षिक जम्मा आम्दानी रु *27,58,2,677* वार्षिक औसत प्रतिघरपरिवारको आय जम्मा रु ११०३३० */x]sf] kfOcf] . ;xsf/Ldf ;+nUg ;b:ox?sf] #/kl/jf/sf] ;a}eGbf a(L cfDbfgL s[lif af^ / ;j}eGbf sd cfDbfgL pBdLaf^ ePsf] % eg] j}b]lzs /f]uf/af^ klg pn]vlgo cfDbfgL % .*

## ४.६.२ घरपरिवारको तहगत वार्षिक आम्दानी (Level-wise Annual Income of Household)

सहकारी संस्थामा नमूना छनौटमा परेका २५० घरपरिवारको तहगत वार्षिक आम्दानीलाई तलको पाँच श्रेणीमा विभाजन गरी प्रस्तुत गरीएको छ ।

**तालिका : ४.२८**

**घरपरिवारको तहगत वार्षिक आम्दानी – २०७१**

| क्र.सं | आय विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५० हजार भन्दा कम | २५ | १० |
| २ | ५० हजार देखि १ लाख सम्म | ८० | ३२ |
| ३ | १ लाख देखि १ लाख ५० हजार सम्म | १२५ | ५० |
| ४ | १ लाख ५० हजार देखि २ लाख सम्म | १० | ४ |
| ५ | २ लाख भन्दा माथि | १० | ४ |
| जम्मा | | २५० | १०० |

*(स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकामा सहकारीका सदस्यहरुको वार्षिक आम्दानी देखाइएको छ । तालिका अनुसार वार्षिक ५० हजार भन्दा कम आम्दानी हुने १० प्रतिशत, ५० हजार देखि १ लाख सम्म आम्दानी हुने ३२ प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म आम्दानी हुने ५० प्रतिशत, १ लाख ५० हजार देखि २ लाख सम्म आम्दानी हुने ४ प्रतिशत र २ लाख भन्दा माथि आम्दानी हुने ४ प्रतिशत पाइयो ।

### ४.७.१ सहकारीबाट ऋण लिई सञ्चालन व्यवसायहरु र आम्दानी (On Going Enterprises and Income )

सहकारी संस्थामा संलग्न भएका सदस्यहरुले विभिन्न व्यवसायहरु सञ्चालन गर्दै आएका छन् । आफूसँग भएको पुँजीले मात्र नपुगेपछि सदस्यहरुले सहकारीबाट पनि ऋण लिदै आएको पाइन्छ । यसरी सहकारीबाट ऋणलिई सञ्चालन गरेका व्यवसायहरु र त्यसबाट भएको वार्षिक आम्दानी निम्न अनुसार छन् ।

**तालिका : ४.२९**

**सहकारीबाट ऋण लिई सञ्चालन व्यवसायहरु र आम्दानी – २०७१**

| क.स. | सञ्चालित व्यवसाय | संलग्न परिवार | वार्षिक आम्दानी |
|---|---|---|---|
| १ | किराना पसल | २१ | ९१४८१५५४ |
| २ | तरकारी खेती | ३८ | १२६५५१० |
| ३ | व्यवसायिक नगदेबाली | २८ | १५९८३१० |
| ४ | कुखुरा पालन | १० | ७८१५६६ |
| ५ | होटेल | ३ | ९९५६६ |
| ६ | कपडा सिलाई | ४ | ८९५०० |
| ७ | स्टेशनरी | ४ | ८८५०० |
| ८ | फर्निचर | १० | ५५६७०० |
| ९ | फोटो स्टुडियो | ३ | ७८९०० |
| १० | मोवाइल मर्मत | ३ | ९१००० |
| ११ | बाखा, गाई, भैसी, सुगुर पालन | १४ | १३३१०९४ |
| | | १३८ | ७४६३२०० |

*(स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार यस सहकारी संस्थाबाट ऋण लिएर १३८ परिवारले विभिन्न पेसा व्यवसाय गरेको पाइयो । स्रोत सर्वेक्षणको आधारमा परिवारको कुलआम्दानी रु 27582677 मध्य सहकारीको ऋण प्रवाहको कारण रु ७४६३२०० आम्दानी भएको पाइयो । यो सहकारीको लगानीबाट भएको आय कुल २७ प्रतिशत हुन आउछ भने सहकारीको लगानीले वैदेशिक रोजगारीमा पनि वृद्धि गरेको पाइन्छ ।

## ४.७.२ स्रोतका आधारमा घरपरिवारको वार्षिक खर्च

## (Source-wise Annual Expenditure of Household)

### १. खर्चको क्षेत्रगत विवरण

यस अध्ययनमा गोठपानी वचत तथा ऋण सहकारी संस्थामा संलग्न २५० घरपरिवारले वार्षिक रुपमा गर्ने खर्चको क्षेत्रगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका : ३०**

**खर्चको क्षेत्रगत विवरण – २०७१**

| क्र.सं. | खर्च शिर्षक | hDdf vr{/sd | vr{ k|ltzt |
|---|---|---|---|
| १ | उपभोग | 10643500 | 62 |
| २ | स्वास्थ्य उपचार | 1024300 | 6 |
| ३ | शिक्षा | 1213800 | 7 |
| ४ | चाडपर्व | 3089800 | 18 |
| ५ | अन्य | 1073300 | 6 |
| जम्मा वार्षिक खर्च | | 17044700 | 100 |
| वार्षिक औषत प्रतिघरपरिवारको खर्च | | 68178 | |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकाअनुसार छनौट परेका २५० घरपरिवारमा वार्षिक खर्च हेर्दा जम्मा वर्षिक खर्च रु 17044700 र वार्षिक औषत प्रतिघरपरिवारको खर्च रु 68178 पाइयो । त्यसै गरी सबैभन्दा वढी खर्चहुने क्षेत्र उपभोग र यसमा ६२ प्रतिशत खर्च भएको पाइयो ।

### २. तहगत वार्षिक खर्च

यस अध्ययनमा गोठपानी वचत तथा ऋण सहकारी संस्थामा संलग्न २५० घरपरिवारले वार्षिक रुपमा गर्ने खर्चको तहगत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

### तालिका ४.३१

### घरपरिवारको तहगत वार्षिक खर्च – २०७१

| क्र.सं | आय विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५० हजार भन्दा कम | २५ | १० |
| २ | ५० हजार देखि १ लाख सम्म | १४० | ५६ |
| ३ | १ लाख देखि १ लाख ५० हजार सम्म | ७० | २८ |
| ४ | १ लाख ५० हजार देखि २ लाख सम्म | १० | ४ |
| ५ | २ लाख भन्दा माथि | ५ | २ |
| | जम्मा | २५० | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकाअनुसार वार्षिक ५० हजार भन्दा कम खर्च गर्ने १० प्रतिशत, वार्षिक ५० हजार देखि १ लाख सम्म सम्म खर्च गर्ने ५६ प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म खर्च गर्ने २८ प्रतिशत, १ लाख ५० हजार देखि २ लाख सम्म खर्च गर्ने ४ प्रतिशत, २ लाख भन्दा माथि खर्च गर्ने २ प्रतिशत रहेको पाइयो ।

## ४.७.३ वार्षिक बचत (Annual Saving)

### १.कुल आम्दानी र खर्चको आधारमा बचत

वार्षिक आम्दानीबाट खर्च घटाएर बाँकी रहेको रकम बचत हो । घरपरिवारको वचतलाई निम्नअनुसार देखाइएको छ ।

### तालिका ३२

### घरपरिवारको वार्षिक वचत विवरण – २०७१

| क्र.स. | विवरण | कुल जम्मा रकम रु. | प्रति परिवार औषत रकम रु. |
|---|---|---|---|
| १ | वार्षिक आदानी | 27582677 | ११०३३० |
| २ | वार्षिक खर्च | 17044700 | 68178 |
| जम्मा पारिवारिक वार्षिक वचत | | १०५३७९७७ | ४२१५३ |

*( स्थलगत सर्वेक्षण, २०७२)*

तालिकाअनुसार नमूना घरपरिवारको वार्षिक वचत रु१,०५,३७,९७७ र प्रति परिवार औषत बचत रु४२,१५३ पाइयो ।

### २. तहगत वार्षिक वचत (Level-wise Annul Saving)

यस अध्ययनमा प्राप्त वार्षिक बचतको विवरणलाई तहगतरुपमा निम्नअनुसार तलको तालिकामा देखाइएको छ ।

**तालिका : ४.३३**

**घरपरिवारको तहगत वार्षिक वचत – २०७१**

| क.सं | आय विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वचत नै नहुने धारण राख्ने | २५ | १० |
| २ | ५० हजार भन्दा कम | १५० | ६० |
| ३ | ५० हजार देखि १ लाख सम्म | ५० | २० |
| ४ | १ लाख देखि १ लाख ५० हजार सम्म | २० | ८ |
| ५ | १ लाख ५० हजार भन्दा माथि | ५ | २ |
| जम्मा | | २५० | १०० |

*(स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकाअनुसार वचत नै नहुने धारण राख्ने १० प्रतिशत, ५० हजार भन्दा कम वचत गर्ने ६० प्रतिशत, ५० हजार देखि १ लाख सम्म वचत गर्ने २० प्रतिशत, १ लाख देखि १ लाख ५० हजार सम्म वचत गर्ने ८ प्रतिशत, १ लाख ५० हजार भन्दा माथि वचत गर्ने २ प्रतिशत पाइयो ।

### ४.७.४. व्यापार/ व्यवसाय (Trade /Business)

व्यापार व्यावसायका लागि आम गरिबी जनताले साहुमहाजनबाट चर्को व्याजदरमा ऋण लिई व्यवसाय गर्नुपर्ने वाध्यतालाई सहज रूपमा परिवर्तन गरी सहुलियतपूर्ण व्याजदरमा ऋण उपलब्ध गराउने र ऋणको सही सदुपयोग गर्न संस्थाबाट दवाव परिहने हुँदा सदस्यहरू आम जीवनस्तर उकास्न व्यापार व्यवसायतर्फ आकर्षित भएका छन । यसले ऋणलाई दुरूपयोग हुनबाट जोगाउँछ । व्यापार व्यवसायको क्रममा व्यावसायिहरूलाई दैनिक रूपमा वचत गर्ने वानीको विकास भएको छ भने ऋणिहरूले दैनिक तथा मासिक, पाक्षिक

किस्तावन्दीमा ऋण तिर्न पाउने प्रावधानले लाभान्वित भएका छन् । यसको परिणाामस्वरूप वेकाम खर्चमा नियन्त्रण भई वचत बढेको छ । यस गोठपानी वचत तथा ऋण सहकारी संस्था स्थापना हुनुभन्दा पहिले र स्थापना भएपछि अध्ययन क्षेत्रमा रहेका व्यापार व्यवसायको विवरण प्रस्तुत गरिएको छ जसलाई निम्नानुसार तालिकावद्ध गर्न सकिन्छ ।

**तालिका ४.३४**

**सहकारी संस्था स्थापना हुनुभन्दा पहिले र स्थापना पश्चात सदस्य संलग्न व्यापार व्यावसायको विवरण –.२०७१**

| क्र.सं | व्यापार व्यवसायको प्रकार | २०७१ सम्मको संख्या | २०५९सम्मको संख्या |
|---|---|---|---|
| १ | किराना पसल | २१ | १ |
| २ | तरकारी खेती | ३८ | १ |
| ३ | व्यवसायिक नगदेबाली | २८ | |
| ४ | कुखुरा पालन | १० | २ |
| ५ | होटेल | ३ | |
| ६ | कपडा सिलाई | ४ | २ |
| ७ | स्टेशनरी | ४ | १ |
| ८ | फर्निचर | १० | १ |
| ९ | फोटो स्टुडियो | ३ | |
| १० | मोवाइल मर्मत | ३ | |
| ११ | वाखा, गाई, भैसी, सुगुर पालन | १४ | २ |
| जम्मा | | १३८ | १० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार अध्ययन क्षेत्रमा गोठपानी वचत तथा ऋण संस्था स्थापना हुनुभन्दा पहिला विभिन्न व्यवसायमा  संलग्न हुनेको संख्या १० रहेकोमा संस्थाको स्थापना भएपछि व्यापार व्यवसाय संचालन गरी जीवनस्तरमा सुधार गर्न व्यापार व्यवसायमा संलग्न भएकाको संख्या १३८ पुगेको पाइयो ।

### ४.७.५. रोजगारी (Employment)

यस शीर्षकमा गोठपानी वचत तथा ऋण सहकारी संस्थाले यसका सदस्यको आर्थिक क्षेत्रमा परेको प्रभाव अन्तर्गत संस्थाको स्थापना पछि स्थानीय स्तरमा सिर्जना भएका रोजगारीका अवसरहरूको बारेमा चर्चा गरिएको छ । यस सहकारी संस्था स्थापना भएदेखि नै १ जना कर्मचारी र हाल ३ जना कर्मचारीलाई नियमित रूपमा रोजगारी प्रदान गर्दै आइरहेको छ । यस संस्थाको स्थापना सँगै घरेलु उद्योगको क्षेत्रमा पनि क्रमश विस्तार हुँदै गएको छ । व्यावसायिक तरकारी खेती, नगदेवाली, व्यवसायिक पशुपालन, सहकारीबाट ऋण लिई वैदेशिक रोजगारी गएको पाइएकोले सहकारीको स्थापनाबाट सहकारीको स्थापना पछि रोजगारीमा वृद्धि भएको देखिन्छ (*स्थलगत सर्वेक्षण, २०७२*)।

### ४.७.६. भू–स्वमित्व (Land Ownership)

यहाँ भूमि वितरणलाई रोपनीको आधारमा वर्गिकरण गरिएको छ। भूमिको वितरण भन्नाले कृषकहरुले आफ्नो स्वामित्वमा प्रयोग गरेको जग्गाको मात्रा हो । अध्ययन सर्वेक्षणमा प्रत्येक घरपरिवारको प्राप्त विवरणलाई तलको तालिकाद्वारा स्पष्ट पारिएको छ।

**तालिका : ३५**

**प्रति घरपरिवार भूमिको वितरणको मात्रा –२०७१**

| | भूमिको मात्रा (रोपनीमा) | उत्तरदाताको संख्या | k\|ltzt |
|---|---|---|---|
| १ | भूमिहिन | 0 | 0 |
| २ | ० - ५ | 130 | 52 |
| ३ | ५ - १० | 90 | 36 |
| ४ | १० - १५ | 20 | 8 |
| ५ | १५ - २० | 5 | 2 |
| ६ | २० भन्दा माथि | 5 | 2 |
| जम्मा | | 250 | 100 |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिकाअनुसार भूमिहिन परिवार नभएको, ० देखि ५ रोपनी हुने परिवारको संख्या ५२ प्रतिशत, ५ देखि १० रोपनी भूमि हुने ३६ प्रतिशत, १० देखि १५ रोपनी भूमि हुने ८ प्रतिशत, १५ देखि २० रोपनी भूमि हुने २ प्रतिशत पाइयो । सहस्यहरु सवै स्थानीय वासिन्द भएको र पाखो खेतबारी भएपनि कोही भूमिहीन नभएको पाइयो ।

## ४.७. सदस्यहरूको संस्थामा आवद्ध हुनुभन्दा पहिले र आवद्ध भए पछाडिको आर्थिक अवस्थाको तुलनात्मक विवरण (Comparative Financial Status of Population Before and After Involvement in Co-oprative)

यस सहकारी संस्थाको स्थापना वि.स. २०५९ असोज ५ गते भएको हो । यस सहकारी संस्थाको स्थापना अगाडि र स्थापना पछाडिको सदस्यहरुको आर्थिक अवस्थाको तुलनात्मक विवरण निम्न अनुसार प्रस्तुत गरीएको छ ।

**तालिन : ४.३७**

**सहकारी संस्थामा संलग्न हुनुपूर्व र संलग्न भएपछिको आर्थिक अवस्थाको तुलनात्मक विवरण –२०७१**

| क्र.सं | वार्षिक आय विवरण | सहकारी सदस्य भएपछि –२०७१ | | सहकारी सदस्य हुनुपूर्व – २०५९ | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ५० हजार भन्दा कम | २५ | १० | १६५ | ७० |
| २ | ५० हजार देखि १ लाख सम्म | ८० | ३२ | ५० | २० |
| ३ | १ लाख देखि १ लाख ५० हजार सम्म | १२५ | ५० | २५ | १० |
| ४ | १ लाख ५० हजार देखि २ लाख सम्म | १० | ४ | ५ | २ |
| ५ | २ लाख भन्दा माथि | १० | ४ | ५ | २ |
| | जम्मा | २५० | १०० | २५० | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार नमूना छनोटमा परेका सदस्यहरूको आय विवरणहरूलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ । तालिका अनुसार सहकारीमा संलग्न हुनपुर्व वार्षिक ५० हजार भन्दा कम आम्दानी हुने ७० प्रतिशत घरपरिवार संख्या रहेकोमा उक्त संख्या कमिआई २० प्रतिशत मात्र रहेको छ । सहकारीमा संलग्न हुनपुर्व वार्षिक ५० हजार देखि १ लाख सम्म आम्दानी हुने २० घरपरिवार संख्या रहेकोमा उक्त संख्या वृद्धिआई ३२ प्रतिशत, सहकारीमा संलग्न हुनपुर्व वार्षिक १ लाख देखि १ लाख ५० हजार सम्म आम्दानी हुने १० प्रतिशत घरपरिवार संख्या रहेकोमा उक्त संख्या वृद्धिआई ५० प्रतिशत पुगेको देखिन्छ । यसरी समग्रमा हेर्दा सहकारी संस्थामा संलग्न भइसकेपछि सहकारी संस्थाको सेवा सुविधाको उपभोग गरी आम ग्रामिण भेगका स्थानीय व्यक्तिको आर्थिक विकास गर्न महत्वपूर्ण योदान पुगेको छ ।

## ४.८. शैक्षिक अवस्था (Educational Conditions)

### ४.८.१. नमूना छनौटमा परेका सदस्यहरुको शैक्षिक अवस्था (Education Conditions of Sampled Members)

नमूना छनौटमा परेका २५० घरपरिवारका सदस्यहरुको शैक्षिक अवस्थालाई निरक्षर र साक्षरको आधारमा अध्ययन सर्वेक्षण गरिएको थियो । निरक्षरमा साधरण पढ्न लेख्न नसक्ने र साक्षर भन्नाले सामान्य रुपमा पढ्न लख्न सक्नेलाई राखिएको थियो । जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिन : ४.३८**

**सदस्यहरुको शैक्षिक अवस्था**

| क.स. | विवरण | महिला | पुरुष | जम्मा संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | साक्षर | ५५८ | ५१० | १०६८ | ८७.१८ |
| २ | निरक्षर | १०३ | ५४ | १५७ | १२.८२ |
| जम्मा | | ६६१ | ५६४ | १२२५ | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार अध्ययन सर्वेक्षणमा यस सहकारीको सदस्य भएको परिवारमा १२२५ सदस्य मध्ये १०६८ जना ८७.१८ प्रतिशत साक्षर र १५७ जना १२.८२ प्रतिशत निरक्षर पाइयो ।

### ४.८.२ नमूना छनौटमा परेका सदस्यहरुको तहगत शैक्षिक अवस्था (Level-wise Educational Conditions of Sampled Members)

नमूना छनौटमा परेका घरपरिवारका सदस्यहरुको शैक्षिक अवस्थालाई निरक्षर, साक्षर, प्रा.वि., नि.मा.वि., मा.वि., उच्च मा.वि. र उच्च शिक्षा तहमा विभाजन गरीएको छ, जसलाई तलको तालिकामा देखाइएको छ ।

**तालिन : ४.३९**

**सदस्यहरुको तहगत शैक्षिक अवस्था–२०७१**

| क्र.स. | शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | निरक्षर | १५७ | १२.८ |
| २ | साक्षर मात्र | ३२५ | २६.५३ |
| ३ | प्रा.वि. | २८१ | २२.९ |
| ४ | नि.मा.वि. | १९४ | १५.८३ |
| ५ | मा.वि. | १५६ | १२.७३ |
| ६ | उ.मा.वि. | ७६ | ६.२ |
| ७ | उच्च शिक्षा | ३६ | २.९ |
| जम्मा | | १२२५ | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार २५० घरपरिवारका १२२५ सदस्यहरुमा निरक्षर १५७ जना, साक्षर मात्र ३२५जना, प्रा.वि तह योग्यता भएका २८१, नि.मा.वि. १९४, मा.वि., उच्च मा.वि.७६ र उच्च शिक्षा ३६ जना भएको पाइयो ।

### ४.८.३ बालबालिकाको पढ्ने शैक्षिक संस्था सम्वन्धि विवरण (Details of School Studing Children)

अध्ययन क्षेत्रका घरपरिवार भित्रका बालबालिकाहरुले अध्ययन गर्ने शैक्षिक संस्था निजी र सरकारी गरी छुट्इएको थियो । यस अध्ययनमा ५ वर्ष देखि २५ वर्ष भित्रका बालबालिका र प्रा. वि. देखि उच्च तहको शैक्षिक तहलाई समेटिएको थियो जुन निम्न अनुसार छ ।

**तालिन : ४.४०**

**बालबालिकाको पढ्ने शैक्षिक विवरण –२०७१**

| क.स. | विवरण | वालवालिकाको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विद्यालय नजाने | ३ | १ |
| २ | सरकारी विद्यालयमा जाने | २०६ | ६५ |
| ३ | निजी विद्यालयमा जाने | १०२ | ३४ |
| जम्मा | | ३११ | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार विद्यालय नजाने १ प्रतिशत, सरकारी विद्यालयमा जाने ६४ प्रतिशत र निजी विद्यालयमा जाने ३३ प्रतिशत पाइयो ।

### ४.८.४. बालबालिकाहरु पढ्ने शैक्षिक तहगत विवरण (Level-wise Educational Conditions)

यस अध्ययनको क्रमामा सहकारीका २५० घरपरीवारको ३११ जनाको शैक्षिक अवस्था निम्न लिखित तालिकामा देखाइएको छ :

**तालिका : ४.४१**

**पारिवारिक शैक्षिक अवस्था – २०७२**

| क्र.स. | तह | संलग्न सदस्यको पारिवारको जनसङ्ख्या | | | प्रतिशत |
|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | |
| १ | विद्यालय नजाने | २ | १ | ३ | १ |
| २ | प्रा.वि. | ४० | ४१ | ८१ | २६ |
| ३ | नि.मा.वि. | ५१ | ४० | ९१ | २९ |
| ४ | मा.वि. | ३४ | ४२ | ७६ | २४ |
| ५ | उ.मा.वि. | १६ | ३० | ४६ | १५ |
| ६ | उच्च शिक्षा | ६ | १० | १६ | ५ |
| | जम्म | १४८ | १६५ | ३११ | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका मा सदस्यहरूको पारिवारिक शैक्षिक अवस्थालाई देखाइएको छ । जस अनुसार प्रा.वि.मा ८१ जना, नि.मा.वि. मा ९४ जना, मा.वि.मा ७६ जना, उ.मा.वि.मा ४६, र उच्च शिक्षा १६ जनाले अध्ययन गरेको पाइयो भने विद्यालय उमेर समूहका ३ जना नगएको देखिन्छ ।

## ४.९ सहकारी संस्थाले सदस्यहरूको शैक्षिक क्षेत्रमा पारेको प्रभाव (Educational Impact of Co-oprative on Members)

रामेछाप जिल्लाको गोठगाउँ गा.वि.स कार्यक्षेत्र भएको गोठपानी वचत तथा ऋण सहकारी संस्थाले यसका सदस्य तथा स्थानीय जनताको शैक्षिक क्षेत्रमा प्रत्यक्ष प्रभाव परेको छ । सहकारीको स्थापनाले सदस्यका परिवारका आम्दानी बढ्न गई आफ्ना बालबालिकाको शैक्षिक अभिवृद्धि गर्न आवश्यक लगानी गर्न सक्षम भएका छन् । आर्थिक अवस्था कमजोर भएका कारणले आफ्ना बालबालिकाको शिक्षाको क्षेत्रमा पहुँच पुऱ्याउन वा शिक्षाको अवसर गुमाएकाहरूलाई सहकारी संस्था स्थापना पश्चात आम्दानी वृद्धि कार्यहरूमा सहभागी गराई आर्थिक हैसियत सम्वृद्ध गरी आफ्ना बालबालिकालाई चाहिने आधुनिक शैक्षिक सामग्रीहरूको बन्दोवस्त गरी आधुनिक शिक्षामा पहुँच पुऱ्याउन सक्षम भएका छन् । कम्प्युटर इमेल, इन्टरनेट जस्ता सूचना प्रविधिको प्रयोग गर्ने अवसर बालबालिकाले पाएका

छन् । सहकारीमा संलग्न हुनुभन्दा पहिले आर्थिक दुरावस्थाको कारणले आफ्ना बालबालिकालाई विद्यालय पठाउन असक्षम अभिभावककहरू सहकारी स्थापना पश्चात आर्थिक उन्नतीका कारण विद्यालय पठाउन सक्षम भएका छन् । यी विविध कुरालाई विश्लेषण गर्दा गोठपानी वचत तथा ऋण सहकारी संस्थाको स्थापनाले स्थानीय जनताहरूको शैक्षिक क्षेत्रमा निकै ठूलो सहयोग मिलेको देखिन्छ । शिक्षा विकासको आधार हो । शिक्षा बिना सम्मुन्नत तथा सभ्य समाजको निर्माण गर्न सकिदैन । शिक्षाले मानिसलाई असल नागरिक जीवनयापन गर्न सिकाउनुका साथै मानिसलाई सर्वपक्षको विकास गर्न सहयोग गर्दछ । प्रायजसो सबै अभिभावहरूलाई आफ्ना बालबालिकालाई राम्रो तथा गुणस्तरीय शिक्षा दिन राम्रो विद्यालयमा भर्ना गर्ने इच्छा चाहना रहेको हुन्छ । राम्रो र गुणस्तरीय शिक्षा दिने चाहना हुँदाहुँदै पनि आर्थिक अवस्थाको कारण शिक्षाको पहूँचबाट वञ्चित रहेका छन् । अध्ययन छनोटमा परेका सदस्यहरूको सहकारीमा प्रवेश गर्नु अघि र पछि बालबालिकामा परेको सकारात्मक प्रभावले पढने बालबालिकामा के कस्तो परिवर्तन आएको छ भन्ने कुरालाई निम्न तालिकतालिका देखाइएको छ ।

**तालिका : ४.४१**

**सहकारी संस्थामा प्रवेश गर्नु अघि र पछि बालबालिकाको विवरण –२०७१**

| क्र.सं | विवरण | प्रवेश हुनुपूर्व २०५९ | | प्रवेश भएपछि २०७१ | |
|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | विद्यालय नजाने | २५ | २५ | ३ | १ |
| २ | सरकारी विद्यालय | ६५ | ६५ | २०६ | ६५ |
| ३ | निजी विद्यालय | १० | १० | १०२ | ३४ |
| जम्मा | | १०० | १०० | ३११ | १०० |

*( स्थलगत सर्वेक्षण, २०७२)*

माथिको तालिका अनुसार सहकारी संस्थाको स्थापना पूर्व र पश्चात् बालबालिका र विद्यालयको शैक्षिक अवस्थालाई हेर्दा सहकारी स्थापनापूर्व र स्थापना पश्चात सरकारी विद्यालयमा पढ्नेको संख्या नै उच्चतम रहेको छ । सहकारी स्थापना पूर्व आर्थिक अवस्था दयनीय भएका कारण विद्यालय नजाने बालबालिकाको प्रतिशत २५ छ भने सहकारी स्थापना भए पश्चात यो संख्यामा न्यूनता आई १ प्रतिशतमा सिमित रहेको छ । त्यस्तै सहकारी स्थापनापूर्व निजी विद्यालयसम्म पहुँच नपुग्ने आर्थिक स्थिति कमजोर भएका कारण १०

प्रतिशत मात्र अध्ययन गर्दथे भने सहकारीको स्थापना पछि यसमा उल्लेखनीय वृद्धि भई ३४ प्रतिशत बालबालिका निजी विद्यालयमा पढ्न पाएका अवस्थाले सहकारीले ग्रामिण स्थानीय जनता तथा सहकारीका सदस्यहरूको शैक्षिक अवस्था क्रमशः सुधार गर्दै गएको छ ।

## ४.१०. सहकारी संस्थाको समस्याको पहिचान (Problem Identification of Co- operative)

कुनै पनि संस्था संगठन, कार्यालयीय अभिवृद्धि विकास तथा कार्यक्रमका साथसाथै राम्रा र नराम्रा पक्षहरू रहेका हुन्छन् । त्यस्ता दोष तथा नराम्रा पक्षको समयमै पहिचान गरी मूल्याङ्कन र समाधानका उपायहरू पहिल्याई उक्त कार्यक्रमलाई अघि बढाउन अनिवार्य हुन्छ । अन्यथा कार्यक्रम फितलो हुन जान्छ । यसअध्ययनमा सहकारीका सदस्य तथा उत्तरदातावाट प्राप्त उत्तर समेतका आधारमा यस सहकारी संस्थामा पनि धेरथोरै समस्याहरू रहेका छन् । रकमको अभाव, ऋणको दुरूपयोग सम्बन्धी समस्या, ऋण भुक्तानी सम्बन्धी समस्या, अनुगमन मूल्याङ्न सम्बन्धी समस्या, भौतिक पूर्वाधार सम्बन्धी समस्या आदि रहेको पाइयो । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### (क) ऋण सम्बन्धी समस्या (Problem Regarding the Debt)

यस सहकारी संस्थामा पर्याप्त पुँजीको अभावले सदस्यले माग गरेको समयमा ऋण सहयोग उपलब्ध गराउन नसकेको कुरा संस्थाका प्रमुखबाट थाहा भयो । जसले गर्दा सहकारीमा संलग्न सदस्यहरूले आफ्नो इच्छा अनुसारको कार्य गर्न अप्ठ्यारो परेको पाइयो । आन्तरिक पुँजी वृद्धिको लागि सेवको विविधिकरण बाल वचत, दीर्घकालीन सदस्य, ऐच्छिक वचत आवधिक वचत आदि गरेको पाइन्छ ।

### (ख) ऋण दुरूपयोग सम्बन्धी समस्या (Problem Regarding the Misuse of Debt)

सहकारीमा संलग्न सदस्यहरूले जुन उद्देश्यले ऋण लिएको हो त्यसमा खर्च नगरेर अन्यत्र खर्च गरेर ऋणको दुरूपयोग भएको पाइन्छ । ऋण अनुत्पादक क्षेत्रमा लगानी गर्दा ऋण तिर्न गाह्रो पर्ने आम्दानी न्यून हुने हुन्छ । यसरी सहकारी संस्थामा संलग्न सदस्यलाई सहकारीबाट प्राप्त ऋणलाई उद्देश्य अनुसार खर्च गर्नुहुन्छ भनी सोध्दा ७० प्रतिशत ले गर्छौं भन्ने जवाफ दिए भने ३० प्रतिशतले गरिदैन भन्ने जवाफ दिए ।

### (ग) भुक्तानी सम्बन्धी समस्या (Problem of Payment)

यस संस्थाबाट सदस्यहरूले निश्चित समयमा भाका राखी ऋण तिर्ने सर्तमा ऋण लिएको हुन्छ । भाकामा तिर्नको लागि संस्था पदाधिकारीहरूले बेलाबेलामा जानकारी र सचेत गरिरहने, यदि भाकामा ऋण नतिरेमा व्याजदर बढाउने वा जरिवाना लगाउने व्यवस्था गरेको पाइन्छ । संस्थाबाट लिएको ऋण समयमै तिरेको छ भनी प्रश्न गर्दा ८५ प्रतिशत ले तिरेको र १५ प्रतिशतले विभिन्न कारणले नतिरेको जवाफ दिएको छ ।

### (घ) निरीक्षण र मूल्याङ्कन सम्बन्धी समस्या (Problem of Supervision and Evaluation)

जुनसुकै संस्थागत संगठनात्मक कार्यक्रम गर्दा अनुगमन र मूल्याङ्कन निरिक्षण भएन भने सो कार्यक्रमको उद्देश्य अनुसार प्रतिफल प्राप्त गर्न सकिदैन । त्यसैले सहकारी संस्थाले पनि आफूले प्रदान गरेको ऋणको सही सदुपयोग भएको छ छैन भनी समय समयमा अनुगमन निरिक्षण गर्न आवश्यक रहेको छ । संस्थाका नमूना छनौटमा परेका सदस्यलाई तपाईले लिएको ऋण प्रयोजनार्थ सही काममा लगाएको छ छैन ? भनी संस्थाबाट निरिक्षण भएको छ छैन भनी प्रश्न गर्दा ४५ प्रतिशतले गरेका छन र ५५ प्रतिशतले निरिक्षण नभएको कुरा व्यक्त गरेको पाइयो ।

### (ङ) भौतिक पूर्वाधारको अभाव (Lack of Infrastructure)

सहकारी संस्थाको आफ्नै भवन नभएकोले कार्यालय सञ्चालन तथा विभिन्न कार्यक्रमको सञ्चालन गर्न खानेपानी, विद्युत, आवास  संचार जस्ता कुराको अभाव रहेको हुनाले सदस्यलाई कार्यक्रम सञ्चालन गर्न समस्या भएको पाइयो ।

## ४.११ प्राप्तीहरुको सारांस (Summary of Findings)

- यो अध्ययन गोठगाउँ गा.वि.स. मा संचालित गरिएको गोठपानी वचत तथा ऋण सहकारी सस्था लि.ले “**सहकारी संस्थाले आर्थिक तथा पारिवारीक शैक्षिक क्षेत्रमा पारेको प्रभाव : (गोठगाउँ गाउँ विकास समिति, रामेछाप)**” शीर्षकमा गरिएको थियो ।
- रामेछाप जिल्ला को गोठगाउँमा अवस्थित रही संचालनमा आएको गोठपानी वचत तथा ऋण सहकारी संस्था लि. ले सहकारी संस्थाको वर्तमान अवस्थाको विश्लेषण गर्नु,

सहकारी संस्थाले प्रभाव गरेको ऋणको क्षेत्रको पहिचान गर्नु, सहकारी संस्थामा संलग्न सदस्यहरूको आर्थिक र उनीहरूका बालबलिकाको शैक्षिक अबस्थाको अध्ययन गर्नु यी ३ वटा विशिष्ट उद्देश्य राखिएको छ । अध्ययन क्षेत्रमा गोठपानी वचत तथा ऋण सहकारीमा आवद्ध सदस्यहरूको आर्थिक, शैक्षिक अवस्था पत्ता लगाई संस्थाका समस्याहरू पहिल्याई समाधानका लागि आवश्यक सुझाव प्रस्तुत गर्नु यस अध्ययनको उद्देश्य रहेको छ ।

) अध्ययनको उद्देश्यहरू पुरा गर्न वर्णनात्मक र विश्लेषणात्मक पद्धति अपनाइएको छ । जसका लागि आवश्यक तथ्याङ्क संकलनका औजारहरू प्रयोग गरी प्राथमिक र द्वितीय तथ्याङ्कद्वारा तथ्याङ्कको विश्लेषण गरिएको छ । प्राथमिक तथ्याङ्क संकलन गर्न दुईखाले प्रश्नावली तयार पारी सहकारीका अध्यक्ष र सहकारिमा संलग्न भएका सदस्यहरूद्धारा तथ्याङ्क संकलन गरिएको थियो । सहकारीमा संलग्न भएका सदस्य संख्या ५१० मध्येबाट सहकारीको एउटै घरमा एकभन्दा बढि पनि भएकोले प्रत्येक घरपरिवारको एकजना घरमूलीबाट तथ्याङ्क सङ्कलन गर्ने विधिको आधारमा २५० जनालाई र एकजना अध्यक्ष गरी २५१ जना समेटिएको थियो । यी सहकारी संस्थाका सदस्यहरूलाई प्राथमिक तथ्याङ्कका स्रोत मानिएको छ । द्धितीय स्रोतको रुपमा विभिन्न बाह्य स्रोतहरू गा.वि.स. को कार्यालय, जि.वि.स को कार्यालय, गोठपानी वचत तथा ऋण सहकारी संस्था लि., केन्द्रीय तथ्याङ्क विभाग, राष्ट्रिय सहकारी बोर्ड, सहकारी विभाग पत्रपत्रिका, प्रकाशित अप्रकाशित स्रोतहरू आदि रहेका छन् ।

) गोठपानी वचत तथा ऋण सहकारी संस्था लि.को. स्थापना वि.स. २०५९ असोज ५ मा भएको हो । यो सहकारी गोठगाउँ गा.वि.स मा संचालित छ । यस सहकारीले ऋण लगानीमा १२ प्रतिशत व्याज लिने र वचतमा ६ देखि ७ प्रतिशत व्याज दिने गरेका पाइयो ।

) यस सहकारीको आ.व. ०७१/०७२ को असारको अन्त्यसम्ममा कूल वचत रु५०,१६,१७४, कूल सम्पत्ति रु५९,०१,८६२, कूल दायित्व रु ५९,०१,८६२ भएको र कूल नाफा रु १,१९,१२० को २५ प्रतिशत रकम जगेडा कोषमा राखी बाँकी रु ८९,३४०  रकम विभिन्न शीर्षक छुट्याई राखिएको पाइयो ।

- यस सहकारीको संगठनलाई हेर्दा ९ सदस्य रहेको सञ्चालक समिनि, ३ सदस्य भएको लेखा सुपरिवेक्षण समिति, ऋण उपसमिति, शिक्षा उपसमिति लगायतका समितिहरू र जम्मा ५१० सेयर सदस्य रहेको पाइयो ।
- यस संस्थाले विभिन्न आयमूलक सिपमूलम तालिम संचालन गरेको पाइयो । आयमूलक सिपमूलक तालिम लिनेको जम्मा संख्या वि.स.२०७२ को असार मसान्त १२० जना पाइयो ।
- सहकारीका सदस्यले विभिन्न प्रयोजनको लागि ऋण लिने गरेको पाइयो जसमध्ये कृषि, व्यापार, शिक्षा, स्वास्थ्य, वैदेशिक रोजगार आदिमा जम्मा ५१,३०,५०० ऋण दिएको पाइयो । कृषि क्षेत्रमा जम्मा लगानीको २९.३३ प्रतिशत, व्यापारमा ३८.९९ प्रतिशत, उद्योगमा ९.७४ प्रतिशत शिक्षा क्षेत्रमा ३.९ प्रतिशत, स्वास्थ्यमा ८.२८ प्रतिशत, वैदेशिक रोजगारमा ९.७४ प्रतिशत रहेको पाइयो । सबैभन्दा बढी व्यापारमा २८.६० प्रतिशत लगानी रहेको पाइयो भने सबैभन्दा कम शिक्षा क्षेत्रमा ३.९ प्रतिशत लगानी गरेको पाइयो ।
- सदस्यहरुको घरपरिवारको वार्षिक जम्मा आम्दानी रु.2,75,82,677 वार्षिक औसत प्रति घरपरिवारको आय जम्मा रु.११०३३० /x]sf] kfOcf] . ;xsf/Ldf ;+nUg ;b:ox?sf] #/kl/jf/sf] ;a]eGbf a(L cfDbfgL s[lif af^ / ;j}eGbf sd cfDbgL pBdLaf^ eP/sf] % eg] j}b]lzs /f]uf/af^ klg pn]vlgo cfDbfgL %.
- सहकारी संस्थाबाट ऋण लिएर १३८ परिवारले विभिन्न पेसा व्यवसाय गरेको पाइयो । स्रोत सर्वेक्षणको आधारमा परिवारको कुलआम्दानी रु 27582677 मध्य सहकारीको ऋण प्रवाहको कारण रु ७४६३२०० आम्दानी भएको पाइयो । यो सहकारीको लगानीबाट भएको आय कुल २७ प्रतिशत हुन आउछ भने सहकारीको लगानीले वैदेशिक रोजगारीमा पनि वृद्धि गरेको पाइन्छ ।
- अध्ययनमा छनौट परेका २५० घरपरिवारमा वार्षिक खर्च हेर्दा जम्मा वर्षिक खर्च रु 17044700 र वार्षिक औषत प्रतिघरपरिवारको खर्च रु68178 पाइयो । त्यसै गरी सबैभन्दा वढी खर्चहुने क्षेत्र उपभोग र यसमा ६२ प्रतिशत खर्च भएको पाइयो ।
- अध्ययन अनुसार नमूना घरपरिवारको वार्षिक वचत रु१,०५,३७,९७७ र प्रति परिवार औषत बचत रु४२,१५३ पाइयो । परिवार भित्र वैदेशिक रोजगारीबाट प्रसस्त आम्दानी देखिन्छ ।

- सहकारी संस्था स्थापना पूर्व शैक्षिक अवस्थालाई हेर्दा सरकारी विद्यालय जाने ६५ प्रतिशत, निजी विद्यालय जाने १० प्रतिशत, विद्यालय नजाने २५ प्रतिशत रहेको छ भने सहकारी स्थापनापछि निजी विद्यालय जाने विद्यार्थीको  संख्या ३४ प्रतिशत, सरकारी विद्यालय जाने ६५ प्रतिशत र विद्यालय नजानेको संख्या १ प्रतिशत रहेको पाइयो । सहकारीले बालबालिकालाई वार्षिक रुपमा रु२०६००  छात्रवृत्ति दिइएको पाइयो ।

# अध्याय पाँच (CHAPTER FIVE)

**५. निष्कर्ष र सुझावहरू (Conclusion and Recomendation)** यस अध्ययनमा राखिएका उद्देश्यहरू प्राप्त गर्नका लागि प्राप्त तथ्याङ्कको विश्लेषण गरीसकेपछि प्राप्त भएका नतिजालाई क्रमश : निष्कर्ष, र सुझावको रुपमा प्रस्तुत गरीएको छ ।

## ५.१ निष्कर्ष (Conclusion)

यस सहकारी संस्थाले ओगटेको कूल सदस्य संख्या ५१० जना मध्ये एउटा परिवारमा एक वा सो भन्दा बढि सदस्यहरु भएका र यी सदस्यहरू २५० घरधुरीमा समेटिएकोले एक घरधुरीबाट एक सदस्य नछुट्ने गरी २५० जना र एकजना अध्यक्ष गरी २५१ जना अर्थात ४९.२१ प्रतिशत यस अध्ययनमा नमूना छनोटमा रूपमा छनौट गरी प्राथमिक र द्वितीय स्रोतबाट तथ्याङ्कको व्याख्या तथा विश्लेषण गर्दा निस्केको निष्कर्षलाई निम्नानुसार बुँदागत गर्न सकिन्छ ।

१ . यो सहकारी संस्था वि.स. २०५९ असोज ५ गते विधिवत रूपमा स्थापना भएको थियो ।

२. यस सहकारी संस्थामा संलग्न सदस्यलाई सहकारी संस्थाले वचत शेयर, व्यक्तिगत धितो तथा सामुहिक धितो जमानत र जग्गा धितोको आधारमा ऋण दिने गरेको छ ।

३. सहकारी संस्थाले सदस्यहरूलाई सहुलियत पूर्ण दरमा ऋण दिने व्यवस्था गरेको छ । वचत र लगानीमा निश्चित प्रतिशत व्याज दिने गरेको पाइयो । मासिक वचतमा ६ प्रतिशत र लगानीमा १२ प्रतिशत व्याजदर निर्धारण गरेको छ ।

४. यस सहकारीले ऋण असुलिको भाका छोटो समयावधिको राखेको छ । भाका बढीमा २ वर्ष कम्तिमा ८ महिना रहेको छ ।

५. सदस्यले ऋणको सही सदुपयोग गरेका छन् कि छैनन भनी संस्थामा गठित लेखा सुपरीवेक्षण समितिले वर्षमा ३, ४ पटक निरिक्षण र अनुगमन गर्ने गरिएको छ ।

६. यस संस्थाको दायित्व पूँजी रू 59,01,862 बरावरको रहेको छ, शेयर पुँजी रू 2,18,100 जगेडा कोष हिसाव रू 2,68,203 रहेको छ भने बचत हिसाब रु 5016174 रहेको छ ।

७. यस सहकारी संस्थाले सबैभन्दा बढी ३८.९९ प्रतिशत व्यापारमा लगानी गरेको छ भने शिक्षा क्षेत्रलाई कम महत्व दिएको शिक्षा क्षेत्रमा कुल लगानीको ३.९९ प्रतिशत मात्र लगानी गरेको देखिन्छ ।

८. अध्ययन अनुसार नमूना घरपरिवारको वार्षिक वचत रु१,०५,३७,९७७ र प्रति परिवार औषत बचत रु४२,१५३ रहनु राम्रो हो ।

९. सहकारीको स्थापना पश्चात यस क्षेत्रको व्यापार व्यवसायमा वृद्धि हुनुका साथै आम स्थानीय जनताको आर्थिक सामाजिक अवस्थामा पनि उल्लेखनीय सुधार आएको छ । यो सहकारी स्थापना हुनुभन्दा पहिले ४० जनाले व्यापार व्यवसाय र उद्योगम लगानी गरेका थिए । भने स्थापना भएपपछि व्यापार व्यवसायमा १६५ जना संलग्न भएका छन् ।

१०. स्थानीय जनताहरूमा सहकारी संस्था सम्बन्धी चेतनाको विकास भएपछि संस्थामा संलग्न हुने क्रमबढ्दै गइरहेको छ । किनकी स्थापनाकालमा यसमा जम्मा २७ जना सदस्यबाट सुरू भई हाल ५१० जना सदस्य पुगेका छन् ।

११. यो सहकारी स्थापना पूर्व विद्यालय नजाने बालबालिका २५ प्रतिशत रहेकोमा हाल यो संख्या घटेर १ प्रतिशत सिमिति छ । आर्थिक अवस्थाको मजबुदीका सँगसँगै निजी विद्यालयमा बालबालिकाको भर्ना २० प्रतिशतबाट बढेर ३४ प्रतिशत पुगेको छ ।

१२. यस सहकारी संस्थाको स्थापना पूर्व ऋणको स्रोत साहुमहाजन थिए तर यसको स्थापना पश्चात सहकारीबाट ऋण लिनेको संख्या ८० प्रतिशत पुगेको छ ।

१३. यस सहकारीले विभिन्न चेतनामूलक सिपमूलक, व्यवसायीमूलक, रोजगार आयमूलक तालिम तथा व्यवसायमूलक तालिम लिनेको संख्या वृद्धि भएको छ ।

१४. यस अध्ययन क्षेत्रबाट प्राप्त भएका विभिन्न तथ्याङ्कहरूको विश्लेषणद्वारा यस सहकारीले सदस्यको आर्थिक, शैक्षिक क्षेत्रमा निकै सकारात्मक प्रभाव पारेको छ ।

## ५.२ सुझावहरू (Recommendations)

उल्लेखित निष्कर्षका आधारमा निम्नानुसार सुझावहरु प्रस्तुत गरिएको छ ।

### ५.२.१ प्रयोगात्मक सुझावहरु (Practical Recomendations)

१. यस अध्ययनलाई हेर्दा यी संस्थाहरूमा ग्रामिण क्षेत्रमा धेरै भन्दा धेरै गरिब, किसान, पिछडिएका वर्गलाई सहभागी गराउन प्रत्यक घरघरको प्रत्येक सदस्यमा पुग्नसकेमा उनीहरूको आर्थिक स्तरमा सुधार भै जीवनस्तर उच्च बनाउन सकिन्छ ।

२. ग्रामिण समुदायमा अझै पनि ऋण कार्य समस्याको रहेकाले यसको समाधानका लागि राष्ट्रिय सहकारी विकास बोर्डले सहकारी अभियानलाई तिव्रता दिई प्रत्येक ग्रामिण क्षेत्रमा सहकारी खोली सम्पूर्ण व्यक्तिलाई संस्थामा आवद्ध हुने खालका योजना बनाउने ।

३. गोठपानी सहकारीले ऋण असुलीको अवधि लम्ब्याई सदस्यहरूलाई थप समय काम गर्ने मौका दिई सदस्यलाई बढी फाइदा गराउने व्यवस्थाको लागि पहल गर्ने ।

४. सहकारी संस्थाले आगामी दिनमा उत्पीडित, पिछडिएका र घरमा मात्र सिमित रहेका महिला दलितलाई संस्थामा आवद्ध गराउन थप चेतनामूलक कार्यक्रम गर्ने ।

५. ऋण लिने सदस्यको ऋणको सदुपयोग भएको छ छैन भनी वार्षिक रूपमा कम्तीमा ३/४ पटक निरिक्षण अनुगमन गर्ने व्यवस्था मिलाउने ।

६. सम्पूर्ण सदस्यलाई सिपमूलक तालिम प्रदान गर्ने ।

७. महिला दलित, अपाङ्ग, बालबालिकाको लागि विशेष कार्यक्रमको व्यवस्था संचालन गर्नुपर्ने ।

८. संस्थाले ऋण प्रवाह गर्दा व्यवसायमूलक, आयमूलक, कार्यक्रमलाई पहिलो प्राथमिकता दिने ।

९. संस्थाले बेला बेलामा सम्पूर्ण सदस्य एवम् स्थानीय जनतालाई भेला गराई संस्थाको महत्वको बारेमा प्रष्ट पार्ने

१०. आयमूलक, रोजगारमूलक कार्यक्रमको बारेमा प्रशिक्षण गने ।

११. सदस्यहरूलाई शैक्षिक लगानीमा प्रोत्साहन गर्ने

### ५.२.२ नीति सम्बन्धी सुझावहरू (Policy Related Recommendation)

१. यस सहकारीले दिने ऋणको समयावधि अपुग भएकाले यो ऋणको समयावधि ३ वर्ष सम्म बनाउनु पर्दछ ।

२. सहकारीको कार्यक्षेत्र छिमेकि अन्य गा.वि.स.मा पनि विस्तार गर्नुपर्ने ।

३. ऋण र वचतको व्याजदर समयअनुसार परीवर्तन गर्नुपर्ने ।

४. कारोवार बढ्दैगएको हेर्दा मासिक कारोवारलाई दैनिक कारोवार गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ आगामी अनुसन्धानका लागि सुझावहरु (Further Reserch Related Recomendations)

सहकारी संस्था र यसको भूमिकामा केन्द्रित रहेर थप अनुसन्धान गर्न चाहेकाहरुका लागि निम्नलिखित सुझावहरु प्रस्तुत गर्न सकिन्छ ।

१. यस अध्ययनमा संलग्न भएका सदस्यहरुको आर्थिक र उनीहरुको बालबालिकाहरुको शैक्षिक अवस्थाको अध्ययन गरिएको यो वाहेक अन्य सहकारी सम्वन्धी अध्ययन गर्न सकिन्छ ।

२. विभिन्न सहकारी संस्थाहरुको वित्तीय अवस्थाको तुलनात्मक अध्ययन गर्न सकिन्छ ।

३. सहकारीले महिला सशक्तिकरणमा पारेको प्रभावबारे अध्ययन गर्न सकिन्छ ।

४. सहकारीले संस्थाका सदस्यहरुलाई लगानी गरेको ऋणको प्रभावकारीता बारे अध्ययन गर्न सकिन्छ ।

५. सहकारी संस्थाले ग्रामिण भेगका आमगरिब जनताको आर्थिक, शैक्षिक र समाजिक क्षेत्रमा पारेको प्रभावलाई अध्ययन गर्न सकिन्छ ।

# सन्दर्भ सामग्री (References)


राष्ट्रिय सहकारी विकास बोर्ड, (२०६६), *सहकारी दिग्दर्शन (*वार्षिक अंक)

शर्मा, खगराज (२०६९), *सहकारी विभाग संक्षिप्त परिचय,* ललितपुर सहकारी विभाग ।

अर्थमन्त्रालय (२०६८), *आर्थिक सर्वेक्षण* : नेपाल सरकार अर्थमन्त्रालाय ।

अर्थमन्त्रालय (२०७०), *आर्थिक सर्वेक्षण* : नेपाल सरकार अर्थमन्त्रालय ।

चौधरी, प्रकाशन (२००८), *नेपालमा सहकारी नीति र यसको कार्यान्वयनको अवस्था,* प्रकाशित लेख ।

सहकारी विभाग, (२०६८) *नेपालमा सहकारीको विकास* ।

तथ्याङ्क विभाग (२०६८), *आर्थिक सर्वेक्षण :* केन्द्रीय तथ्याङ्क विभाग ।

मल्ल, ओमदेवी (२०६९), *सहकारी संवाद,* ललितपुर : राष्ट्रिय सहकारी विकास बोर्ड ।

राष्ट्रिय योजना आयोग (२०६८), *बाह्रौं त्रिवर्षिय योजना* २०६७/०६८-२०६९/०७० काठमाडौं : राष्ट्रिय योजना आयोग ।

पौड्याल, मुक्तिनाथ (२०६०), *नेपालको ग्रामिण अर्थतन्त्रको विकासमा साना किसान सहकारी संस्थाको भूमिका आनन्दवन सहकारी संस्था एक अध्ययन,* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

राष्ट्रिय सहकारी विकास बोर्ड (२०६७), *सहकारी दिग्दर्शन (वार्षिक अंक),* ललितपुर : राष्ट्रिय सहकारी विकास बोर्ड ।

अधिकारी, विष्णुप्रसाद (२०६७), *'सहकारी संस्थाले समुदायमा पारेको आर्थिक तथा शैक्षिक प्रभावको एक अध्ययन,'* अप्रकाशित शोधपत्र, अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

जिल्ला विकास कार्यालयको प्रोफाइल (२०७०), *जिल्ला विकास कार्यालय रामेछाप*

गोठगाउँ गा.वि.स.को प्रोफाइल (२०७०), *गोठगाउँ गा.वि.स.को कार्यालय, रामेछाप*

सहकारी वुलेटिन (२०७२), *डिभिजन सहकारी कार्यालय, दोलखा*

एच.एम.जी. डिपार्टमेन्ट अफ कोअपरेटिभ (२०६३), *जेण्डर इकवालिटि इन कोअपरेटिभ ।*

केन्द्रीय तथ्यांक विभाग (२०६८), *राष्ट्रिय जनगणना* ।

ठकुरी, चन्द्र बहादुर (२०६५), *नेपालमा सहकारी व्यवसाय व्यवस्थापन (सिद्दान्त र अभ्यासहरु )* काठमाडौं ।

दाहाल, रमेश कुमार (२००२), *Identification of Root Cause of Girl Trafficking: A case study of Mechi Nagarpalica, Thapa,* सोसोलोजी एन्थ्रोपोलोजिजी केन्द्रिय विभागमा प्रस्तुत अप्रकाशित सोधपत्र ।

नेपाल सरकार (२०५५), *नवौं राष्ट्रिय योजना (२०५४-२०५९), राष्ट्रिय योजना आयोग, नेपाल ।*

नेपाल सरकार (२०५९), *नवौं राष्ट्रिय योजना (२०५९-२०६४) राष्ट्रिय योजना आयोग, नेपाल ।*

पौडेल, नारदमणि (२०५६), *सहकारी सम्वाद, राष्ट्रिय सहकारी विकास वोर्ड, पुल्चोक ललितपुर ।*

बाँस्कोटा, दीपक प्रकाश (२०६२), *सहकारी सन्देश,* राष्ट्रिय सहकारी संघ ।

राष्ट्रिय सहकारी वोर्ड, *सहकारी ऐन, २०४८ ।*

राष्ट्रिय सहकारी वोर्ड, *सहकारी नियमावली,* २०४९ ।

## अनुसूची -१

## गोठपानी वचत तथा ऋण सहकारी संस्था लि.मा संलग्न शेयर सदस्यहरुको लागि तयार पारिएको **प्रश्नावली**

(क) विवरणात्मक प्रश्न

१.१. नाम :

१.२. ठेगाना :

१.३. उमेर :

१.४.पेशा :

१.५. योग्यता :

२. पारिवारिक विवरण

| परिवार संख्या | उमेर समूह | | | |
|---|---|---|---|---|
| | ०–१५ | १५–४० | ४०–६० | ६० माथि |
| महिला | | | | |
| पुरुष | | | | |
| जम्मा | | | | |

(ख) आर्थिक विवरणत्मक प्रश्नहरु

१. तपाईको आम्दानीको स्रोतहरु के के हुन ?

आम्दानीका स्रोतहरु वार्षिक आम्दानी (रु.मा)

(क) कृषि ......................

(ख) जागिर ..... ..............

(ग) उद्योग .........................

(घ) व्यापार ............................

(ङ) वैदेशिक रोजगार .........................

(च) अन्य ......................

२. तपाईको आम्दानी बाट प्राप्त कुन कुन क्षेत्रमा खर्च गर्नु हुन्छ ?

खर्चका स्रोतहरु खर्च रकम रु.

(क) खाद्यान्न ..........................

(ख) शिक्षा

(ग) स्वास्थ्य

(घ) चाडपर्व

(ङ) अन्य

३.गोठपानी बचत तथा ऋण सहकारीमा कहिले देखि सहभागी हुनुभयो ?

..........................................................................................

४. तपाईको परिवारले यस सहकारीमा कति वचत गर्नुभएको छ ?

..............................................................

५.सहकारी वाहेक कुन कुन संस्थामा वचत गर्नु भएको छ ?

..............................................................................

६. गोठपानी बचत तथा ऋण सहकारीमा किन सहभागी हुनु भयो ?

(क) ऋण प्राप्त गर्न (ख) आत्मनिर्भर बन्न

(ग) साक्षरताका लागि (घ) छिमेकी सदस्य भएकोले

७. गोठपानी बचत तथा ऋण सहकारीमा आवद्ध हुनुभन्दा पहिले कोसँग ऋण लिनु भएको थियो ?

(क) वैंक बाट (ख) साहूमहाजन बाट

(ग) आफन्त सँग (घ) अन्य सँग

८. तपाइले गोठपानी बचत तथा ऋण सहकारी बाट कुन कुन उद्देश्यका लागी ऋण लिनु भएको छ ?

(क) शिक्षा (ख) स्वास्थ्य

(ग) व्यापार (घ) कृषि (ङ) अन्य

९.तपाइले यस संस्थाबाट ऋण लिई व्यावसाय गर्नु भएको छ ?

१०. ऋण लिएर कुन कुन व्यवसाय गर्नु भएको छ ?

(क) ……………..

(ख)………………

(ग)……………

११. ती व्यावसायको आम्दानी, खर्च र वचत के कति छ ?

| क.स. | व्यावसाय | आम्दानी | खर्च | वचत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

१२. यस संस्थाबाट लिनुभएको ऋणको व्याजदर तपाईलाई कस्तो लाग्छ ?

(क) सस्तो (ख) महंगो (ग) सामान्य

१३. यस संस्थाबाट लिएको ऋण उद्देश्य अनुसार नै खर्च गर्नुहुन्छ ?

……………………………

१४. यस संस्थाबाट लिएको ऋणको कार्यान्वयन गर्दा सम्वन्धित निकाय बाट निरीक्षण हुन्छ ?

…………………………………………………………

१५.तपाईले यस संस्थामा सहभागी भएपछि कुनै आयमूलक तालिम लिनुभएको छ ?

छ भने कुन कुन तालिम ?

…………………………………………………………………………….

१६. यस सहकारीमा सदस्य भएपछि के फाइदा भएको छ ?

............................................................

१७. यस सहकारी संस्थाका समस्याहरु के के रहेको छ ?

...............................................................................................

.........................................................................................

**(ग) शैक्षिक विवरणत्मक प्रश्नहरु**

**१८.**तपाईले आफ्नो बालबालिकालाई कति वर्षको उमेरदेखि विद्यालय पठाउनुभयो ?

....................................................................

१९. हाल तपाईका बालबालिकाहरु कति वर्षका कुन कुन तहमा कति जना अध्ययनरत हुनुहुन्छ ?

| क्र.स. | तह | वर्ष | संख्या |
|---|---|---|---|
| १ | प्रा.वि. | | |
| २ | नि.मा.वि. | | |
| ३ | मा.वि. | | |
| ४ | उ.मा.वि. | | |
| ५ | उच्च शिक्षा | | |

२०. तपाईको बालबालिका कुन शिक्षण संस्थामा अध्ययनरत छन् ?

(क) सरकारी (ख) निजी

२१. सहकारी संस्थामा भएपछि तपाईको परिवारको शैक्षिक स्थितिको प्रभाव कस्तो परेको छ ?

.........................................................................................

## अनुसूची - २

गोठपानी वचत तथा ऋण सहकारी संस्था लि.मा संलग्न अध्यक्षको लागि तयार पारिएको
**प्रश्नावल**

१. सहकारीको नाम :

२. ठेगााना :

३. दर्ता नं. :

४. सहकारीका उद्देश्यहरु के के हुन ?

५.सहकारी का कार्यक्रमहरु के के छन ?

६.अध्ययक्षका मूख्य जिम्मेवारी के के हुन ?

७. यस सहकारी संस्थाको वचत नीति के छ ?

९. यस सहकारीका ऋण नीति के छ ?

१०.यस सहकारी सस्थामा के के समस्याहरु रहेका छन् ?

११.समस्या समाधनका लागि गर्नु भएका प्रयासहरु के गर्नु भयो ?

१२. सहकारी संस्थाले गरेका राम्रा कामहरु के के छन् ?

१३. सहकारीले भविश्यमा के के सुधार गर्नु पर्ला ?

१४. सहकारी द्वारा प्रदान गरिएको तालिम वा सीप के के हुन ?

१५. तपाईले सदस्यबाट के के सहयोग पाउनुभयो ?

अनुसूची –३

## अवलोकन फारम

अवलोकन घर नं.

घरमूलीको नाम :  ....................                    ठेगाना :.......................

१. शेयर सदस्यले सञ्चालन गरेको व्यवसाय

२. घरको प्रकार

३. पशुपालनको अवस्था

४.खेतिपातिको अवस्थ

५.बालबालिकाको सरसफाइ

६.ऋण लिएर सञ्चालन गरेको व्यवसायको अवस्था

७. नगदेबालीको अवस्था

# अनुसूची –४

## लक्षित समूह छलफलमा लागि तयार गरिएको छलफल निर्देशिका

सहभागिको नाम : ठेगाना :

१. तपाईको सहकारी को स्थापना कहिले भएको हो ? सहकारी को परिचय समेत

२. यस सहकारी संस्थाले सञ्चालन गरेका कार्यक्रमहरु के के हुन ?

३. यस सहकारी संस्थाको वचत नीति के छ ?

४. यस सहकारीका ऋण नीति के छ ?

५.यस सहकारी सस्थामा के के समस्याहरु रहेका छन् ?

६.समस्या समाधनका लागि गर्नु भएका प्रयासहरु के गर्नु भयो ?

७. सहकारी संस्थाले गरेका राम्रा कामहरु के के छन् ?

८. सहकारीले भविश्यमा के के सुधार गर्नु पर्ला ?

९. सहकारीमा लाग्नुको उद्देश्य के हो ?

१०. सहकारी द्वारा प्रदान गरिएको तालिम वा सीप के के हुन ?